


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।
कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)









# नयाँ अनुहार खोज्दै जनता

**नेपाल समाचारपत्र**

काठमाडौं

नेकपा एमाले र नेकपा माओवादी केन्द्रभित्र वर्तमान राष्ट्रपति, उपराष्ट्रपति र सभामुख दोहोऱ्याउने गृहकार्य शुरू भएको छ। नयाँ सरकार गठनसँगै पद बाँडफाँडको विषयमा एमाले र माओवादीभित्र गृहकार्य शुरू भएको हो।

अब बन्ने नयाँ राष्ट्रपति, उपराष्ट्रपति र सभामुखमा पुन: वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी, उपराष्ट्रपति नन्दबहादुर पुन र निवर्तमान सभामुखमा ओनसरी घर्तीले लबिङ थाल्नुभएको छ। संविधानमा दुई कार्यकालसम्म राष्ट्रपति बन्न पाउने प्रावधान भएपछि भण्डारी दोस्रो कार्यकाल राष्ट्रपति बन्नका लागि आफैं लबिङमा जुट्नुभएको हो।

एमालेका अध्यक्ष केपी शर्मा ओलीले पुन: भण्डारीलाई नै राष्ट्रपति बनाउनुपर्ने अडान लिँदै आउनुभएको छ। तर एमालेभित्र वरिष्ठ नेता झलनाथ खनालले पनि चासो देखाउनुभएको छ। एमालेभित्र नयाँ जनादेशअनुसार भण्डारीलाई नै दोस्रोपटक राष्ट्रपति बनाउनुको सट्टा वरिष्ठ नेता खनाललाई बनाउनुपर्ने दबाब ओलीमाथि परेको छ।

राष्ट्रपति बनाउनका लागि ओली सकारात्मक भएपछि राष्ट्रपति भण्डारीले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई प्रभावमा पार्ने खेलमा लागेको बताइएको छ। केही दिनअघि राष्ट्रपति भण्डारीले प्रचण्ड परिवारलाई डिनरसहितको भेटघाट गर्नुभएको थियो। प्रचण्ड परिवारलाई आफ्नै निवासमा दिएको डिनर पार्टीलाई निकै अर्थपूर्णरूपमा हेरिएको छ। राष्ट्रपति भण्डारीले एमाले र माओवादी केन्द्रका प्रभावशाली नेताहरूलाई समेत दोस्रो कार्यालय पुन: राष्ट्रपति बनाउका लागि सहयोग गर्न लबिङ गरिरहेको राष्ट्रपति निवास स्रोतले बतायो।

एमालेभित्र महासचिव ईश्वर पोखरेल, उपमहासचिव विष्णु पौडेल, सचिव प्रदीप ज्ञवाली, नेता शंकर पौडेललगायतलाई पार्टीभित्र वातावरण बनाउन भूमिका खेल्नसमेत राष्ट्रपतिले आग्रह गरेको बताइएको छ। एमालेका नेतासँगै माओवादी केन्द्रका प्रभावशाली नेताहरूसँग पनि दोस्रो कार्यकाल राष्ट्रपति बन्न सहयोग गर्न आग्रह गरेको स्रोतको दाबी छ।

> दलहरू राष्ट्रपति, उपराष्ट्रपति, सभामुख दोहोऱ्याउने दाउमा
>
> नयाँ राष्ट्रपतिमा खनाल र उपराष्ट्रपतिमा शेरचनको दौड

राष्ट्रपति भण्डारी दोहोरिए माओवादी केन्द्रबाट उपराष्ट्रपति बन्नुभएका नन्दबहादुर पुन पनि दोहोरिने सम्भावना रहेको छ। तर, उपराष्ट्रपति बन्नका लागि माओवादी केन्द्रका नेता अमिक शेरचनले पनि पार्टीभित्र लबिङ शुरू गर्नुभएको छ। माओवादी केन्द्रका एक नेताले भने- 'एउटै व्यक्ति दोहोऱ्याउने विषय राम्रो होइन, नयाँ अनुहारलाई नै उपराष्ट्रपति बनाउनुपर्छ।'

उपराष्ट्रपति पुनले पनि दोस्रो कार्यकाल लिने पक्षमा लबिङ शुरू गर्नुभएको छ। सभामुख बन्नका लागि वर्तमान सभामुख ओनसरी घर्तीले पनि गृहकार्य गर्नुभएको बताइएको छ। प्रतिनिधिसभामा समानुपातिक सूचीमा रहनुभएका घर्ती प्रतिनिसभा सदस्यमा सिफारिस हुने निश्चित छ। घर्तीले पनि दोस्रोपटक सभामुख बन्ने चाहना व्यक्त गरेको माओवादी केन्द्रका एक नेताले बताए। तर निर्वाचनको मत परिणामअनुसार एमालेले माओवादीलाई सभामुख दिन नहुने पक्षमा पनि छलफल शुरू भएको छ। वाम गठबन्धनभित्र एमालेले सभामुख लिए माओवादी केन्द्रले उपसभामुखमा चित्त बुझाउनुपर्ने अवस्था रहेको माओवादी केन्द्रका ती नेताले बताए।

निर्वाचनको मत परिणामअनुसार एमालेले राष्ट्रपति, माओवादीले उपराष्ट्रपति र सभामुख पाउनुपर्ने दाबी गरेको छ। राष्ट्रपतिका लागि माओवादी केन्द्रका कुनै पनि नेताले अहिलेसम्म चासो देखाएका छैनन्। माओवादी केन्द्रका नेता रामबहादुर थापा बादलको चर्चा भए पनि उहाँलाई राष्ट्रियसभा सदस्य बनाउने गृहकार्य शुरू भएको छ।

यसअघि पनि एमालेबाट झलनाथ खनाल राष्ट्रपति बन्ने चर्चा भएको थियो। तर अध्यक्ष ओलीले उपाध्यक्ष र महिला भएको हैसियतमा पहिलो महिला राष्ट्रपति बनाउनुपर्ने अडान लिएपछि खनाल पछि हट्नुभएको थियो। खनालले आफू राष्ट्रपति बन्नका लागि तयार रहेको बताउँदै आउनुभएको छ। एमाले र माओवावादी केन्द्रबीच पार्टी एकताको प्रक्रिया अगाडि बढ्दा ओली र प्रचण्डको व्यवस्थापनसँग पूर्वप्रधानमन्त्रीसमेत रहेका वरिष्ठ नेता खनाल र नेता माधवकुमार नेपालको व्यवस्थापन चुनौतीपूर्ण देखिएको छ। एमालेभित्र नेताहरूको व्यवस्थापन गर्न पनि खनाललाई यसपटक राष्ट्रपति बनाउनुपर्ने बहस शुरू भएको छ।

(क्रमश: पृष्ठ ९ मा)

## कांग्रेसमा किचलो

# संसदीय समिति खारेज गर्न माग

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाली कांग्रेसभित्र संसदीय समिति र कार्यसम्पादन समिति विधान विपरीत भएको भन्दै ती समिति भंग गर्न सभापति देउवामाथि दबाब परेको छ। संसदीय समिति र कार्यसम्पादन समिति खारेज गर्न गुटगत भेला गरी दबाब दिइरहेका नेताहरूले समसामयिक राजनीतिको विषयमा प्रधानमन्त्रीसमेत रहेका सभापति शेरबहादुर देउवाले बोलाएको शीर्ष नेताहरूको बैठकमा आवाज उठाउन थालेका छन्।

सोमबार प्रधानमन्त्री तथा सभापति देउवाले प्रदेश प्रमुखको नियुक्ति र अस्थायी राजधानी तोक्नेबारे बोलाएको पार्टीका शीर्ष नेताहरूको बैठकमा पनि विधान विपरीत भएको भन्दै कार्यसम्पादन समिति र संसदीय समिति भंग गर्न माग गरिएको थियो।

सभापति देउवाको अध्यक्षतामा गठित २९ सदस्यीय कार्यसम्पादन समितिमा वरिष्ठताको आधारमा रामचन्द्र पौडेल, डा. शशांक कोइराला, सीतादेवी यादव, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, गोपालमान श्रेष्ठ, विमलेन्द्र निधि, कुलबहादुर गुरुङ, खुमबहादुर खड्का, चित्रलेखा यादव, पूर्णबहादुर खड्का, रामशरण महत, अर्जुननरसिंह, बलबहादुर केसी, महेश आचार्य, नरहरि आचार्य, प्रदीप गिरी, बालकृष्ण खाँण, ज्ञानेन्द्रबहादुर कार्की, रमेश रिजाल, डा. नारायण खड्का, डा. मीनेन्द्र रिजाल, डा. प्रकाशशरण महत, फरमुल्लाह मंसुर, मानबहादुर विश्वकर्मा, सुजाता कोइराला, दिलेन्द्रप्रसाद बडू र एनपी साउदलाई सदस्यमा राखिएको छ। यीमध्ये महामन्त्री कोइराला र कोषाध्यक्ष यादव पदेन सदस्य हुन्।

> विधानत: सभापति, महामन्त्री, उपसभापति, कोषाध्यक्ष र सह-महामन्त्रीबाहेक ८ जना सदस्य रहने भए पनि आन्तरिक भागवण्डा मिलाउन सभापति देउवाले विधानले तोकेभन्दा बढी सदस्य रहेको संसदीय समिति बनाउनुभएको थियो।

संसदीय समिति गठन गरेकै बेला डा. शेखर कोइरालाले चर्को विरोध गर्नुभएको थियो। यो समितिमा वरिष्ठताको आधारमा सदस्य राखिएको भनिए पनि सभापति देउवाले भागवण्डाको आधारमा सदस्य चयन गरेको कोइरालाको आरोप थियो। यसैगरी हालै सम्पन्न निर्वाचनपूर्व गठन गरिएको २२ सदस्यीय संसदीय समिति पनि विधान विपरीत भएको भन्दै ती समिति भंग गर्न देउवालाई दबाब परेको छ। संसदीय समितिमा सभापति देउवा, महामन्त्री डा. कोइराला, कोषाध्यक्ष यादव, वरिष्ठ नेता पौडेल, निधि, खड्का, श्रेष्ठ, सिंह, सिटौला, पूर्णबहादुर खड्का, केसी, डा. महत, डा. प्रकाशशरण महत, खाँण, कार्की, आचार्य र चित्रलेखा यादव रहेका थिए। सो समितिमा पछि फेरि ५ सदस्य थप गरिएको थियो। जसमा डा. शेखर कोइराला, डा. मीनेन्द्र रिजाल, फरमुल्ला मन्सुर, एनपी साउद र मीन विश्वकर्मालाई राखिएको थियो।

(क्रमश: पृष्ठ ९ मा)




# कानुन अभावमा ४० करोड 'फ्रिज'

टीका बन्धन, काठमाडौं

आवश्यक ऐन, कानुन नबन्दा वन विकास कोषमा जम्मा भएको ४० करोड रुपियाँभन्दा बढी रकम सदुपयोग हुनसकेको छैन।

नर्सरी स्थापना, वृक्षरोपणदेखि वन उद्यम र वनका विविध उत्पादन बजारसम्म पुऱ्याउनेलगायत वन र वनक्षेत्रको समग्र पक्षलाई समेट्न आवश्यक पर्ने बजेट र प्राविधिक सहयोग उपलब्ध गराउने उद्देश्य राखी स्थापित उक्त कोष आवश्यक ऐन-कानुन नहुँदा निष्प्रभावी भएको हो। सरकारले प्रतिबद्धता गरेअनुसारको रकम कोषमा जम्मा नगर्दा र कानुन नबनाउँदा अहिलेसम्म कोष सञ्चालन हुन नसकेको काठ व्यवसायीहरू बताउँछन्।

तत्कालीन वनमन्त्री मातृका यादवको कार्यकालमा उक्त कोष स्थापना भएको थियो। कोषलाई मूर्तरूप दिन सरकार र निजीक्षेत्र (काठ व्यवसायी)बाट समान ५०/५० प्रतिशत रकम जम्मा गर्ने सहमति भएको थियो। सोही सहमतिअनुसार मुलुकभरका व्यवसायीले प्रतिक्युफिट काठमा ५ रुपियाँका दरले उठाएको शुल्क ४० करोड रुपियाँभन्दा बढी जम्मा भएको काठ व्यवसायी कपिल अधिकारी बताउनुहुन्छ।

उहाँ पनि कोष सञ्चालनका लागि २०६४ मा छुट्टै निर्देशिका तयार हुँदासमेत सरकारका तर्फबाट प्रतिबद्धताअनुसारको रकम जम्मा नभएको र कानुन बनाउन गम्भीरता नदेखाइएको गुनासो गर्नुहुन्छ। 'ऐन-कानुनको अभाव देखाउँदै वन मन्त्रालय पन्छिएकाले आफूहरूले जम्मा गरेको ४० करोड रुपियाँभन्दा बढी रकम बेवारिसे बन्यो।' -अधिकारीको भनाइ छ।

(क्रमश: पृष्ठ ९ मा)

## सम्पूर्ण मिडियामाथिको आक्रमण हो : सिरोहिया

काठमाडौं, (नेस)



कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियाले व्यवसायी अजेयराज सुमार्गीले दिएको अभिव्यक्तिलाई सम्पूर्ण मिडियामाथिको आक्रामण भएको बताउनुभएको छ।

व्यवसायी सुमार्गीले सोमबार पत्रकार सम्मेलन गर्दै कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष सिरोहियामाथि आक्रमक शैलीमा प्रस्तुत हुँदै अपाच्य शब्दहरू प्रयोग गरिएको सिरोहियाको दाबी छ। सुमार्गीविरुद्ध आफूले गाली बेइज्जतीको मुद्दा हाल्ने तयारी गरेको पनि उहाँले बताउनुभयो। 'पत्रकारले समाचार खोजेर प्रकाशन गरेको विषयलाई व्यक्तिगत रूपमा रिस साँधेको भन्नु सम्पूर्ण मिडियामाथिको आक्रमण हो।' -ग्रुपका अध्यक्ष सिरोहियाले *नेपाल समाचारपत्र*सँगको कुराकानीमा बताउनुभयो।

सिरोहियाले आफूले धम्की दिएको कुरा निराधार रहेको बताउनुभयो। 'मैले उहाँलाई जग्गा बेचेको होइन। नेपाल इन्भेस्टमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृतमार्फत बेचेको हुँ', उहाँले भन्नुभयो- 'मैले उहाँलाई ३ वर्षदेखि सम्पर्क गरेको छैन। कसरी धम्की दिन्छु होला त? धम्की दिएकै भए रेकर्ड, एसएमएस, फ्याक्स केही त होला नि?'

## वैधानिकरूपमा विदेशी लगानी भित्र्याएको हुँ : सुमार्गी

काठमाडौं, (नेस)



मुक्ति श्री प्रालिका अध्यक्ष अजेयराज सुमार्गीले आफूले प्रचलित कानुनबमोजिम नै वैदेशिक ऋण एवम् लगानी भित्र्याएको दाबी गर्नुभएको छ।

'सरकारका निकायबाट कानुनबमोजिम सो लगानी भित्र्याएको हुँ', सोमबार आयोजित पत्रकार सम्मेलनमा उहाँले थप दाबी गर्नुभयो- 'सबै रकम बैंकमार्फत पारदर्शी ढंगले ल्याएको छु। ल्याएको र ल्याउने क्रममा रहेको रकमबारे सरकारी निकायलाई जानकारी गराएको छु।'

पत्रकार सम्मेलनमा व्यवसायी सुमार्गीले कान्तिपुर पब्लिकेसनका अध्यक्ष कैलाश सिरोहियाप्रति आरोप लगाउँदै भन्नुभयो- '२०७० सालमा बेचेको जग्गा पुरानै मूल्यमा पाउनुपर्छ भनेर उहाँले पटक-पटक दबाब दिनुभयो। म त्यसमा सहमत नभएपछि आफ्ना मिडिया प्रयोग गरेर जनतामा भ्रम छर्नुभयो।'

आफ्नो परिवार २०२९ सालदेखि व्यवसायमा सक्रिय भएको बताउँदै व्यवसायी सुमार्गीले एक दशकयता वैदेशिक ऋण एवम् लगानीलाई समेत व्यावसायिक आधार बनाएको स्वीकार्नुभयो। व्यवसायी सुमार्गीले सिरोहियाविरुद्ध अदालतमा मुद्दा दायर गर्नुभएको छ भने, जिल्ला प्रशासन कार्यालय काठमाडौं र प्रेस काउन्सिल नेपालमा उजुरीसमेत दिइसक्नुभएको छ।

# महानगर



अंग निकाल्ने काम जतिसक्दो चाँडो ब्रेन डेथ हुनासाथ गर्नुपर्छ नत्र अंगले काम गर्दैन। अंग निकान्नुपूर्व रगतको परीक्षण गरी बिरामीमा क्रसम्याच गर्नुपर्ने हुन्छ। क्रसम्याचमा जसलाई मिल्छ उसैलाई प्रत्यारोपण गर्ने हुनाले दुवै पक्ष तयारी अवस्थामा हुनुपर्छ।



# मानव अंग प्रत्यारोपण ऐनले स्वास्थ्यमा ल्याएको खुसी

भगवती तिमल्सिना
bgtimilsina@yahoo.com

सरकारले मानव अंग प्रत्यारोपणसम्बन्धी ऐन पारित भएर कार्यान्वयनमा ल्याउन देखापरेको समस्याको निकासका लागि नियमावली २०७३ पारित गरेको छ। नियमावली पारितसँगै नेपालमा ब्रेन डेथ भएका मानिसबाट विभिन्न अंगहरू निकालेर अर्को व्यक्तिमा प्रत्यारोणको बाटो खुलेको छ।

एक वर्षअघि तत्कालीन स्वास्थ्यमन्त्री गगनकुमार थापा स्वास्थ्यमन्त्री हुनुभएकै समयमा स्वास्थ्य मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले १० वर्षदेखि अल्झिएर बसेको मानव अंग प्रत्यारोपणसम्बन्धी नियमावलीलाई पारित गरेको हो। यो नियमावली पारित गराउन स्वास्थ्यमन्त्री थापाको सक्रियतामा प्रधानमन्त्रीसहित मन्त्रिपरषद् कार्यालयका उच्च अधिकारी, मानव अंग प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठलगायतको साथ र सहयोग उत्तिकै महत्त्वपूर्ण रहेको थियो।

पछिल्लो समय धेरै मानिस सर्नेभन्दा नसर्ने रोग, मृगौला फेल हुने, मुटुको भल्ब फेर्नुपर्ने, फोक्सो र कलेजोको समस्याबाट ग्रसितको संख्या ह्वात्तै बढेको छ। यही विषयलाई मध्येनजर गरी कानुननै पारित गरी व्यवहारमा समेत लागू भइसकेको अवस्था छ।

नियमावली पारितसँगै दुर्घटना तथा अन्य कारणबाट हुने ब्रेन डेथ (मस्तिष्क मृत्यु) भएका मानिसको अंगलाई प्रत्यारोण गर्न पाइएको हो। यो ऐन पारित भएलगत्तै अंगदान र प्रत्यारोपणमा सहज भएको डा. श्रेष्ठ बताउनुहुन्छ।

डा. श्रेष्ठका अनुसार नियमावली बनेपछि अब प्रत्यारोपणको पर्खाइमा बसेकालाई सहज भएको छ। विभिन्न अध्ययनको तथ्यांकअनुसार काठमाडौं उपत्यकामा मात्रै हरेक वर्ष १ हजार जनाभन्दा बढीको ब्रेन डेथपछि मृत्यु हुने गरेको छ। ब्रेन डेथपछि मृत्यु भएकाबाट दुई वटा मृगौला, दुई वटा फोक्सो, मुटु, प्याङ्क्रियाज, सानो आन्द्रा, आँखा, छालालगायतका ८ वटा मानव अंगलाई अर्को व्यक्तिमा प्रत्यारोपण गर्न सकिन्छ। ८ वटा अंग प्रत्यारोपण गर्न मिल्ने भए पनि नेपालमा तत्कालका लागि मृगौला प्रत्यारोपणलाई प्राथकिमता दिँदै आएका छौं। यसो भन्नुको अर्थ अन्य अंगा प्रत्यारोपणमा ध्यान नदिने भन्न खोजिएको हैन। नियमावली पारित हुनासाथै नेपालमा पहिलोपटक कलेजो प्रत्यारोपणमा पनि मानव अंग प्रत्यारोपण केन्द्रले सफलता हासिल गरिसकेको छ।

अंग प्रत्यारोपण ऐन तथा नियमावलीले परिवारकै सदस्यले अंग दान गर्नुपर्ने साँघुरो दायरालाई फराकिलो पार्दै साटासाटसम्म गर्न सक्ने आधार तय गरेकाले अबका दिनमा आर्थिक अभावका कारण अंगदान गर्ने दाता नपाएर मृत्युवरण गर्नुपर्ने अवस्थालाई सहज बनाएको छ। मानव अंग प्रत्यारोपण केन्द्रले २०६९ वैशाख ११ गतेदेखि २०७४ पुस ३० गतेसम्म ३ सय ८९ जनाको मृगौला प्रत्यारोपण गरिसकेको छ। यसका साथै हर्ट सर्जरी, इन्डस्कोपिक अल्ट्रा साउन्ड जस्ता सेवा प्रदान गर्न सरकारी अस्पताल सफल भएको छ।

ब्रेन डेथ भएकाको परिवारका सदस्यहरूले अंगदान गर्ने अनुमति दिएमा वा मृतकले मृत्युपूर्व अंगदान गर्ने अनुमति दिएको अवस्था ब्रेन डेथ भएका मृतकको अंगलाई प्रत्यारोपण गर्न सकिनेछ। नियमावलीमा यस्ता व्यक्तिको मृत्यु भएमा तत्काल सम्बन्धित अस्पतालले मानव अंग प्रत्यारोपण केन्द्रलाई खबर गर्नुपर्ने र अंग प्रत्यारोपण गर्नुपर्ने व्यक्तिले केन्द्रमा सूचीकृत हुनुपर्ने व्यवस्था गरिएको छ। तर, व्यवहारिकरूपमा खबर गर्ने प्रचलनलाई सहज बनाउन सरकार र समाजका अगुवाहरूको विशेष पहलको खाँचो टड्कारोरूपमा देखिएको छ। मानव अंग प्रत्यारोपण केन्द्रले ब्रेन डेथ भएकाको अंगलाई सुरक्षित तबरले निकाल्ने र तत्काल प्रत्यारोपण गर्न तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मीको समूह नै व्यवस्थित गरिसकेको डा. श्रेष्ठ बताउनुहुन्छ।

> “नेपाल सरकारले मस्तिष्क मृत्यु भएको घोषणा भएका व्यक्तिको अंग निकाल्न, व्यवस्थापन गर्न र समन्यात्मक भूमिका खेल्नका लागि मानव अंग प्रत्यारोपण केन्द्र भक्तपुरलाई अख्तियारी दिएको छ। हालै पारित नियमावलीमा कुनै पनि व्यक्तिको मस्तिष्क मृत्युपश्चात् मानव अंग प्रत्यारोपण केन्द्रको समन्वय इकाइमा तत्काल सम्पर्क गरी आधिकारिक रेकर्ड अध्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ।”

नियमावली पारितसँगै दुर्घटना तथा अन्य कारणबाट हुने ब्रेन डेथ (मस्तिष्क मृत्यु) भएका मानिसको अंगलाई प्रत्यारोण शुरु भइसकेको छ। मानवको मृत्युपछि जलेर वा गलेर नष्ट हुने अंग दान गर्दा अर्को व्यक्तिको जीवन बचाउन सक्ने महान् कार्य जीवनदान हुनुका साथै व्यक्तिको भौतिक शरीर मरे पनि अंग जीवितै रहने हुनाले अंग दानका क्षेत्रमा हरेक क्षेत्रबाट जनचेतना जगाउनुपर्ने डा. श्रेष्ठ बताउनुहुन्छ। मानव अंग दान गर्नेहरूमा पूर्वस्वीकृति दिनेमा पूर्वराष्ट्रपति डा. रामवरण यादव, पूर्वमुख्यसचिव लीलामणि पौडेललगायतका थुप्रै कलाकार, नेता, सर्वसाधारणले अंग दानको स्वीकृति दिइसकेका छन्।

## अंग निकाल्ने प्रक्रिया

नेपाल सरकारले मस्तिष्क मृत्यु भएको घोषणा भएका व्यक्तिको अंग निकाल्न, व्यवस्थापन गर्न र समन्यात्मक भूमिका खेल्नका लागि मानव अंग प्रत्यारोपण केन्द्र भक्तपुरलाई अख्तियारी दिएको छ। हालै पारित नियमावलीमा कुनै पनि व्यक्तिको मस्तिष्क मृत्युपश्चात् मानव अंग प्रत्यारोपण केन्द्रको समन्वय इकाइमा तत्काल सम्पर्क गरी आधिकारिक रेकर्ड अध्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ। 'मृगौलालगायतका कानुनमा व्यवस्था भएका अंगसम्बन्धी समस्या भएका व्यक्तिले पनि समन्वय इकाइमा आफ्नो समस्या दर्ता गराउनुपर्छ। यसकै आधारमा समन्वय इकाइले कुन प्रयोगकर्तासँग अंग मेल खान्छ उसैलाई प्राथमिकतामा राखी अंग निकाल्ने र प्रत्यारोपण गर्ने गरिन्छ -मानव अंग प्रत्यारोपण केन्द्रका निर्देशक डा. श्रेष्ठ बतानुहुन्छ।

नियमावलीमा उल्लेख भएअनुसार महिलालाई विशेष प्राथमिकता, ब्रेन डेथ भएको व्यक्ति र पीडित व्यक्तिको उमेर समान भएकाले प्राथमिकता पाउँछन्। यदि यस्तो नभएमा अर्को व्यक्तिलाई छनोट गर्न स्कोरिङ सिस्टमको आधारमा प्राथमिकता पाउँछ। अंग प्रत्यारोपणका लागि समन्वय गर्ने अख्तियारी प्राप्त संस्थाले गर्नुपर्नेछ।

ब्रेन डेथ घोषणा कसले गर्छन्

अंग निकाल्नुपूर्व ब्रेन डेथ घोषणाका लागि उपचारमा संलग्न नभएको विशेषज्ञ, प्रमुख जिल्ला अधिकारी, बिरामीको आफन्तलगायतको टोली रहने व्यवस्था गरिएको छ। टोलीले ब्रेन डेथ भएको घोषणा गरेसँगै आफन्तको स्वीकृतिमा अंग निकालेर अर्को व्यक्तिको जीवन बचाउन मद्दत मिल्नेछ। यसका लागि तत्काल अंग निकाल्नुपर्ने हुनाले पोस्टमार्टम गर्नुअघि निकाल्न मिल्ने व्यवस्थाका लागि समेत सोही समितिले स्वीकृति दिनुपर्ने हुन्छ।

## कुन अंग कति समयभित्र प्रत्यारोपण गरिसक्नुपर्छ

अंग निकाल्ने काम जतिसक्दो चाडो ब्रेन डेथ हुनासाथ गर्नुपर्छ नत्र अंगले काम गर्दैन। अंग निकान्नुपूर्व रगतको परीक्षण गरी बिरामीमा क्रसम्याच गर्नुपर्ने हुन्छ। क्रसम्याचमा जसलाई मिल्छ उसैलाई प्रत्यारोपण गर्ने हुनाले दुवै पक्ष तयारी अवस्थामा हुनुपर्छ। शल्यक्रिया गर्ने कक्ष अत्यन्तै राम्रो संक्रमण नहुने खालको हुनुपर्छ। अंग निकालेर स्पेसल आइस बक्समा राखेर प्रत्यारोपण गर्ने अस्पतालसम्म ल्याउनुपर्ने हुन्छ।

'यस्तो अवस्थामा निकालिएको मृगौला २४ घण्टाभित्र प्रत्यारोपण गरिसक्नुपर्ने हुन्छ। प्रक्रिया पूरा गरी ८ देखि १० घण्टामा ल्याउन सकिन्छ। त्यस्तै कलेजो प्याडक्रियाज १० देखि १२ घण्टाभित्र, मुटुको ४ घण्टाभित्र प्रत्यारोपण गरिसक्नुपर्छ। तत्कालका लागि हवाई सेवा नभएका दुर्गम भेगबाट अंग निकालेर ल्याउन सम्भव छैनु -डा. श्रेष्ठ भन्नुहुन्छ।

## यस्ता व्यक्तिको ब्रेन डेथपछि अंग निकाल्न मिल्दैन

दीर्घरोगी, सरुवा रोग लागेका व्यक्ति, एचआईभी एड्स भएका व्यक्तिको भने अंग निकाल्न मिल्दैन। तर, २ वर्षअघि भने अमेरिकाको एक अस्पतालमा एचआईभी संक्रमित भएको व्यक्तिको मस्तिष्क मृत्यु हुँदा अर्को एचआईभी संक्रमितलाई सफलतापूर्वक मृगौला प्रत्यारोपण गरिएको तथ्य सञ्चारमाध्यमबाट सार्वजनिक भएको थियो।

## कलेजो प्रत्यारोपण कानुनको पारित र कार्यान्वयनको थालनी

नेपालमा पहिलोपटक कलेजो प्रत्यारोपण कानुन पारित हुनासाथै १ वर्ष पहिला मानव अंग प्रत्यारोपण केन्द्र भक्तपुरमा बलराम नागालाई गरिएको कलेजो प्रत्यारोपण नेपालमै गरिएको पहिलो प्रत्यारोपण हो। ३६ वर्षीय नागालाई उनकी ४२ वर्षीया दिदी सानुमाया लागेजुले कलेजो उपलब्ध गराउनुभएको थियो।

कलेजो प्रत्यारोपणको शल्यक्रियमा कोरिया सामसुङ मेडिकल सेन्टरका ७ सदस्यीय विशेषज्ञ टोली डा. डेभिन कोनको नेतृत्वमा सहभागी रहेको थियो। नेपाली चिकित्सकको नेतृत्व मानव अंग प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक तथा मृगौला रोग विशेषज्ञ डा. पुकारचन्द्र श्रेष्ठले गर्नुभएको थियो। शल्यक्रियामा मुटुरोग विशेषज्ञ डा. मोहनदेव भण्डारीसहितको १४ जनाको टोलीले ८ घण्टाको अनवरत प्रयासपछि सफल शल्यक्रिया गरेका थिए। कलेजो प्रत्यारोपित व्यक्तिको पूरै कलेजो निकालेर प्रत्यारोपण गरिने भए पनि कलेजो दान गर्ने व्यक्तिको भने ६० प्रतिशत भाग मात्र निकालिन्छ र क्रमशः अन्य भागको मासु पलाएजस्तै कलेजो पलाउँदै जाने उपचारमा संलग्न चिकित्सकले जनाएका छन्।

कलेजो प्रत्यारोपणमा भारतलगायतका अन्य मुलुकमा ६० लाखदेखि १ करोडसम्म खर्च लाग्ने भए पनि नेपालमा १५ लाखको हाराहारीमा प्रत्यारोपण गर्न सकिने डा. श्रेष्ठ बताउनुहुन्छ। नागाको आर्थिक अवस्था पनि अत्यन्तै नाजुक भएकाले प्रत्यारोपणका लागि आवश्यक पर्ने, धागो, सुई, टेपलगायतका सर्जिकल सामानबाहेकको सम्पूर्ण खर्च नेपाल सरकारले नै व्यवस्था गरेको थियो। यो सफलताले कलेजो जस्तो जटिल रोगको शल्यक्रिया नेपालमै गर्न सकिन्छ भन्ने सफल उदाहरण दिएको छ।

नेपालको परिप्रेक्षमा कानुन पारित भएको एक साताभित्रै कलेजो प्रत्यारोपणको क्षेत्रमा सफलता हासिल गरेर मानव अंग प्रत्यारोपण केन्द्रले इतिहास रचेको छ। काम गर्दा समस्यासँग जुध्ने क्षमताको विकासका लागि सरकारले तय गर्ने कानुन स्पष्ट हुनु जरुरी हुने स्वास्थ्य विशेषज्ञहरूको ठम्याइ छ।



समाजद्वारा डा. पुकारको सम्मान

## कलेजो दाता को हुन सक्छ ?

कलेजो दाता कुनै पनि रोगको संक्रमित हुनुहुन्न, जटिल समस्यारहित, मधुमेह वा अन्य कुनै समस्याका कारण कलेजोमा बोसो जमेको हुनुहुन्न। यस्ता व्यक्तिको मात्र कलेजो प्रत्यारोपण गर्न कुनै खालको समस्या नहुने नागाको उपचारमा संलग्न डा. दीपेश गुरुवाचार्य बताउनुहन्छ।

## भविष्यमा कलेजो दान दिने र लिनेको स्वास्थ्य अवस्था कस्तो हुन्छ ?

विश्वमा कलेजो दातामा देखापर्ने जोखिम सून्य दशमलव २ प्रतिशत रहेको छ। कलेजोको विकास छिटो हुने भएकाले दान लिने र दिने दुवैको अंगमा ६ महिनाभित्र ९० प्रतिशत विकास भइसक्छ। यसरी दान लिने र दिने दुवै व्यक्तिले सामान्य व्यक्तिसरह नै आफ्नो काम गर्न सक्ने पनि चिकित्सकहरूको ठम्याइ छ।

नेपालमा यो सुविधा नभएकै कारण गत वर्षको स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार छिमेकी मुलुक भारतमा गएर कलेजो प्रत्यारोपण गर्नेको संख्या ५० जनाको हाराहारीमा रहेको थियो।



नेपालमा व्यवहारिक कानुनको खाँचो रहेको कुरा औंल्याउँदै वरिष्ठ न्युरो सर्जन डा. वसन्त पन्त भन्नुहुन्छ- 'पछिल्लो समय नेपालमा पनि मुटु, ब्रेन स्टोक, मृगौला, लिभरका समस्याका बिरामीको संख्या ह्वात्तै बढेको छ। समाधानका लागि खानपान र बानी व्यहोरामा सुधार गर्नुपर्छ। साथै सहज उपचारका लागि कानुनी व्यवस्थाअनुसार सबै क्षेत्रबाट यसको महत्त्व र मर्मलाई बुझेर व्यहारिक सहजताका लागि भूमिका खेल्नुपर्ने हुन्छ। समाजमा सचेतनाका साथै कानुनको स्पष्ट व्यवस्था भई व्यवहारमा उतार्नुपर्ने देखिन्छ।

मनमोहन कार्डियोलोजीका प्रमुख तथा वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान् कोइरालाले पछिल्लो तथ्यांकलाई औंल्याउँदै भन्नुभयो- 'नेपालमा प्रत्येक वर्ष ३ हजार नयाँ बिरामीको मृगौला फेल हुने गरेको छ भने करिब १ हजार नयाँ बिरामी कलेजो फेलरको शिकार हुने गरेका छन्। साथै नेपालमा करिब ३० लाख मधुमेहका बिरामी रहेको अनुमानको आधारमा भविष्यमा मृगौला फेल भएर अंग प्रत्यारोपण गर्नुपर्ने बिरामीको संख्या अझै बढ्दै जाने निश्चित प्रायः छ। यसैलाई आधार मान्ने हो भने पनि प्रत्येक वर्ष नेपालबाट करिब ६ अर्ब रुपियाँ महँगो अंग प्रत्यारोपणको नाममा बिदेसिने गरेको सहजै अनुमान गरी अंग प्रत्यारोपणको दायरा फराकिलो पार्दै कानुन पारित गरिएको छ। आगामी दिनमा हजारौं नेपालीले प्रत्येक वर्ष अकालमा ज्यान फाल्नुपर्ने बाध्यताबाट जोगाउन सकिन्छ। तर, यसका लागि स्वास्थ्य संस्था, जनशक्ति, उपकरणलगायतको व्यवस्थापन गर्नुपर्ने पाटोमा सरकार कटिबद्ध भएर लाग्नुपर्छ।

पूर्वस्वास्थ्य सचिव डा. प्रवीण मिश्र भन्नुहुन्छ- 'मृगौला प्रत्यारोपण तथा अंग दान र प्रत्यारोपणका विषयमा गाउँ-गाउँमा जनचेतना पुग्नुपर्छ अनि मात्र जनमानसले फाइदा लिन सक्छन्। काठमाडौंमा रहेका सीमित अस्पतालले गाउँको समस्या टर्दैन यसका लागि राज्यले विशेष कार्यक्रम ल्याउनुपर्छ।

'काठमाडौंमा मात्र बर्सेनि करिब १ हजार जनाको मस्तिष्क मृत्यु हुने गरेको तथ्यांक रहेको छ। यी व्यक्तिहरूमध्ये २० प्रतिशतको मात्र अंगहरू प्रत्यारोपण गर्न सकेमा करिब ४ हजार बिरामीले नयाँ जीवन पाउने थिए। यसका लागि जनचेतना र जिम्मेवारी बोधको खाँचो छ। -डा. श्रेष्ठ भन्नुहुन्छ।

कानुनको कार्यान्वयन गर्नुपर्ने निकाय सरकार नै ढुलमुले अवस्थामा हिँडेकै कारण प्रत्येक दिनजस्तो हुने गरेका सडक दुर्घटना र अस्पतालमा उपचारका लागि पुगेका घाइते तथा बिरामीले समयमै सही जानकारी पाउँदैनन्। यिनै कारणले कतिपय अवस्थामा अस्पताल परिसरमा चिकित्सक, कर्मचारीमाथि हातपात गर्ने, भौतिक संरचना तोडफोड गर्ने, बन्द हड्ताल, नाराबाजी गर्ने जस्ता घटना बारम्बार दोहोरिने गरेका छन्। यस्ता विषयमा सरकारले स्पष्ट कानुन र नीति बनाई जनचेतनामूलक कार्य गर्नु जरुरी छ। अस्पताल र बिरामी दुवै पक्षले कानुनको पालना गरे/नगरेको अनुगमन गर्ने निकाय स्वच्छ र निष्पक्ष भई काम गर्ने वातावरणको खाँचो यति बेला टड्कारोरूपमा खड्किएको छ।

कानुन बनाउने र त्यसको पालना गर्ने गराउने नियकाय नै कहिलेकाहीं हतासिँदा भने देश र जनतामा कानुनप्रतिको वितृष्णा आउने गरेको छ। यो अवस्था आउन र भड्किलो हुन नदिन सरकार सधैं सचेत भई कार्यसम्पादनमा लाग्नुपर्ने हुन्छ। यतिबेला देशका स्वास्थ्य संस्थाहरूमा देखापरेका विकृति र विसंगतिले धनीमानीलाई संरक्षण र नाफामुखी व्यवसायको विकासलाई मात्र कानुनी संरक्षण भएको हो कि भन्ने भान पर्न थालेको छ। यो अवस्थाको अन्त्यका लागि सरकार सचेत हुनु जरुरी छ।

यति बेला राज्यको सबै निकायको विभागजन गर्नुका साथै चुनावी प्रक्रियासमेत पूरा गरेर जिम्मेवारी बाँडफाडको खाँका कोरिसकेको अवस्थामा विद्यमान कानुनको पालना गर्दै अघि बढ्नु नै देश र जनताका लागि हितकर हुने देखिन्छ। कानुन पहुँच हुनेका पोल्टामा नभई जनमैत्री हुनुपर्ने कुरामा सबै पक्षले मनन गर्नु जरुरी छ। यतिबेला ३ करोड जनताको स्वास्थ्यका पक्षमा लडिरहेका त्रिवि शिक्षण अस्पतालका प्राडा गोविन्द केसी जस्ता सचेत व्यक्तिलाई धरपकड गरेर अपराधीलाई झैं व्यवहार गरिनु अमर्यादित भएको भन्दै चौचर्फी कडारूपमा विरोध भइरहेको सन्दर्भमा पनि सरकारले गम्भीर भएर कदम चाल्ने बेला आएको छ।



# मिस्टर झोलेलाई २ दिनमा
# १ करोड १० लाख



गत शुक्रबारबाट रिलिजमा आएको फिल्म *मिस्टर झोलेले* २ दिनमा १ करोड १० लाखको कमाइ गरेको छ। फिल्मका सहनिर्माता तथा रंगकर्मी मणिराम पोखरेलका अनुसार *मिस्टर झोलेले* गत शुक्रबार र शनिबार गरी २ दिनमा १ करोड १० लाख रुपियाँ नेट कलेक्सन गरेको छ। उनका अनुसार फिल्मले २ दिनमा काठमाडौं उपत्यकाभित्र ७० लाख र उपत्यकाबाहिर ४० लाख रुपियाँ कलेक्सन गरेको छ।

*कबड्डी, कबड्डी कबड्डी* र *पुरानो डुंगा*जस्ता फिल्मका निर्देशक रामबाबु गुरुङले यस फिल्मबाट अघिल्ला फिल्मभन्दा फरक ढंगको प्रतिक्रिया पाएका छन्। टेकेन खड्का तथा सिनेमा आर्टको प्रोडक्सनमा बनेको फिल्म *मिस्टर झोले*को कार्यकारी निर्माता रौनक विक्रम कँडेल हुन्। फिल्ममा दयाहाङ राई, प्रवीण खतिवडा, विजय बराल, बुद्धि तामाङ, कमलमणि नेपाल, पुष्कर गुरुङ, सरोज अर्याल, दिया पुन, वर्षा राउत, अरुणा कार्की, लक्ष्मी बर्देवा, निरू खड्कालगायतले मुख्य भूमिकामा अभिनय गरेका छन्। शैलेन्द्रध्वज कार्कीले छायांकन गरेको फिल्ममा पार्श्व संगीत रोहित शाक्य, पार्श्व ध्वनि उत्तम न्यौपाने तथा सम्पादन निमेश श्रेष्ठको रहेको छ।

# संगीतकार मुनालको निधन



संगीतकार विजयसिंह मुनालको आकस्मिक निधन भएको छ। उनी घुमघामको सिलसिलामा आफन्तका साथ धनगढीको टीकापुर पुगेका थिए।

आइतबार राति रमाइलो गरी सुतेका उनलाई सोमबार बिहान अचानक मृत अवस्थामा भेटिएको थियो। 'उहाँ हिजो (आइतबार) राति खाना खाएर राम्रैसँग सुत्नुभएको थियो। आज (सोमबार) बिहान ढिलोसम्म नउठेकाले ९ बजेतिर अंकलले उठाउन जाँदा एक्सपायर भएको थाहा भएछ', राजधानीको मध्य बानेश्वरको मितेरी मार्गस्थित निवासमा रहेकी संगीतकार मुनाल पुत्री तथा गायिका वृन्दा मुनालले *नेपाल समाचारपत्र*सँग कुरा गर्दै भनिन्- 'टीकापुरको अस्पताल पनि लगिएको थियो। के रिपोर्ट आयो थाहा छैन, तर उहाँलाई लामो समयदेखि उच्च रक्तचाप भएकाले हर्टअट्याक भएको हो कि भन्ने अनुमान गरेका छौं।' वृन्दाका अनुसार टीकापुरबाट उनको शव सोमबार नै एम्बुलेन्समा रोखर काठमाडौं ल्याइँदै छ र भोलि बिहान ८ बजे पशुपतिस्थित आर्यघाटमा अन्तिम संस्कार गरिनेछ।

२००७ सालमा जन्मिएका मुनाल संगीत सृजनामा मात्र नभई वाद्यवादनमा पनि पोख्त थिए। आधुनिक र राष्ट्रिय गीतका साथमा भजनमा पनि संगीत भर्दै आएका मुनालका ५ दर्जनभन्दा बढी गीत रेडियो नेपालमा रेकर्ड भएका छन् भने रेडियो नेपालबाहिर पनि उत्तिकै गीतहरु रेकर्ड भएका छन्। उनी उदितनारायण झाको सबैभन्दा मिल्ने साथी थिए र उदितनारायणलाई मुम्बईमा स्थापित गर्न उनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। मधु क्षेत्री, विजयसिंह मुनाल र उदितनारायण झालाई त्यस समयमा त्रिमूर्ति भन्ने गरिन्थ्यो। उनले *रगत* नामक फिल्मका लागि पनि संगीत भरेका थिए।

विराटनगरका उत्साही युवाहरु वासुदेव मुनाल, विजयसिंह मुनाल आदि मिलेर विराटनगरमै मुनाल क्लबको स्थापना गरेका थिए, जसको माध्यमबाट पूर्वाञ्चलमा सांगीतिक गतिविधि अघि बढाएका थिए। मुनालपथ आज पनि विराटनगरमा चर्चित छ, उनीहरुले नै नामकरण गरेका हुन्। उनको संगीतमा तारादेवी, प्रेमध्वज प्रधान, उदितनारायण झा, मीरा राणा, मुरलीधर, स्वयम्भूराज शाक्य, ज्ञानु राणा, कुन्ती मोक्तान, प्रदीपराज पाण्डे, मधु क्षेत्री, प्रकाश श्रेष्ठ, रचना जिसी, गोपाल श्रेष्ठदेखि लिएर युवापुस्ताका कलाकारहरुले समेत गीत गाएका छन्। उदितनारायण झाले गाएका तिम्रो अधरले, ए दिल कसको यादमा, तिम्रो बाटो हेर्दा, पर पर सरेको, किन किन तिम्रो यादमा बोलका गीत प्रिय छन् भने प्रेमध्वज प्रधानले गाएको उकालीको एक्लो, तारादेवीले गाएको झरी गए पात, मीरा राणाले गाएको उजाड भयो जिन्दगी, बिर्सुन कसरी, मीरा राणा र रवीन शर्माले गाएको तिम्रो माया, मुरली धरले गाएको हाल दिलको आदि गीत सांगीतिक क्षेत्रका अमूल्य सृजना हुन् उनका। मेरो भन्नु नै यो देश हो (लोकेन्द्र साहको रचनामा गोपाल श्रेष्ठ), नेपाल हाम्रो नेपाली हामी स्वदेशगान पनि प्रिय छ स्रोता माझमा।

उनी रेडियो नेपालका गीत रेकर्ड गर्दा कंगो र तबलावादन गर्थे भने स्टेज कार्यक्रममा समेत कंगो मास्टरका रूपमा सक्रिय हुन्थे। रेडियो नेपालमा उनी २०३५/०३६ सालदेखि कंगोवादकका रूपमा टेक बेसिस सेवामा थिए। उनी मध्यबानेश्वर मित्रनगरस्थित निवासमै संगीत सिकाउँथे। उनका गीत उदितनारायण झा, तारादेवी, मीरा राणा, सीताराम पोखरेल, पुष्कर जंगमदेखि नयाँ पुस्ताका गायकहरुसम्मले गाएका थिए। 'उहाँ अझै पनि संगीतमै तल्लीन हुनुहुन्थ्यो। धनगढी जानुअगाडिसम्म ३ दिनअगाडि मात्रै पनि नयाँ प्रतिभाहरुलाई आलाप सिकाइरहेको देखेको थिएँ।' -उनका छिमेकी तथा फिल्म लेखक एवम् निर्देशक लक्ष्मीनाथ शर्माले *नेपाल समाचारपत्र*सँग कुरा गर्दै भने। स्वर्गीय मुनालको परिवारमा श्रीमती र एक छोरी छन्।

# लिली बिलीको लभ सङ सार्वजनिक





स्कटल्यान्ड र लन्डनमा समेत छायांकन गरिएको *लिली बिली* नामक फिल्मको गीति भिडियो सार्वजनिक गरिएको छ। सोमबार राजधानीमा आयोजित एक समारोहबीच फिल्ममा रहेको *इज इट लभ* बोलको गीतको भिडियो सार्वजनिक गरिएको हो।

यो रोमान्टिक भिडियोमा प्रदीप खड्का र जसिता गुरुङलाई फिचरिङ गरिएको छ। यसको भिडियो स्कटल्यान्ड र लन्डनमा छायांकन गरिएको छ। जसिता गुरुङले यही फिल्मबाट डेब्यु गरेकी हुन्। मिलन चाम्सको निर्देशन तथा गोविन्द शाही, सुदीप खड्का र मिलन चाम्सद्वारा निर्मित फिल्मको यो गीतमा प्रताप दास र मेलिना राईको स्वर रहेको छ भने संगीत एलिश कार्कीले दिएका छन्। कोरियोग्राफी कविराज गहतराजले गरेका छन्।

प्रदीप र जसिताका साथमा प्रियंका कार्की, अनुपविक्रम शाहीलगायतले प्रमुख भूमिकामा अभिनय गरेको फिल्ममा छायांकन सुदीप बराल र सम्पादन अर्जुन जीसीको रहेको छ।

# पौडलको प्रतिमा बनाइने



फिल्मकर्मी उद्धव पौड्यालको पूर्णकदको प्रतिमा निर्माण हुने भएको छ। नेपाल चलचित्र विकास कम्पनीले उनको पूर्णकदको प्रतिमा निर्माण गर्न लागेको हो।

कम्पनीको २४औं वार्षिक साधारणसभाबाट पौड्यालको प्रतिमा निर्माण प्रस्ताव सर्वसम्वतरूपमा पारित भएको कम्पनीका अध्यक्ष उज्वल पौडेलले जानकारी गराए।

एनएफडीसीको प्रेक्षालय परिसरका पौड्यालको प्रतिमा निर्माण हुने भएको हो। नेपाल सरकारबाट विशिष्ट चलचित्रकर्मीद्वारा विभूषित पौड्याल सो कम्पनीका पूर्वअध्यक्षसमेत हुन्। पछिल्लो समय राजनीतिमा सक्रिय पौडेल फिल्म निर्माण, प्रदर्शन र वितरणसँगै सञ्चार क्षेत्रमा संलग्न रहँदै आएका थिए।

पौडेल गोपीकृष्ण मुभिज, टिभी फिल्मी र रेडियो फिल्मीमार्फत चलचित्र क्षेत्रको श्रीवृद्धका लागि सक्रिय रहँदै आएका छन्। कम्पनीका अध्यक्ष उज्ज्वल पौडेलका अनुसार कम्पनीले आफ्ना व्यावसायिक रणनीति परिमार्जित गरेको छ। जसअनुरूप हाल कम्पनीमा फिल्म छायांकनका लागि ठूलो स्टुडियो, ग्राफिस र भिएफेक्सका लागि छुट्टै स्टुडियो निर्माण गरिएको छ भने ३ वटा रेड क्यामेरासहित पोस्टप्रोड्क्सनका सम्पूर्ण काम अहिले बालाजुस्थिति कम्पनीमा भइरहेको छ।





सम्मान चलचित्रको उत्सव उत्कृष्टताको

CG Entertainment Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्ड्स् २०७४
मन परेको फिल्म र फिल्मकर्मीलाई SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: GRAND MASTER XXX RUM
OFFICIAL BANK: prabhu Bank

ASSOCIATE SPONSOR: NIC ASIA एन आई सी एशिया बैंक लि. | IME International Money Express Fast, Reliable And Secure Remittance | KILOMETER | राष्ट्रको संचार NEPAL TELECOM

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

विधा: सर्वोत्कृष्ट चलचित्र
छक्का पञ्जा
Type KFA space 1A & send to 32722
डाइङ क्यान्डल
Type KFA space 1B & send to 32722
गाजलु
Type KFA space 1C & send to 32722
जात्रा
Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र
Type KFA space 1E & send to 32722

विधा: सर्वोत्कृष्ट निर्देशक
सुवर्ण थापा – बाटोमुनिको फूल-२
Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल – चपली हाइट-२
Type KFA space 2B & send to 32722
हेमराज बीसी – गाजलु
Type KFA space 2C & send to 32722
आकाश अधिकारी – के म तिम्रो होइन र
Type KFA space 2D & send to 32722
निश्चल बस्नेत – लुट-२
Type KFA space 2E & send to 32722

विधा: सर्वोत्कृष्ट अभिनेता
दयाहाङ राई – वीरविक्रम
Type KFA space 3A & send to 32722
अनमोल केसी – गाजलु
Type KFA space 3B & send to 32722
विपीन कार्की – जात्रा
Type KFA space 3C & send to 32722
निखिल उप्रेती – निर्भय
Type KFA space 3D & send to 32722
सौगात मल्ल – शब्द
Type KFA space 3E & send to 32722

विधा: सर्वोत्कृष्ट अभिनेतृ
प्रियंका कार्की – छक्का पञ्जा
Type KFA space 4A & send to 32722
सृजना सुब्बा – डाइङ क्यान्डल
Type KFA space 4B & send to 32722
वर्षा राउत – जात्रा
Type KFA space 4C & send to 32722
केकी अधिकारी – लभ सासा
Type KFA space 4D & send to 32722
नीता ढुंगाना – निर्भय
Type KFA space 4E & send to 32722

विधा: सर्वोत्कृष्ट खलपात्र
ध्रुव कोइराला – बाजिगर
Type KFA space 5A & send to 32722
अर्पण थापा – वीरविक्रम
Type KFA space 5B & send to 32722
दीपकराज गिरी – छक्का पञ्जा
Type KFA space 5C & send to 32722
कमलमणि नेपाल – जात्रा
Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया – पलाँस
Type KFA space 5E & send to 32722

विधा: सर्वोत्कृष्ट हास्य कलाकार
केदार घिमिरे – छक्का पञ्जा
Type KFA space 6A & send to 32722
रवीन्द्र झा – जात्रा
Type KFA space 6B & send to 32722
दयाहाङ राई – लुट-२
Type KFA space 6C & send to 32722
सलोन बस्नेत – गाजलु
Type KFA space 6D & send to 32722
बुद्धि तामाङ – छक्का पञ्जा
Type KFA space 6E & send to 32722

विधा: सर्वोत्कृष्ट संगीतकार
ताराप्रकाश लिम्बु – वीरविक्रम/हारें हारें
Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी – छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा – लुट-२/ठमेल बजार
Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल – निर्भय/यो दुनियाँ
Type KFA space 7D & send to 32722
वसन्त सापकोटा – राधा/छपक्कै
Type KFA space 7E & send to 32722

विधा: सर्वोत्कृष्ट पार्श्व गायक
ताराप्रकाश लिम्बु – वीरविक्रम/हारें हारें
Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी – छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले – छक्का पञ्जा/सुन न चम्पा
Type KFA space 11C & send to 32722
प्रताप दास – के म तिम्रो होइन र/पागल
Type KFA space 11D & send to 32722
युवराज चौलागाईं – पलाँस/तिमी साथमा
Type KFA space 11E & send to 32722
स्वस्पराज आचार्य – शब्द/हरपल
Type KFA space 11F & send to 32722

विधा: सर्वोत्कृष्ट पार्श्व गायिका
जलजला परियार – बाटोमुनिको फूल-२/केही कदम
Type KFA space 10A & send to 32722
मिलन अमात्य – हाउ फन्नी/यो के हो
Type KFA space 10B & send to 32722
अञ्जु पन्त – किस्मत-२/यी आँखा लैजाउ
Type KFA space 10C & send to 32722
मीना निरौला – लुट-२/ठमेल बजार
Type KFA space 10D & send to 32722
मेलिना राई – राधा/छपक्कै
Type KFA space 10E & send to 32722

विधा: लक्स पपुलर च्वाइस अवार्ड
वर्षा राउत
Type KFA space 8A & send to 32722
केकी अधिकारी
Type KFA space 8B & send to 32722
प्रियंका कार्की
Type KFA space 8C & send to 32722
ऋचा शर्मा
Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ
Type KFA space 8E & send to 32722

# विचार

मेरो चिन्ता यो होइन कि तपाई खस्नुभयो, सबभन्दा ठूलो चिन्ता यो हो कि खसेपछि तपाई उठ्नुभएन।
– अब्राहम लिंकन

संसारमा महान् घट्नाहरू तब घटे, जब कसैले जस्तोसुकै परिस्थितिमा पनि हिम्मत नहार्ने फैसला गऱ्यो।
– स्प्राइट लोरियानो

## सम्पादकीय

नेपाल समाचारपत्र

## सहमतिमा नै प्रदेशप्रमुख नियुक्ति गर

प्रतिनिधिसभाको निर्वाचन भएको एक महिना बितिसक्दा पनि प्रदेशसभा गठन हुन सकिरहेको छैन। प्रदेशप्रमुख नियुक्तिमा दलहरुबीच जारी सहमतिको प्रयासले मूर्तरुप लिन सकेको छैन, न सरकारले प्रदेशको अस्थायी मुकाम नै तोक्न सकेको छ। यसले गर्दा प्रदेशसभा गठनमा देखिएको अन्यौल अझै केही दिन लम्बिन सक्ने स्थिति छ। वास्तवमा संघीयता कार्यान्वयनमा सरकार र राजनीतिक दलहरुले देखाएको अकर्मण्यता देश र जनताका लागि लज्जास्पद नै रहेको छ।

प्रदेशप्रमुख नहुँदा निर्वाचन आयोगले प्रदेशसभाको समानुपातिकतर्फको परिणाम 'होल्ड'मा राखिराखेको छ। प्रदेशसभा सदस्य निर्वाचन ऐनअनुसार आयोगले निर्वाचनको परिणाम घोषणा भएको सात दिनभित्र परिणामसहितको प्रतिवेदन प्रदेश प्रमुखसमक्ष पठाउनुपर्छ। यही कानुनी बाध्यताका कारण निर्वाचन आयोगलाई अन्तिम परिणाम सार्वजनिक गर्न अप्ठ्यारो भएको छ। प्रदेशप्रमुखको नियुक्तिमा भएको ढिलाइले प्रदेशसभा एवं प्रदेश सरकार गठन धकेलिँदै छ। त्यसै गरी प्रदेशसभा गठनमा भइरहेको ढिलाइ अझ लम्बिए माघ २४ गते तोकिएको राष्ट्रिय सभाको निर्वाचनसमेत प्रभावित हुनसक्ने आशंकाकाबारे राजनीतिक वृत्तमा चर्चा–परिचर्चा हुन थालेको छ।

निर्वाचन आयोगले पनि प्रदेशप्रमुख तोक्न प्रधानमन्त्री र राष्ट्रपतिसमक्ष आफ्नो ध्यानाकर्षण गराइसकेको छ। प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले दलीय सहमतिमा प्रदेशप्रमुख तोक्ने प्रयास भइरहेको र यसमा नेकपा (एमाले) र माओवादीको असहयोगका कारण प्रदेशप्रमुख तोक्न नसकिरहेको बताइएको छ। यसले गर्दा प्रदेशप्रमुख तोक्न भन्दै मन्त्रिपरिषद्को बैठक पटक–पटक बसे पनि यसबारे निर्णय गर्न सकिरहेको छैन। निर्वाचनमा बहुमत ल्याएको वाम गठबन्धन नयाँ सरकारले प्रदेशप्रमुख तोक्नुपर्ने अडानमा देखिन्छ। यो विवादमा रुमल्लिइरहँदा संवैधानिक र कानुनी प्रक्रिया नै प्रभावित भइरहेको छ। अहिलेको आवश्यकता जति सक्दो छिटो प्रदेशप्रमुखको नियुक्ति हो। नयाँ सरकार तत्काल बन्ने पनि नदेखिएकाले देउवा सरकारले नै राजनीतिक दलहरूबीच सहमति र समझदारी गरेर अविलम्ब प्रदेशप्रमुख सिफारिस गर्नुपर्छ। राजनीतिक सहमतिका लागि प्रधानमन्त्री देउवाले अग्रसरता लिनुपर्छ र राजनीतिक दलहरूले पनि यसमा सकारात्मक भूमिका निर्वाह गर्नुपर्छ।

यसै बीच प्रधानमन्त्री देउवाले अन्तिम समयसम्म दलीय सहमतिको प्रयास गर्ने, सो सम्भव नभए तीन दिनभित्र प्रदेशप्रमख नियुक्ति गर्ने सार्वजनिक अभिव्यक्ति दिनुभएको छ। यसले प्रदेशप्रमुखसमेत विवादित बनाउने सम्भावना छ भने अर्कोतिर प्रदेशप्रमुख नहुँदा कानुनी प्रक्रिया अघि नबढ्ने परिदृश्य देखा परेको छ। यसको समस्याको समाधान भनेको नै राजनीतिक दलहरुबीचको सहमति, संवाद नै हो। अहिले वाम गठबन्धनले बहुमत ल्याएको भए पनि अरु दललाई निषेध गरेर जाने अवस्था छैन भने अरु दलले पनि वाम गठबन्धन नेतृत्वमा सरकार बनाउने दिशामा हलो अड्काउने काम गरेमा जनमतको अनादर हुनेछ। यस्तो स्थितिमा राजनीतिक सहमतिमा संघीयता कार्यान्वयनको कार्य अघि बढाउनु नै सबैका हितकर हुने देखिन्छ।

# शशी, केसी र जीपीले तताएको बजार
# स्वतन्त्र र निष्पक्ष न्यायपालिकाको पक्षमा



बद्री तिवारी

शशी अर्थात् (त्रिवि चिकित्सा शास्त्र अध्ययन संस्थानको डिन पदमा चार वर्षपहिले नियुक्त भएका तर मेडिकल काउन्सिलको उपाध्यक्ष रहँदा लाइसेन्स परीक्षामा अनियमितता गरेको अभियोगमा अख्तियारद्वारा अनुसन्धानको दायरामा परी बर्खास्तमा परेर गत पुस अन्तिम साता अवकाश पाउन चार दिन मात्र बाँकी रहँदा सर्वोच्च अदालतबाट पुनर्वहाली गरिनुभएका डा. शशी शर्मा), जीपी अर्थात् (तिनै डा. शशीलाई पुनर्वहालीको आदेश दिनुहुने सर्वोच्च अदालतका प्रधानन्यायाधीश गोपालप्रसाद पराजुली र केसी अर्थात् (डा. शशीलाई पुनर्वहालीको निर्णय गर्ने प्रधानन्यायाधीश पराजुलीलाई 'भ्रष्ट'को संज्ञा दिएर निर्णयको खारेजी तथा प्रधानन्यायाधीशकै राजीनामाको माग गर्दै आमरण अनशन बसेपछि अदालतको मानहानि गरेको मुद्दा खेपिरहनुभएका शिक्षण अस्पतालका वरिष्ठ चिकित्सक प्रा.डा. गोविन्द केसी)। यी तीन पदाधिकारीका गतिविधिबाट एकाएक तातेको नेपाली सञ्चारजगत् डा. गोविन्द केसीले अनशन तोडेपछि बिस्तारै सेलाउन थालेको छ।

मुलुकमा व्यापारीकरण हुँदै गएका विशेष गरी शिक्षा र स्वास्थ्य क्षेत्रको सुधारका लागि सरकारसमक्ष पटक-पटक माग राख्दा पूरा नभएपछि अनशन बस्दै आएका डा. केसीको १४औं आमरण अनशन अघिल्ला अनशनभन्दा बढी नै चर्चित बन्यो। अनशन बसिरहेकै बेला प्रहरीले पक्राउ गरी हिरासतमा राखिएका डा. केसी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा छाए। अनशनस्थलबाटै पक्राउ गर्नुपर्नाको पछाडि प्रधानन्यायाधीशविरुद्ध अभिव्यक्ति दिएको, सोही क्रममा अदालतको मानहानि भएको लगायतका कारण रहेका छन्। डा. केसीको गिरफ्तारीलाई लिएर त्यसको विरोध र उहाँको रिहाईको माग गर्दै स्वस्फूर्तरुपमा राजधानीलगायत देशका विभिन्न भागमा विरोध जुलुस र सभाको आयोजना गरिए। पत्रपत्रिका, रेडियो, टिभी तथा सामाजिक सञ्जालमा यस घटनाले प्राथमिकता पायो। डा. केसी एउटा व्यक्ति मात्रै होइन, संस्थाकै रुप लिएको टीकाटिप्पणी पनि व्यापक नै भएको पाइयो। हुन पनि उहाँको पक्षबाट बहस गर्नका लागि नाम दर्ता गर्ने अधिवक्ताहरुको संख्या नै एक सयभन्दा बढी भएको बताइनुले उहाँको लोकप्रियता कतिसम्म रहेछ भनेर अनुमान लगाउन सकिन्छ, यस लोकप्रियतालाई जोगाइराख्नका लागि सावधानी अपनाउनु आवश्यक छ।

यस प्रकरणमा खाली सतही प्रकारका टिकाटिप्पणीले सर्वसामान्य जनमानसमा यो ठीक र त्यो बेठीकजस्ता आ-आफ्नै धारणा सार्वजनिक गर्ने परम्परालाई निरन्तरता दिने जुन कार्य भयो, परिवर्तित परिस्थितिमा स्वाभाविक लाग्दैन। वास्तवमा यथार्थता खोतलेर गुण वा दोषलाई दूधको दूध पानीको पानी छुट्याउनुपर्नेमा सबै खालका व्यक्तित्वलाई एउटै टोकरीमा राखेर जोख्ने परिपाटीका कारण स्थापित एवम् ख्यातिप्राप्त संघसंस्थाहरुकै बदनाम भइरहनुलाई कुनै पनि हालतमा सही मान्न सकिँदैन।

डा. केसीले विज्ञप्तिमार्फत् प्रधानन्यायाधीश पराजुलीमाथि भ्रष्टाचार गरेको, दुईवटा नागरिकता लिएको तथा उमेर सच्याएको, शैक्षिक योग्यताको प्रमाणपत्रमा पनि शंका रहेको लगायतका विषयहरु प्रकाशमा ल्याएपछि अदालतले अदालतको मानहानि भएको भन्दै अनशन बसेका डा. केसीलाई अनशनस्थलबाटै पक्राउ गरिएको थियो। नेपालमा यो बहस चलिरहेकै बेला तीन दिनअघि छिमेकी मुलुक भारतको सर्वोच्च अदालतका प्रधानन्यायाधीश दीपक मिश्रको विरोधमा सोही अदालतका न्यायाधीश जे चेलमेशवरलगायत चार न्यायाधीशले पत्रकार सम्मेलन नै गरी स्वतन्त्र र निष्पक्ष न्यायालयका लागि अदालती विषयलाई सार्वजनिक गर्नुपरेको बताए। राम्रो लोकतन्त्रका लागि स्वतन्त्र र निष्पक्ष न्यायालय आवश्यक पर्ने हुनाले प्रधानन्यायाधीशको मनोमानीको विरोध गर्नुपरेको तर्क उनीहरुको छ। भारतको इतिहासमा पत्रकार सम्मेलन नै गरी न्यायाधीशहरु प्रधानन्यायाधीशको विरुद्धमा उत्रिएको यो पहिलो मानिएको छ।

फेरि नेपालकै प्रसंग, अब प्रश्न उठ्छ- यसरी विज्ञप्तिमार्फत न्यायाधीशमाथि आरोप लगाउनुहुन्थ्यो कि हुँदैनथ्यो, न्यायाधीशमाथि लगाइएको आरोप सत्यतथ्यमा आधारित हो वा निराधार हो, अनि त्यस्तो विषयलाई अदालतसँग जोड्न मिल्थ्यो कि मिल्दैनथ्यो वा अनशनस्थलबाटै तत्काल गिरफ्तार गर्नुहुन्थ्यो कि हुँदैनथ्यो ? वा भ्रष्टाचार गरेको भए वा अदालतको मानहानि नै गरेको भए के गर्न सकिन्थ्यो ? जस्ता विविध प्रश्नहरु उठ्न सक्ने हुनाले त्यसको निराकरणका लागि संविधानले कसरी मार्गदर्शन गरेको होला :

**नेपालको संविधान २०७२ को धारा १२८ उपधारा ४** : 'मुद्दामामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्त सबैले पालन गर्नुपर्नेछ। सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्यायसम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानुनबमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्नेछ।'

**धारा १५३ उपधारा ६** : 'यो संविधानबमोजिम महाअभियोगको कारबाहीबाट पदमुक्त हुनसक्ने न्यायाधीशबाहेक अन्य न्यायाधीशले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेकोमा न्यायपरिषद्ले अनुसन्धान गरी कानुनबमोजिम मुद्दा चलाउन सक्नेछ।'

अदालती कामकारबाहीमा दखल पुऱ्याएर मानहानि गर्ने व्यक्ति हुन् वा भ्रष्टाचार गर्ने न्यायाधीश नै किन नहुन्, दुवै पक्षलाई कारबाहीको दायरामा ल्याउनका लागि संविधानले यसरी बाटो देखाउँदा देखाउँदै आवेशमा विज्ञप्ति प्रकाशित गर्ने वा पत्रकार सम्मेलन नै गर्ने तथा ठूलै अपराधीलाई पासोमा पारे जसरी अनशनस्थलबाटै गिरफ्तार गर्ने कार्य लोकतन्त्रमा सहजै पचाउन सक्ने गतिविधि होइनन्। त्यसकारण यस्तो अवस्थामा सबै पक्षले आ-आफ्ना ओहदा तथा पद-प्रतिष्ठाको मर्यादामा आँच नआउने हिसाबले काम गर्नुपर्दछ, न कि क्षणिक स्वार्थका लागि।

निश्चय नै डा. केसीको अभियानले मुलुकको चिकित्सा क्षेत्रमा उल्लेखनीय सुधार भएको महसुस पछिल्ला वर्षहरुमा विभिन्न क्याम्पस तथा कलेजहरुमा अध्ययनार्थ भर्ना भएका विद्यार्थीहरुले गरेका छन्। सुधारको क्रम निरन्तर चलेकाले विगतमा जस्तो विद्यार्थीहरु ठगिनु नपर्ने वातावरण बनिरहेको छ, यसलाई उल्लेखनीय उपलब्धि नै मान्न सकिन्छ।

यति हुँदाहुँदै पनि पछिल्लोपटक डा. केसीमाथि अदालतको मानहानि गरेको अभियोग लाग्नाले उहाँको आफ्नै व्यक्तित्वको उचाइलाई भने केही घटाएको टिप्पणी पनि सुन्न पाइन्छ। त्यसो त कसैले पनि अदालतका काम कारबाहीको विरुद्ध बोल्न नसकेका बेलामा डा. केसीले परम्परालाई तोडेर बहादुरी देखाएको हिसाबले मात्रै पनि चर्चा-परिचर्चा हुने गरेको पाइन्छ। तर के अदालतलाई जनताको नजरमा दोषी देखाउने काम भयो भने स्वतन्त्र तथा निष्पक्ष न्यायालयको अवधारणामा ठेस नलाग्ला भन्न सकिन्छ र ! यसको अर्थ न्यायसम्पादनका क्रममा हुने गरेका गल्ती कमजोरीलाई आँखा चिम्लेर समर्थन गर्नुपर्छ भन्न खोजिएको कदापि होइन, स्वच्छ मनशायले स्वस्थ आलोचना गरेर सुझाव पेस गर्नका लागि हरेक सार्वभौम नेपाली नागरिक स्वतन्त्र छन्। त्यस किसिमको अभ्यासलाई अवलम्बन गर्न सकिएमा वास्तवमै स्वतन्त्र र निष्पक्ष न्यायालयप्रतिको जनविश्वास झन् चुलिन्छ, घट्दैन। किनकि आमजनताले बुझ्दै आएको कुरा- अदालत भनेको न्यायको मन्दिर हो, कुनै पनि व्यक्ति, समूह तथा राज्यबाट पीडित बन्नुपरेको बेला अर्थात् अन्यायमा पर्दा न्यायको लागि अदालतकै ढोका ढकढक्याउन जानुपर्दछ, त्यहाँ पुगेपछि अन्यायबाट मुक्ति पाइन्छ। साथै मुलुकको संविधान, ऐन र नियम कानुनको पालना भएको छ कि छैन भनेर हेर्ने र व्याख्या गर्ने अधिकार न्यापालिकामा निहित छ। यी र यस्तै कारणहरुले गर्दा जनतामा न्यायालयप्रतिको विश्वास सुदृढ बन्न पुगेको हो भन्ने कुरा कसैले भुल्नुहुँदैन। न्यायसम्पादनका क्रममा कहिलेकाहीं अदालतका कुनै पदाधिकारीबाट हुने कमजोरीका कारणबाट होस् वा नियतवश नितान्त कुनै व्यक्ति वा समूहको पक्ष वा विपक्षमा होस् वा आमनागरिकको बुझाइ र विश्वास विपरीत फैसला भएको खण्डमा नै किन नहोस्, स्वाभाविकरुपमा विवाद उत्पन्न हुनसक्छ। त्यस्तो विवादलाई सिद्धान्त र तर्कयुक्त हिसाबले सम्बोधन गरी साम्य पार्ने परिपाटी बसाल्न सकियो भने अदालतप्रतिको विश्वास झन् बढ्नेछ।

त्यसकारण हतारमा वा असावधानीवश बोल्दा वा लेख्दा प्रयोग गरिएका शब्दहरुले आफ्नो कद त घटाउँछन् नै, अनावश्यक झन्झटमा पर्ने सम्भावना प्रबल हुँदो रहेछ भन्नेतर्फ पनि ध्यान पुग्न सके आफ्नै अभियानलाई अभूतपूर्व साथ, सहयोग र समर्थन जुट्नेछ। अर्को कुरा, त्यस्तै शब्दहरुलाई कानुनविद्हरुले व्याख्या गर्दा अभिव्यक्त गर्ने व्यक्तिलाई दोषी देखाउने अवस्था सिर्जना हुन पुग्दो रहेछ भन्ने महसुस पनि भएमा बेसै हुनेछ।

डा. केसीले बरु आफू जेल बस्न तयार रहेको भन्दै विज्ञप्तिमार्फत सार्वजनिक गर्नुभएका शब्दहरु बयानका क्रममा सुधारेपछि अदालतले उहाँलाई तारेखमा राख्ने गरी रिहा गरेको सूचना सार्वजनिक भइसकेको छ। सर्वोच्च अदालतका न्यायाधीशद्वय पुरुषोत्तम भण्डारी र बमकुमार श्रेष्ठको इजलासले अदालतको अवहेलना हुने अभिव्यक्ति दिएको बारेमा भएको बहस केसीको बयानपछि केसीलाई रिहाइको आदेश दिएको हो। केसीले प्रेस विज्ञप्तिमा विभिन्न कुरा लेख्नुभए तापनि इजलाससमक्ष अदालतको अवहेलना हुने अभिव्यक्ति आफूले नदिएको तथा स्वच्छ आलोचना गरेर समाजलाई घचघच्याएको भनी बयान दिएको र उहाँको स्वास्थ्यलाई पनि ध्यानमा राखी हाललाई तारेखमा छोड्ने आदेश दिइएको थियो।

त्यसो त इजलासले प्रधानन्यायाधीशको नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्र पनि पेस गर्ने आदेश दिएको सार्वजनिक भएको छ। डा. केसीले लगाउनुभएको आरोप र वास्तविकताको बारेमा भने छानबिनपछि मात्र सत्यतथ्य खुल्नेछ। यसै विषयलाई लिएर नेपाल बार एसोसिएसनले न्यायपालिकाको गरिमा बढाउनका लागि आग्रह गर्दै अदालतका काम कारबाहीप्रति स्वच्छ टिकाटिप्पणी गर्न पाइने तर उजुरी गर्ने ठाउँ न्यायपरिषद् हुँदाहुँदै अनशन गर्ने प्रवृत्ति गलत रहेको धारणा सार्वजनिक गरेको छ। हुन पनि प्रक्रिया मिचेर लाञ्छना लगाउने प्रवृत्तिले गलत परम्परा स्थापित हुने खतरा निम्तिन दिनु नहुनेतर्फ सचेत रहनै पर्दछ।

अदालतले रिहाइको आदेश दिएपछि पनि डा. केसीले अनशन जारी राख्नुभएकोमा गत पुस २८ गते शुक्रबार साँझ आफ्ना मागका बारेमा सरकारसँग पाँचबुँदे सहमति भएपछि अनशन तोड्नुभएको थियो। डा. केसी र सरकारी प्रतिनिधिबीच सम्पन्न सहमति यस प्रकार रहेको छ : (१) सात दिनभित्र शिक्षा सेवा आयोगलाई पूर्णता दिइने, (२) चिकित्साशास्त्र अध्ययन संस्थानको डिनमा डा. जगदीश अग्रवाललाई निरन्तरता दिइने, (३) त्रिवि चिकित्साशास्त्रको खोसिएको अधिकारलाई फिर्ता ल्याउन र यसअघिका सम्झौता कार्यान्वयन गर्न यथाशीघ्र सिनेटको बैठक बोलाइने, (४) त्रिवि शिक्षण अस्पताल सुधार, भौतिक पूर्वाधार सुधार तथा अभिवृद्धि, जनशक्तिको उचित व्यवस्थापनको माग पूरा गर्न तथा सर्वसाधारणलाई दिइने सेवा-सुविधाको विस्तारका लागि आवश्यक व्यवस्था गर्न नेपाल सरकार तयार, र (५) डा. केसीको आमरण अनशन कार्यक्रमको अन्त्य।

सर्वोच्च अदालतमा आगामी फागुन ८ गतेको तारेख पाउनुभएका डा. केसीले सहमति कार्यान्वयन नभए, आफ्ना माग पूरा नभएमा सोही दिनदेखि पुन: अनशन गर्ने चेतावनी दिइसक्नुभएको छ। सरकारले विगतमा जस्तो सहमति गरेर अनशन तोडाउने मात्रै, कार्यान्वयनचाहिँ नगर्ने हो भने समस्या ज्यूँका त्यूँ रहनेछ। त्यसैले गम्भीरतापूर्वक सहमति व्यवहारमा उतार्ने काम भएमा भविष्यमा यस्ता खालका समस्या न्यून हुँदै जाने अपेक्षा गर्न सकिन्छ।

badript@gmail.com

## पाठक पत्र

### जाजरकोटलाई बचाऔं

सधैं महामारी खेप्नुपर्ने जाजरकोटलाई बचाउन सरकारले केही कदम चाल्नुपर्छ। पश्चिम नेपालको पहाडी जिल्ला जाजरकोटमा तीन साताअघिदेखि महामारीको रुपमा फैलिएको भाइरल ज्वरोको प्रकोपबाट हालसम्म १३ जनाले ज्यान गुमाइसकेका छन् भने १५ सयभन्दा बढी बिरामी परेको अप्रिय खबर सार्वजनिक भएको छ। स्वास्थ्यसम्बन्धी जनचेतनाको कमी, दूषित पानीको प्रयोग र सरसफाइमा पर्याप्त ध्यान नदिइएको कारण भाइरल ज्वरो यसरी व्यापकरुपमा फैलिएको स्वास्थ्यविज्ञहरु बताउँछन्। स्वास्थ्यकर्मी र औषधिको सहज उपलब्धता नभएको कारण यो रोगले दिन-प्रतिदिन महामारीको रुप लिएको पाइएको छ।

सरकारको ध्यान जाजरकोटको अत्यन्त कमजोर स्वास्थ्यस्थितिप्रति पुग्न नसकेको कारण रोगले महामारीको रुप लिएको हो। सरकार अहिले तराई मधेसको शीतलहरप्रति केन्द्रित छ। तर, अभागी भूगोल भएको जाजरकोटको पछिल्लो स्वास्थ्यस्थितिप्रति सरकारी उदासीनता आफैंमा आलोचनाको विषय बन्न पुगेको छ। पराजित मानसिकतामा रहेको सरकार अहिले प्रदेशप्रमुखको नियुक्ति र प्रदेशको अस्थायी राजधानी तोक्ने विषयमै बढी मात्रामा केन्द्रित रहेको पाइन्छ। सम्भवत: यसै कारण जाजरकोटको दयनीय स्थितिप्रति उसको ध्यान पर्याप्त मात्रामा पुग्न सकेको छैन।

उदासीनताकै कारण अकालमा ज्यान जाने गरेका अनेक उदाहरण हामीमाझ रहेका छन्। स्मरणीय छ, अभागी जिल्ला जाजरकोटमा यसअघि २०६६ सालमा ६ महिनासम्म झाडापखाला रोग फैलिँदा ३५० जनाको ज्यान जानुका साथै ३० हजार जना बिरामी परेका थिए। त्यसपछि २०७२ सालमा पनि ३ दर्जन गाउँमा स्वाइन फ्लुको प्रकोप दुई महिनासम्म फैलिँदा १७ जनाको ज्यान जानुका साथै ५ हजार जना बिरामी परेका थिए। दूषित पानीको प्रकोप नै यो समस्याको मूल जड भएको स्वास्थ्यकर्मीहरुको अनुमान छ। राज्यको ध्यान पनि पर्याप्त मात्रामा पुग्न नसकेको कारण जाजरकोटमा पटक-पटक रोगहरु फैलिएर ठूलो संख्यामा मानवीय क्षति भइरहेको हो। यो स्थितिलाई नियन्त्रणमा लिन सरकारले विशेष प्रयास गर्नु अत्यावश्यक भइसकेको छ।

*- सूचना केसी, चितवन*

### राजनीतिक धार गन्तव्यहीन हुने त होइन ?

विषय आफैंमा साध्य मान्नेको जमात ठूलै छ। विषयलाई सफलता उन्मुख गराउने विवेक साध्य हो। त्यसैले कुनै पनि क्षेत्र चाहे त्यो सामाजिक, राजनीतिक क्षेत्र किन नहोस्, यदि विषयवस्तुको गाम्भीर्यता र यसले पछि पर्ने सम्भावित खतरलाई समयमै समाधान गर्ने उपाय सुझाइएन भने यसले दूरगामी असर पुऱ्याउन सक्छ। तसर्थ वर्तमान समयमा नेपालको राजनीतिक वृत्तचित्रमा सलबलाइरहेको विषयवस्तुलाई आपसी समझदारी र दूरदृष्टि राखी समाधान खोजिनुपर्दछ। कुनै पनि पार्टीले हठवादी चिन्तन बढाउनुहुँदैन। हिजो सबै मिलेर जसरी संविधानको रुप तयार गरे/गराए, अब पनि प्रजातन्त्रको निष्ठा र चरित्रलाई कायम गर्दै अगाडि बढ्नुपर्ने बेला आएको छ। नेपालको संविधानमा उल्लिखित बुँदालाई आफ्नो पक्षपोषण गर्ने गरी कोही कसैले पनि व्याख्या गर्नु/गराउनुहुँदैन। हो, राजनीतिमा पक्ष-विपक्ष हुनसक्ला, चुनावी मैदानमा जाँदा एक-अर्कालाई विविध किसिमले सम्बोधन गर्न सकिएला। तर जब निर्वाचन सम्पन्न भइसक्छ, त्यसबाट प्राप्त उपलब्धिलाई सबै स्वीकार्न जरुरी हुन्छ।

जनप्रतिनिधि हाम्रा साझा हुन्। यहाँ कोही कसैको लागि नभई सिंगो मुलुकको जिम्मेवारी उनीहरुमा छ भन्ने विश्वास राख्नुपर्दछ। लोकतन्त्रलाई विश्वास गर्ने कुनै पनि दल विशेषले लोकतन्त्रको धज्जी उडाउने काम गर्नुहुँदैन। अहिले देश राष्ट्रिय सभा निर्वाचन अध्यायदेश जारी गर्ने/नगर्नेबीच विवादमा फस्दै गएको छ। एक पक्ष यस्तो हुनै पर्दछ भन्दै छन् भने अर्को पक्ष यसो हुनुहुँदैन भन्दै छन्। यो अध्यादेशको बारे हिजो संसद् रहँदा पनि विवादमै रहेको थियो। अहिले झन् यसको पक्ष र विपक्ष भएर बहस चलिरहेको छ। यस अवस्थामा यदि संयम र धैर्यता राजनीतिज्ञमा भएन भने निश्चय पनि यसले दूरगामी असर नपुऱ्याउला भन्न सकिन्न। तसर्थ समय, परिस्थितिअनुसार जनअनुमोदित शासन प्रणालीलाई शिरोधार्य गर्नु सबैको जिम्मेवारी हो।

लोकतन्त्रमा विश्वास गर्ने कसैले पनि यसको पक्ष-विपक्षमा नबोली संविधानप्रदत्त र संविधानले दिएको अधिकार प्रयोग गर्ने/गराउने कुरामा बढी विवेक प्रयोग गर्ने बेला आएको छ। कानुनी राज्यको अवधारणाअनुसार राज्य सञ्चालन हुनुपर्दछ भनी वकालत गर्ने कानुनका व्याख्याताले पनि समय, परिस्थिति, जनअभिमत र संविधानले दिन खोजेको आसय विपरीत पक्ष-विपक्ष हुने बेला भएको छैन। वर्तमान समयमा जनताले खोजेको अभिमतअनुसार संविधानलाई गतिशील बनाउने वातावरण बनाउनुपर्दछ।

यदि कसैले निश्चित समयको लागि उसको विचार अनुसार लोकतन्त्रमा आधारित शासन व्यवस्था सञ्चालन गर्न पाउँछ भने त्यसको परीक्षा नजिक आयो भन्ने सोच गरी उसलाई काम गर्ने अवसर दिनुपर्दछ। हुनसक्छ त्यस बेला आफू कमजोर अवस्थामा गुज्रनुपर्ला तर एउटा कुरा सोच्नै पर्छ, त्यो समय लामो हुँदैन। यस्तो अवसर पुन: दोहोरिएर आफ्नो पोल्टामा पनि पर्न सक्छ। कसैले केही समय शासन गऱ्यो भने आकाशै खस्छ भन्ने सोच राख्नुहुँदैन। यो संकिर्ण मानसिकता हो। यसले कहिल्यै पनि राजनीतिक सफलता प्राप्त हुँदैन। लोकतान्त्रिक शासन व्यवस्थामा राजनीतिक सफलता लिनु छ भने जनतालाई सर्वोपरि ठान्नुपर्दछ।

राजनीति गर्ने प्रत्येक व्यक्तिले चुनौतीलाई अवसरको रुपमा प्रयोग गरी आफ्नो जिम्मेवारी निभाउनुपर्दछ। अहिले लोकतन्त्रवादी र वाम गठबन्धनबीच जो दोहोरी चलिरहेको छ यसले देशको राजनीतिक धार कहाँ पुग्ने हो, गन्तव्यविहीन हुने त होइन ? त्यसैले यसको हेक्का राखी हलो अड्काएर गोरु चुट्ने उखान चरितार्थ गर्नुहुँदैन। एकल संक्रमणीय र बहुमतीयबीच आपसी खिचातानी गरी हिलो छ्याप्ने काम गर्नु गलत मानसिकता हो। आफ्ना अनुकूल भए समर्थन र नभए विरोध गर्ने मानसिकता बढाउनु भनेको मौकामा चौका हानी स्वार्थसिद्ध गर्ने कार्यमा डुब्नुजस्तो हो। भोलि फेरि यस अवस्थामा गरेका निर्णय उल्टेर आफैंप्रति सोझिँदै जान थाल्यो भने यसले निश्चय पनि राम्रो प्रतिफल दिँदैन।

*- निशान शर्मा, काठमाडौं*

## सामाजिक सञ्जाल



इतिहासमा अन्तिम शासकहरूको चुरिफुरी पढ्दा रोमाञ्चित भइन्थ्यो। आज आँखै अगाडि देखिँदै छ।

**Yogesh bhattarai**
**@yogeshuml55**



आज नेपालका अस्पताल डुलेर भन्नुहुन्छ– 'गजब छ। कलेज बनाइदिन्छु। नेपाल अन्तर्राष्ट्रिय मेडिकल हब बन्नेछ।' अनि भोलि प्रोस्टेट फाल्न, चिनी जाँच्न र हर्निया टाल्न विदेश जानुहुन्छ। कसरी बुझौं सर, यो ओरवेलको एनिमल फार्मलाई ?

**रामेश**
**@RaameshKoirala**



जब विधि पुऱ्याएर बेथिति संस्थागत गरिन्छ, जब कानुनको आडमा नाजायजी मौलाउँछ, त्यसपछि स्थापित प्रक्रिया बाहिरबाटै दबाब आउँछ।

**Krishna Gyawali**
**@ruru_krishna**

{ सामाजिक परिचालकहरूले आफूहरूलाई राज्यले धोका दिएको भन्दै पुनर्बहाली नगरेसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन्। गत पुस १४ गते राज्यमन्त्रीस्तरीय निर्णयले सामाजिक परिचालकलाई सेवाबाट बर्खास्त गर्ने निर्णय गरेको थियो।

# समृद्ध नेपालको मार्गचित्र पुस्तक विमोचन

नेपाल समाचारपत्र

काठमाडौं

जगन्नाथ काफ्लेद्वारा लिखित समृद्ध नेपालको मार्गचित्र नामक पुस्तकको सोमबार राजधानीमा विमोचन गरिएको छ। अष्ट ज: अभियानको आयोजनामा सो पुस्तकको नेकपा एमालेका सचिव प्रदीप ज्ञवालीले विमोचन गर्नुभएको हो। पुस्तकमा अबको २० वर्षभित्र गाउँ, नगरपालिका कस्तो बनाउने भन्ने विषय समेटिएको छ।

एमाले सचिव ज्ञवालीले समृद्ध नेपाल बनाउने अभियानलाइ सार्थक तुल्याउन कृतिले अग्रणी भूमिका निर्वाह गर्ने बताउनुभयो। अष्ट ज अभियानका अध्यक्ष लोककृष्ण भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि ज्ञवालीले संघीयता र समृद्धिसँग जोडिएको पुस्तकभित्र रहेका विषयवस्तुले बहस तथा छलफल बढाउन सहयोग गरेको बताउनुभयो।

ज्ञवालीले अध्ययन, भोगाइ र देखाइले लेखकलाई पुस्तक लेखन प्रेरित गरेको बताउँदै पुस्तकले देश बन्छ र बनाउन सकिन्छ भन्ने आत्मविश्वास पुस्तकमार्फत जगाएको विचार व्यक्त गर्नुभयो। यस्तै, नेकपा माओवादी केन्द्रका नेता दीनानाथ शर्माले पुस्तकले विकासको मोडल कस्तो बनाउने भन्ने बहस चलिरहेको बेलामा



खास गरी स्थानीय तहमा नीति निर्माणका लागि पुस्तक महत्त्वपूर्ण सामग्री हुने बताउँदै संसारभरका समृद्धिको मोडल हेरेर नेपाली माटो, भूगोल र समाजअनुसारको विकासको मोडलको विकास गर्नुपर्नेमा जोड दिनुभयो।

त्यस्तै नेपाली कांग्रेसका युवा नेता बद्री पाण्डेले काफ्लेले टाढै बसेर पनि देशको समृद्धिको मार्गचित्रको विषयमा चासो र चिन्ता लिएर पुस्तक प्रकाशन गर्नुले राजनीतिक दलहरुलाई पनि दबाब पुगेको बताउनुभयो। कार्यक्रममा एमालेका युवा नेता तथा सांसद रवीन्द्र अधिकारी, विवेकशील साझा पार्टीका नेता गोविन्दनारायण तिमिल्सिना, पूर्वमन्त्री शंकर कोइराला, संघीय मन्त्रालयका सचिव दिनेश थपलियाले लेखक काफ्लेको पुस्तकमा देशको पुनर्संरचनाका बेला सही समयमा सान्दर्भिक विषयवस्तु समेटिएको बताउनुभयो।

लेखक काफ्लेकी आमा पुष्पादेवी काफ्लेको संरक्षक आतिथ्यता रहेको उक्त विमोचन कार्यक्रममा अष्ट ज अभियानका महासचिव नीलकण्ठ तिवारीले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो।

## 'ज्येष्ठ नागरिक सडकमा बस्न नपरोस्'

भक्तपुर, (नेस)

ज्येष्ठ नागरिकले सडकमा बसेर आफ्नो अधिकारका लागि संघर्ष गर्नुपर्ने परम्पराको अन्त्य हुनुपर्नेमा जोड दिएका छन्। ज्येष्ठ नागरिक समाजका अगुवा र अनुभवका खानी भएकाले उहाँहरुको भावनाअनुसार वर्तमान सरकार र अब बन्ने सरकारले काम गर्ने ज्येष्ठ नागरिकक अगुवाहरुको भनाइ छ।

अग्रज समाज नेपालका अध्यक्ष महाप्रसाद पराजुलीले ज्येष्ठ नागरिकले सरकारबाट उच्च सम्मान खोजेको र अब बन्ने सरकारले ज्येष्ठ नागरिकलाई सम्मान दिने विश्वास व्यक्त गर्दै ज्येष्ठ नागरिकको माग सम्बोधन र सडक बसेर चिच्याउनु परम्पराको अन्त्य हुने आशा गर्नुभयो।

अग्रज समाज नेपाल ज्येष्ठ नागरिकका हक-अधिकार लागि गत ५ वर्षदेखि सडक संघर्ष गर्दै आएको भन्दै उहाँले अब त्यो परम्पराको अन्त्य हुने बताउँदै त्यसका लागि सरकारले ज्येष्ठ नागरिकमैत्री नीति ल्याउनुपर्ने धारणा राख्नुभयो। अग्रज समाज नेपालले ज्येष्ठ नागरिकका लागि सामाजिक सुरक्षा भत्ता मासिक ५ हजार रुपियाँ हुनुपर्ने, औषधोपचार नि:शुल्क हुनुपर्ने, छोराछोरीले बाआमालाई घरैमा सम्मानका साथ पालेर राख्नुपर्ने र उड्ने र गुड्ने सवारीसाधनमा ज्येष्ठ नागरिकलाई ५० प्रतिशत भाडामा छुट हुनुपर्ने माग राख्दै आएको छ।

उक्त मागमध्ये आंशिक माग पूरा भए पनि सबै मागहरु पूरा हुनुपर्ने अग्रज समाज नेपालको धारणा छ। अग्रज समाजका सहअध्यक्ष नयन्द्र खड्काले अब बन्ने नयाँ सरकारले ज्येष्ठ नागरिकको माग सम्बोधन हुने विश्वास व्यक्त गर्नुभयो। नयाँ सरकारले ज्येष्ठ नागरिका भावना र विश्वासअनुसार काम गर्ने र ज्येष्ठ नागरिकले आफ्ना मागका लागि अब संघर्ष गर्नुपर्ने परम्पराको अन्त्य हुने बताउनुभयो।

सो अवसरमा अग्रज समाज नेपालका उपाध्यक्ष प्रभा लम्साल, कोषाध्यक्ष नन्द ढकाल, सचिव रामप्रसाद अधिकारी, सहसचिव सीता आचार्य, सदस्य हरिप्रसाद भट्टराई र सीताराम पुडासैनीले, सल्लाहकार डम्बरप्रसाद घिमिरे र गोविन्दप्रसाद निरौलालगायतले सरकारले ज्येष्ठ नागरिकका माग सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो।

## हजुरबुबा-हजुरआमा मार्ने पक्राउ

काठमाडौं (नेस)

सात वर्षअघि हजुरबुबा र हजुरआमाको हत्या गरी फरार भएका दाङका नरेशकुमार कुमाल चौधरीलाई केन्द्रीय अनुसन्धान ब्युरोले पक्राउ गरेको छ।

२०६७ जेठ २३ गते चौधरीले हजुरबुबा मणिराम कुमाल चौधरी र हजुरआमा आशा कुमाल चौधरीलाई हतियार प्रहार गरी मारेका थिए।

सीआईबीका प्रवक्ता प्रहरी उपरीक्षक जीवन श्रेष्ठका अनुसार प्रहरी टोलीले उनलाई सोमबार बाँकेको कोहलपुरबाट पक्राउ गरेको हो। हत्यापछि भारततर्फ भागेका चौधरी माघेसंक्रान्ती मनाउन घर आएको बेला सीआईबीले पक्राउ गरेको प्रवक्ता श्रेष्ठले जनाकारी दिनुभयो।

# भक्तपुरमा मकर मेला, दर्शनार्थीको घुइँचो

भक्तपुर, (नेस)

माघे संक्रान्तिको अवसरमा भक्तपुरका विभिन्न ठाउँमा मेला लागेको छ। भक्तपुरको तलेजुमा पनि विशेष पूजा गरिन्छ। गुठी संस्थानले उपलब्ध गराएको रकमबाट तलेजुका मूल पुजारी उत्तमाङ्गराज राजोपाध्यायले विशेष पूजा गरी विभिन्न परिकारहरु चढाई पूजा गरेको माघेसंक्रान्ती मनाइने तलेजुका मूल नाइने नरेन्द्रप्रसाद जोशीले बताउनुभयो।

घ्यू, चाकु, तिलको लड्डु, हरियो साग, तरुल खाएर मनाइने यस पर्वमा भक्तपुरको तौमढीस्थित तिलमाधव नारायण र सूर्यमढीस्थित वाकुपति नारायण मन्दिरमा दर्शनार्थीको भीड लागेको छ। यी मन्दिरहरुमा रहेका देवताको शरीरमा घ्यू र चाकु लगाइदिने गरिन्छ। गर्भवती महिलाले प्रसादका रूपमा यी नारायण देवताको नाइटोमाथिको घ्यू, चाकु खाएमा छोरा र नाइटोमुनि लगाइएको घ्यू, चाकु खाए छोरी लाभ हुने स्थानीय जनविश्वास रहेको छ।

नेवारी भाषामा घ्यू, चाकु सल्हुँ भनिने यस दिन भक्तपुरको चाँगुनारायण, सिपाडोलस्थित आशापुरी महादेव, डोलेश्वर महादेव मन्दिरमा पनि ठूलो मेला लागेको छ। हरेक वर्ष माघेसंक्रान्तीका दिन यी मन्दिरहरुमा भक्तजनको घुइँचो लाग्ने गर्दछ।

बिहान नुहाई-धुवाई गरी शरीरमा तेल घसेर घ्यू, चाकु, तिलको लड्डु, सागपात, तरुल खानाले शरीरमा गर्मीको मात्रा बढ्ने हृष्टपुष्ट हुने धार्मिक मान्यता रही आएको छ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति: १९८०/११

स्वर्गारोहण: २०७४/०९/२०

स्व. राम देवी जोशी

यस सनातन ईष्ट देवता गुठी (मरु जोशी)का सदस्य एवमं पूजा समितीका सदस्य श्री कनक विक्रम ध्वज जोशी तथा यस गुठीका सदस्य एवमं कार्य समितीका महासचिव श्री शम्भू विक्रम ध्वज जोशी द्वयका पूजनीय ममतामयी माता श्रीमति **राम देवी जोशी**को असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पूण्य तिथीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै यस दु:खद घडीमा शोक सन्तप्त परिवार जन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**सनातन ईष्ट देवता गूठी (मरू जोशी)**

परिवार

## घुँडाको शल्यक्रियापछि जुडो खेलाडी मगर डिस्चार्ज

काठमाडौं (नेस)



घुँडाको चोटको उपचारका लागि ग्रान्डी अन्तर्राष्ट्रिय अस्पतालमा भर्ना भएका जुडो खेलाडी रमेश मगर डिस्चार्ज भएका छन्। ग्रान्डी अनस्पतालका मेडिकल डाइरेक्टर तथा वरिष्ठ अर्थोपेडिक सर्जन डा. चक्रराज पाण्डे र टिमले उनको देब्रे घुँडाको सफल शल्यक्रिया गरेको हो। मगरले अर्को वर्ष नेपालमा हुने दक्षिण एसियाली खेलकुदमा सहभागी भएर राम्रो नतिजा निकाल्ने उद्देश्यसहित घुँडाको शल्यक्रिया गरेको जनाएका छन्। सन् २०१० मा बंगलादेशमा आयोजना भएको एघारौं दक्षिण एसियाली खेलकुद (साग) को उद्घाटनको अघिल्लो दिन लिफ्ट दुर्घटना पर्दा रमेशसहित अन्य नेपाली खेलाडी घाइते भएका थिए। दुर्घटनामा घाइते भएपछि मगर ६६ केजीमुनि तौल समूहमा प्रतिस्पर्धामा उत्रन सकेका थिएनन्। २ वर्षअघि भारतमा भएको १२औं सागमा कांस्य जितेर मगरले ढाका दुर्घटनाको पीडा बिर्सिएका थिए।

सन् २०१० को दुर्घटना २ वर्षअघिको सागमा फेरि बल्झिएपछि उनको अप्रेसन गरिएको हो। सन् २०१९ मा नेपालमा हुने सागमा स्वर्ण जित्ने उद्देश्य लिएका उनले ६ महिनापछि प्रशिक्षणमा फर्कने जनाएका छन्।

## 'पुनर्बहाली नगरेसम्म आन्दोलन जारी राख्छौं'

काठमाडौं, (नेस)

सामाजिक परिचालकहरुले आफूहरुलाई राज्यले धोका दिएको भन्दै पुनर्बहाली नगरेसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन्। गत पुस १४ गते राज्यमन्त्रीस्तरीय निर्णयले सामाजिक परिचालकलाई सेवाबाट बर्खास्त गर्ने निर्णय गरेको थियो।

अवकाश गरिएका कर्मचारीलाई पुन:स्थापना नगरिए आन्दोलनमा उत्रिने चेतावनी दिइएको हो। आन्दोलनका कार्यक्रमअन्तर्गत काठमाडौंको माइतीघरमा उनीहरुले दबाबस्वरूप सेवामा पुनर्बहालीको माग गर्दै धर्नामा बसेका छन्। नेपाल सामाजिक परिचालक कर्मचारी संघले बिनाकारण आफूहरुलाई अवकाश गरिएको भन्दै पुन:स्थापना गर्न सरकारसँग माग गरेका छन्। संघका अध्यक्ष सारिका राईले सामाजिक परिचालकलाई कर्मचारीमा पुन:स्थापना गर्न सरकारसँग माग गर्नुभयो।

उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'हाम्रो आन्दोलन शुरु भइसकेको छ। अब हामी आन्दोलनबाट पछि हट्दैनौं। करिब ५ हजार सामाजिक परिचालकलाई राज्यले बिनाकारण हटाएको छ। यदि कर्मचारीलाई पुनर्बहाली नगर्ने हो भने देशभरि आन्दोलनमा होमिन तयार छौं।'

सामाजिक परिचालकले ८ वर्षदेखि स्थानीय तहमा जोडिएर काम गर्दै आएका थिए। जनतासँग जोडिएर काम गरेको भन्दै आफूहरुको कार्यसम्पादनको मूल्यांकन नगरिकन हचुवाको भरमा अवकाश दिनु सरकारको गलत निर्णय भएको सामाजिक परिचालक देवीराम कुसारीले बताउनुभयो।

उहाँले भन्नुभयो- 'कार्यसम्पादनको मूल्यांकन नगरीकन होचुवाको भरमा अवकाश दिनु सरकारको बेइमानी हो। सरकारले ५ हजार कर्मचारीलाई हटाएको मात्रै छैन। कर्मचारीसँग जोडिएका ५ लाख परिवारको भविष्यमाथि खेलवाड गरेको छ।'

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सानोठिमी, भक्तपुर
स्तर निर्धारण महाशाखाको
श्री मकालु हेल्थ एकेडेमी, खादवारी, संखुवासभाको नाम परिवर्तन सम्बन्धमा ३५ दिने हकदावी उजुरी सम्बन्धी सूचना ।
प्रथम पटक प्रकाशित मिति २०७४।०९।२९

यस परिषद्बाट सम्बन्धन प्राप्त गरी सि.एम.ए तथा ल्याव असिष्टेन्ट तहको कार्यक्रम सञ्चालन गर्ने संस्था श्री मकालु हेल्थ एकेडेमी, खादवारी, संखुवासभाले नाम परिवर्तन गर्न यस परिषद् कार्यालयमा निवेदन दिएकोमा यस परिषद् कार्यालयको मिति २०७४।०५।०४ को निर्णय अनुसार उक्त संस्था प्रति कोही कसैको लेनदेन हकदावी, विरोध सम्बन्धी कुनै प्रकारको उजुरी भएमा यस कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण सहित हकदावी उजुरी गर्नु हुन सम्बन्धीत सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समयभित्र कसैको उजुरी नपरेमा संस्थाले माग गरे अनुसार कानूनी म्याद समाप्त भएपछि श्री मकालु हेल्थ एकेडेमी, खादवारी, संखुवासभाको नाम परिवर्तन भई नयां नाम श्री मकालु टेक्निकल इन्स्टिच्यूट प्रा.ली. खादवारी, संखुवासभा कायम भई जाने व्यहोरा जानकारी गराईन्छ । साथै म्याद नाघी आएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सानोठिमी, भक्तपुर । फो.नं. ०१-६६३०४०८

सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : राजनीतिक असफलता, राज्यभय, इज्जत-प्रतिष्ठा गुम्ने खतरा।
**वृष** : शारीरिक अस्वस्थता, आर्थिक नोक्सानी, कार्यमा बाधा, तनाव।
**मिथुन** : धन-सम्पत्ति प्राप्ति, समस्या समाधान, पुरस्कार, सम्मान पाइने।
**कर्कट** : धनलाभ, परीक्षा वा प्रतियोगितामा विजय, मन प्रफुल्लित।
**सिंह** : वायुजन्य रोगको भय, शोक-सन्ताप, गरिरहेको काममा बाधा।
**कन्या** : विवाद, झाडापखालाको सम्भावना, व्यर्थको दौडधुप।
**तुला** : आर्थिक लाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, गरेको काम सफल।
**वृश्चिक** : आर्थिक नोक्सानी, मानसिक चञ्चलता, समयको बर्बादी।
**धनु** : उपहारादि वस्तु प्राप्ति, धनलाभ, चिताएको कुरा पुग्ने सम्भावना।
**मकर** : स्वास्थ्य गडबड, चोटपटकको सम्भावना, निरर्थक खर्च, विवाद।
**कुम्भ** : आर्थिक आम्दानी, इष्टमित्रको सहयोग, खाद्यान्न प्राप्ति, सुख।
**मीन** : आनन्दको अनुभूति, थालनी गरिएको कार्य सफल, स्वास्थ्यलाभ।

# नेपाल

निर्वाचित जनप्रतिनिधि आएसँगै निर्णय प्रक्रियामा जनप्रतिनिधिहरूले काम गर्दा विधि पद्धतिअनुरूप नै काम भइरहेको र कर्मचारीलाई अनावश्यक दबाब नआउने भएकाले काम गर्न केही सहज भएको जानकारी दिए।

## सामाजिक सुरक्षाभत्ता वितरणमा ढिलाइ

**नेपाल समाचारपत्र**
बैतडी

बैतडीमा सामाजिक सुरक्षाभत्ता अझै वितरण हुन सकेको छैन। आर्थिक वर्ष ०७४/७५ को पहिलो चौमासिकको सुरक्षाभत्ता कात्तिकमै वितरण हुनुपर्ने भए पनि हालसम्म वितरण नभएको हो। चौमासिकरूपमा वितरण गर्दै आइएको सुरक्षाभत्ता चालू आर्थिक वर्ष शुरू भएदेखि हालसम्म नपाउँदा अपांगता भएका व्यक्ति, एकल महिला वृद्धवृद्धालाई निकै समस्या भएको छ।

बैतडीका स्थानीय तहहरूले समयमै सामाजिक सुरक्षाभत्ता वितरण गर्न नसक्दा नागरिक निराश बन्न थालेका छन्। बैतडीमा रहेका १० स्थानीय तहमध्ये दशरथचन्द नगरपालिका र पाटन नगरपालिकाबाहेकका स्थानीय तहहरूले समयमै सामाजिक सुरक्षाभत्ता वितरण गर्न सकेका छैनन्। जेष्ठ नागरिक, दलित जेष्ठ नागरिक, एकल महिला, बाल पोषणभत्तालगायतका सबै सामाजिक सुरक्षाभत्ता वितरण हुन सकेका छैनन्।

संघीय संरचनाअनुसार देशमा स्थानीय तह भइसकेपछि जनताले सबै सेवा सुविधा गाउँघरमै समयमा पाउँछौं भन्ने आशा राखेका थिए। तर बैतडीमा जेष्ठ नागरिक एकलमहिला, अपांगता भएका व्यक्तिलगायतले पाउनुपर्ने सामाजिक सुरक्षाभत्ता अझै नपाउँदा यहाँका नागरिकले स्थानीय तहभन्दा पहिलेको निकाय हुँदा नै सजिलो थियो भन्न थालेका छन्। स्थानीयस्तरमै सरकार पाउँदा पनि धेरै जसो गाउँका नागरिकलाई स्थानीय सरकार के हो? भन्नेसमेत थाहा नभएको सुर्नयाकी माया लुहारले बताउनुभयो। उहाँले भन्नुभयो- 'स्थानीय सरकारमा सबै सुविधा हुन्थे भन्थे, तर झन् आफूले अहिलेसम्म राज्यबाट पाउनुपर्ने सुविधासमेत पाएकी छैन।' 'जनप्रतिनिधि आउनुभन्दा अघि बरु चार-चार महिनामा भत्ता पाइन्थ्यो' -पुर्चौडी नगरपालिका-१० की ६८ वर्षीया हरिना महराको भनाइ रहेको छ।

स्थानीय तहहरूले सामाजिक सुरक्षाभत्ता पाउने नागरिकको तथ्यांक समयमै अद्यावधिक गर्न नसक्दा सामाजिक सुरक्षाभत्ता वितरण गर्न नसकेका हुन्। साविकका गाविसमा वितरण हुने सामाजिक सुरक्षाभत्ता पाउभने तथ्यांक अद्यावधिक नहुँदा वितरण गर्न नसकिएको सुर्नया गाउँपालिकाका कार्यकारी अधिकृत गणेशसिंह ऐरीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'सामाजिक सुरक्षाभत्ता पाउने नागरिकको तथ्यांक अद्यावधिक गरिसकिएको र दुई चौमासिकको एकैपटक भत्ता वितरण गर्ने तयारी गरिरहेका छौं।' सामाजिक सुरक्षाभत्ता पाउने नागरिकको तथ्यांक अद्यावधिक नहुँदा सामाजिक सुरक्षाभत्ता वितरण गर्न नसकिएको पुरचौंडी नगरपालिकाका निमित्त कार्यकारी अधिकृत पृथ्वीराज अवस्थीले बताउनुभयो।

साउनदेखि कात्तिकसम्मका लागि पहिलो चौमासिकमा २ करोड २२ लाख रुपियाँ निकासा हुनुपर्नेमा १ करोड १७ लाख मात्रै बजेट निकासा भएकाले सामाजिक सुरक्षाभत्ता वितरण नगरिएको पुर्चौडी नगरपालिकाले जनाएको छ। नगरपालिकाले लाभग्राहीको सही विवरण स्थानीय विकास मन्त्रालयको पञ्जीकरण विभागमा पठाउन नसक्दा रकम रोकिएको नगरपालिकाका उपप्रमुख जयन्ती ऐरबमले बताउनुभयो। 'विगतमा वडा सचिवहरूले मृत्यु भइसकेका व्यक्तिलाई पनि भत्ता वितरण गरेछन्', उहाँले भन्नुभयो- 'पूर्ण व्यक्तिगत विवरणविना नै भत्ता वितरण गरिएकाले अहिले समस्या आयो।'

अहिले लाभग्राहीको पूर्ण विवरण मन्त्रालयमा पठाउने काम अन्तिम चरणमा पुगेकाले केही दिनमै समाजिक सुरक्षा भत्ता वितरणको काम शुरू हुने नगर उपप्रमुख ऐर बमले बताउनुभयो।

केन्द्रको सरकार गाउँघरमा भने पनि नागरिकलाई अझै पाउनुपर्ने सेवा सुविधा पाउन पनि सकस हुँदै आएको छ। नागरिकले झेल्दै आएका समस्या समाधानतर्फ निर्वाचित जनप्रतिनिधिको ध्यान जान आवश्यक छ।



नुवाकोट र रसुवाको संगमस्थल बेत्रावतीमा माघेसंक्रान्तिको अवसर पारी गोरु जुधाइँदै। तस्वीर : शालिकराम चालिसे/ नुवाकोट

## टुक्रे योजनामा सकिँदै स्थानीय तहको बजेट

**राम धामी, डडेल्धुरा**

जनताको घरदैलोका सरकार मानिने स्थानीय तहमा जनप्रतिनिधि चुनिएको ७ महिना बितिसक्दा पनि सेवाग्राहीले अपेक्षाअनुसार सेवा पाउन सकेका छैनन् भने अधिकांश स्थानीय तहमा पुरानै प्रवृत्ति र समस्या कायम रहेको उनीहरूको गुनासो छ।

डडेल्धुरा जिल्लामा रहेका २ वटा नगरपालिका र ५ गाउँपालिकामा विकास निर्माणको गति सुस्त रहेको स्थानीयको गुनासो छ। जिल्लाका अधिकांश स्थानीय तहमा वार्षिक कार्ययोजनाअनुसार चालू आर्थिक वर्षमा सम्पन्न गरिने योजनाहरूको सम्झौतासमेत हुन सकेको छैन।

झण्डै ५० दिनसम्म कार्यालय नै बन्द रहेको अमरगढी नगरपालिकाले विकास बजेटको चालू आर्थिक वर्षमा २० देखि २५ प्रतिशतसम्म विकास बजेट खर्च भएको सूचना अधिकृत लालबहादुर साँउदले जानकारी दिए। उनले वडा कार्यालयबाट आएका अधिकांश योजना टुक्रे योजना रहे पनि नगरपालिकास्तरबाट नगर क्षेत्रको दिगो विकासमा टेवा पुर्‍याउने किसिमका ठूला योजना कार्यान्वयनको चरणमा रहेको जानकारी दिए।

जनप्रतिनिधिबीच उत्पन्न विवादका कारण लामो समयदेखि लगाइएको तालाबन्दी खुलेपछि अब धमाधम काम हुने सूचना अधिकृत साँउदले बताए। उनले जनप्रतिनिधि आएपछि कर्मचारीलाई कार्य सम्पादनमा केही सहज भएको जानकारी दिए। परशुराम नगरपालिकाको अवस्था पनि उस्तै छ। चालू आर्थिक वर्षका लागि झण्डै २६ करोडभन्दा बढी विकास बजेट रहेको परशुराम नगरपालिकाले १ करोड जति विकास बजेट खर्च गरेको परशुराम नगरपालिकाका लेखा अधिकृत खेमराज ओझाले जानकारी दिए।

परशुराम नगरपालिकामा पनि वडास्तरबाट आएका अधिकांश योजना टुक्रे योजना रहेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ईश्वरलाल शाक्यले जानकारी दिए। उनले निर्वाचित जनप्रतिनिधि आएसँगै निर्णय प्रक्रियामा जनप्रतिनिधिहरूले काम गर्दा विधि पद्धतिअनुरूप नै काम भइरहेको र कर्मचारीलाई अनावश्यक दबाब नआउने भएकाले काम गर्न केही सहज भएको जानकारी दिए। स्थानीय तहमा विकास बजेट खर्च गर्ने सवालमा अजयमेरु र गन्यापधुरा गाउँपालिका अगाडि देखिएका छन्। अजयमेरु गाउँपालिकाका अध्यक्ष उमेशप्रसाद भट्ट 'विकास'ले चालू आर्थिक वर्षको पहिलो चौमासिक अवधिमा ३३ प्रतिशत विकास बजेट खर्च भएको जानकारी दिए। कात्तिक मसान्तसम्म ३३ प्रतिशत विकास बजेट खर्च गरेको अमजयमेरु गाउँपालिकाले हालसम्म जम्मा विकास बजेटको झण्डै ५० प्रतिशत खर्च गरेको अनुमान जनप्रतिनिधिको छ।

गन्यापधुरा गाउँपालिकाका अध्यक्ष नवलबहादुर मल्ल हालसम्म विकास बजेट झण्डै ३५ प्रतिसतको हाराहारीमा खर्च भएको अनुमान गर्छन्। 'वास्तविक खर्चको विवरण त तयार भएको छैन', उनले भने- 'तर, अन्दाजी ३५ प्रतिशत विकास बजेट खर्च भइकसको छ।'

आलिताल गाउँपालिकाका अध्यक्ष बलबहादुर गुरुङले २० देखि ३० प्रतिशत विकास बजेट खर्च भएको जानकारी दिए। उनले विकासका थुप्रै योजना सम्पन्न भइसके पनि भुक्तानी प्रक्रियामा नआएका कतिपय योजनाको खर्च समावेश नगरिएकाले बजेट खर्च कम भएको स्पष्ट पारे। जनप्रतिनिधि आएसँगै आलिताल गाउँपालिकामा सुशासन र पारदर्शिताका पक्षमा थुप्रै काम भइरहेको र गाउँपालिकावासीमा जनप्रतिनिधिप्रतिको विश्वास बढदै गएको उनले जानकारी दिए। पछिल्लो एकसातासम्म तालाबन्दी भई आइतबारदेखि ताला खोलिएको नवदुर्गा गाउँपालिकाका अध्यक्ष कविन्द्र विष्ट पनि चालू आर्थिक वर्षको विकास बजेटमध्ये २० देखि २२ प्रतिशत बजेट खर्च भएको बताउँछन्। उनले जनप्रतिनिधि आएसँगै आम जनताको छिटो छरितो काम भइरहेको बताए।

लामो समयसम्म जनप्रतिनिधिले तालाबन्दी गरेको भागेश्वर गाउँपालिकाले पनि झण्डै २० देखि २५ प्रतिशत विकास बजेट खर्च गरेको छ। गाउँपालिकाको केन्द्र तोक्ने सवालमा उत्पन्न विवादका कारणसमेत सो गाउँपालिकाको कार्य सम्पादनमा जटिलता उत्पन्न भएको स्थानीय अगुवाहरू बताउँछन्। जिल्लाका अधिकांश स्थानीय तहले हालसम्म खर्चिएको बजेट पनि दीर्घकालीनभन्दा टुक्रे योजनामा केन्द्रित बढी भएको आरोप स्थानीय अगुवाहरूको छ। अधिकांश स्थानीय तहमा आधाभन्दा बढी योजनाको सम्झौता हुन बाँकी छ। शुरू भएका विकास योजना पनि अलपत्र अवस्थामा छन्। व्यवस्थित तथा एकीकृत विकास हुने आशमा रहेका सर्वसाधारण जनप्रतिनिधिको कार्यशैलीले निराश छन्।

स्थानीय तहले हाल योजना निर्माण र इस्टिमेट शुरू गरेको पाइएको छ। स्थानीय तहले प्राथमिकता क्षेत्र छुट्याएर विशेष योजना बनाउन नपाएको जनप्रतिनिधि बताउँछन्। जिल्लाका ७ वटै तहमा जनताको जीवनस्तर उकास्ने खालका योजना लागू गरिएको छैन। विकास निर्माणका विषयमा जनप्रतिनिधिबीच सहमति र समन्वय अभाव छ। 'अल्पमत र बहुमतका आधारमा विकास निर्माण योजना पास गर्ने संस्कार शुरू भएको छ', भित्रिमधेस क्षेत्रको परशुराम नगरपालिकामा कार्यरत एक कर्मचारीले भने- 'जसरी काम शुरू हुनुपर्थ्यो, भएको छैन। सबै कुरा अन्योलमा चलिरहेको छ।' पहुँचका आधारमा योजना बन्ने र विकास बजेट पनि कार्यकर्तामुखी योजनामा छर्ने परम्परा जनप्रतिनिधिले तोड्न नसकेको आरोप स्थानीयको छ।

निर्वाचित जनप्रतिनिधिले निर्वाचनका बेला दिएका आश्वासन पूरा गर्नका लागि बस्ती-बस्तीमा टुक्रे योजना कार्यान्वयन गर्न थालेको स्थानीय अगुवा हरिप्रसाद पनेरुले बताए। उनले वडास्तरबाट कार्यान्वयन भइरहेका अधिकांश योजना टुक्रे योजना भएको जानकारी दिए। योजना कार्यान्वयनका साथै स्थानीय सरकारका रूपमा रहेका स्थानीय तहले सेवा प्रवाहमा पनि सुधार ल्याउन नसकेको जिल्लावासीको अनुभव छ।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९,
९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**



नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर ●गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

तातोपानी आसपासका गुफाभित्र नुनजस्तै पदार्थ रहेकाले पशुवस्तुलाई खुवाउन सोको प्रयोग कालै, जिमा, रारा आसपासका सर्वसाधारणले गर्ने गरेका छन्। तातोपानी आसपासमा होटल र धर्मसालासमेत नहुँदा गुफाभित्र बास बस्ने गरेको रारा-५ सुकवीर रावल बताउँछन्।

# नेपाल

## संक्षेप समाचार

### रिडीमा श्रद्धालुको घुइँचो

गुल्मी, (नेस)

तीन जिल्लाको संगमस्थल ऐतिहासिक क्षेत्र धाम गुल्मीको रुरुस्थित रिडीमा माघेसंक्रान्ति मेलाको अवसरमा विविध कार्यक्रम शुरू भएको छ। गुल्मी, पाल्पा र स्याङजाको संगमस्थल रुरु गाउँपालिकाको रिडीमा विगतका वर्षमा जस्तै यस वर्ष पनि रुरु फ्रेन्ड क्लबको आयोजना र रुरुस्थित आधा दर्जनभन्दा बढी संघ संस्थाको संयोजनमा माघ १ गते देखि ५ गतेसम्म विविध कार्यक्रमको आयोजना गरिएको रुरु फ्रेन्ड क्लबका अध्यक्ष रामलाल विश्वकर्माले जानकारी दिए।

### रुरुमा भव्य मेला

पाल्पा, (नेस)

मकर संक्रान्तिका अवसरमा पाल्पा, स्याङजा र गुल्मीको संगमस्थल नेपालको वनारसको उपनामले परिचित रुरु क्षेत्रमा सोमबार बिहानैदेखि भव्य मेला शुरू भएको छ। यो मेला ३ दिनसम्म कायम रहनेछ। यस क्षेत्रकै सबैभन्दा ठूलो तीर्थस्थलका रूपमा परिचित रिडीको काली गण्डकीमा स्नान गरी यहाँको प्रसिद्ध तीर्थ ऋषिकेशवको दर्शन गरेमा सम्पूर्ण पापबाट मुक्ति पाई स्वर्गमा बास पाइन्छ भन्ने धार्मिक विश्वासका साथ टाढा-टाढाबाट मानिसहरू पूजाआजा र स्नानका लागि आउने गर्दछन्। यहाँ यस अवसरमा विशेष प्रकारको चहलपहल हुने गर्दछ।

### मकर नुहाउनेको भीड

इलाम, (नेस)

मकर संक्रान्तिको अवसरमा इलामको माई र जोगमाईखोलाको संगमस्थलमा सोमबारदेखि माइबेनी मेला शुरू भएको छ। मेलामा मकर नुहाउने, पूजाआजा गर्ने, बली चढाउने, परेवा उडाउने, व्यापार गर्ने र रमाइलो गर्न जानेको भीड छ। इलाम नगरपालिका र माइजोगमाई गाउँपालिका वडा नम्बर ४ नामसालिङको बीचमा लाग्ने मेलामा पहिले एक सातासम्म मानिसहरूको भीड लाग्ने गर्दथ्यो। तर द्वन्द्वकालपछि त्यो क्रम घटेर मेला तीन दिनसम्म मात्रै लाग्ने गरेको छ। मेची राजमार्गको गोदक खण्डबाट नजिकै पर्ने त्यस ठाउँमा मेला भर्न जानेक्रम जारी छ।

### कुस्माण्ड सरोवरमा मेला शुरू

हेटौंडा, (नेस)

मकवानपुरको प्रमुख धार्मिक तथा पर्यटकीय क्षेत्रका रूपमा विकसित हुँदै गरेको हेटौंडाको कुस्माण्ड सरोवर त्रिवेणीधाममा एक महिने मकर मेला शुरू भएको छ। हरेक वर्ष माघ महिनाभर मेला लाग्दै आएको त्यस क्षेत्रमा यस वर्ष पनि एक महिनासम्म मकर मेला शुरू भएको हो। कुस्माण्ड सरोवर त्रिवेणीधाममा हरेक वर्ष माघ महिनाभर मेला लाग्ने कुस्माण्ड सरोवर त्रिवेणीधाम विकास समिति अध्यक्ष ईश्वरीप्रसाद न्यौपानेले जानकारी दिनुभयो। महोत्सवमा महिनाभर १ सय ८ गौमुखी धारामा मकर स्नान, दैनिक भागवत पाठपारायण, ख्यातिप्राप्त गुरुजनबाट दैनिक प्रवचन, भजन कीर्तन, साँझ आरती, सामूहिक ब्रतवन्ध र समापन कार्यक्रम तय गरिएको अध्यक्ष न्यौपानेले बताउनुभयो।

### माघीको रौनक

भद्रपुर, (नेस)

मकर संक्रान्ति (माघी पर्व) को अवसरमा प्रत्येक वर्षझैं यसवर्ष पनि झापाको कनकाई नगरपालिकास्थित कनकाई (माई) नदी किनारमा बृहत् धार्मिक माइबेनी मेला लागेको छ। मेची अञ्चलकै चर्चित धार्मिकस्थल मानिएको कनकाईमाई नदीमा मकर संक्रान्तिको अवसरमा पूर्वकै सबै ठूलो धार्मिक मेला लाग्छ। यहाँ पूर्वका विभिन्न जिल्लासहित छिमेकी राष्ट्र भारतबाट समेत भक्तजनहरू आउने गरेकाले घुइँचो लागेको छ। धार्मिक परम्पराअनुसार मकर संक्रान्तिका दिन सूर्य उत्तरायण भएका बेला गरिएको स्नान, दान, जप, तप, तीर्थ र ब्रतलाई उत्तम मानिएको छ।

### दुईदिने महास्नान शुरू

डोटी, (नेस)

माघ १ गते अर्थात् मकरसंक्रान्तिको अवरमा डोटीको प्रसिद्ध धार्मिकस्थल वासुधारामा दुई दिने महास्नान मेला शुरू भएको छ। मेला भर्न यहाँका गाउँ-गाउँबाट बिहानैदेखि सयौको संख्यामा स्थानीय भक्तजनको घुइँचो लागेको होटेल व्यवसायी संघ डोटीका अध्यक्ष तथा स्थानीयवासी दीपकबहादुर खड्काले बताउनुभयो। वासुधारा क्षेत्र विकास समितिको आयोजनामा उक्त स्नान मेला शुरू भएको हो। आजको दिनभरिमा उक्त वासुधारा क्षेत्रमा नुहाए सम्पूर्ण पाप नाश हुने तथा धर्म कमाइनुका साथै सोचेको फल मिल्ने किम्बदन्ती भएका कारण उक्त वासुधारा क्षेत्रमा स्नान गर्नेहरूको पनि बिहानैदेखि घुइँचो लागेको छ।

# जीवन खोज्दै मसानघाटमा मजदुरी



नानीराम नेपाल, सिन्धुपाल्चोक

गाउँमा आम्दानीको आधार नभएपछि सुर्खेत चिसापानीका रामबहादुर सुनार र उनकी पत्नी गीता ३ वर्षको छोरो लिएर मसानघाटको मजुदूरीका लागि जुरेको बगरमा आइपुगेका छन्। बिहानको सात नबज्दै उनीहरूका हात बजारिन्छन् बगरमा।

दिनभर बगरमा बालुवा झिक्छन्, साँझ अबेर बगरको एकाछेउमा बनाइएको 'पालघर' मा पस्छन् उनीहरू। सुर्खेतमा गरिखाने काम नै पाएनन् रे उनीहरूले, शहरमा केही समय दुःख गर्दा आफ्नो कमाइले आफैंलाई नपालेको बताउँछन् उनी। 'यहाँ बालुवाको काम चलेको छ भने, कमाइ पनि राम्रै हुन्छ भनेर आएको हुँ', आइतबार जुरेको बगरमा बालुवा चालिरहेका उनले भने- 'दिनमा ७ सय कमाइन्छ, दुई जनाको १४ सय भइगयो।'

मनभरि वेदना छ, मुटुभरि चोट छ। अभावमा जेलिएपछि सुर्खेतकी ३० वर्षीया पार्वती परियारले जिन्दगीमा कहिल्यै सुखको सास फेर्न सकिनन्। जुरेको कच्ची सडकमा गाडी उफ्रिएझैं विगत सम्झँदा उनका आँखामा आँसु छचल्किन्छन्। दुई वर्षअघि मुटुरोगले उनका श्रीमान् जुने मरे। आर्थिक अभावकाबीच मुटुरोगसँग मुकाविला गर्ने हैसियत नभएपछि पतिको मृत्यु स्वीकार गर्नुको अर्को विकल्प थिएन उनीसँग। पति वियोगपछि आफैं बेसहारा बनेकी उनी दुई बालबच्चाको दरिलो सहाराका लागि सुनकोसीको बगरमा सावेल उठाउँदै छिन्। 'गरिब भएकै कारण श्रीमान्को उपचार गर्न सकिएन, श्रीमान बितेपछि अब हामीलाई कसले पो हेर्छ र', उनी सुनाउँछिन्- 'बालबच्चा पढाउन यहाँ दुःख गरिरहेकी छु।' बालबच्चालाई पढाएर ठूलो मान्छे बनाएपछि भोलि केही अप्ठ्यारो परे तिनै बालबच्चाले हेर्ने विश्वास छ उनीसँग। ठेकेदारले बगरमै उनीहरूका लागि खान र बस्नको व्यवस्था मिलाइदिएका छन्।

दैलेखका ३४ वर्षिय भरतबहादुर बुढा। भारतको आवतजावत उनका लागि पानीपँधेरो जस्तै थियो। २० वर्षसम्म भारतमै मजदूरी गरे उनले। भारतको भौतिक विकासमा दैलेखी भरत बुढाको पनि पसिना मिसिएको छ भन्दा फरक पर्दैन। भारतको मजदूरी छाडेर उनी यतिबेला जुरे पहिरोको बगरमा बालुवा झिक्दैछन्। उनको अनुभवले भन्छ- 'यो देशको जुनसुकै भूगोलमा गए पनि मजदूरीभित्र आत्मसम्मान छ। भारतमा कहिल्यै पनि आत्मसम्मान महसुस भएन ।'

वर्षौंसम्म भारतमा पसिना बगाएका उनी सुनकोसीमा आई मजदूरी गरिरहँदा आफ्नै गाउँझैं लागेको उनी सुनाउँछन्। भारतमा सडकको मजदूरी गर्दा उनी मासिक १६ हजार मात्रै कमाउँथे, सुनकोसीको बगरमा दैनिक ७ सय बढी कमाइ भइरहेको छ उनको। 'इन्डियामा भन्दा राम्रो काम र धेरै कमाइ हुन्छ भनेर यता आया हौं', दैलेखका अर्का नवराज थापा भन्छन्- 'बालुवाको काम राम्रै छ, खाने बस्ने साहुकै हो दिनमा ७ सय कमाइ हुन्छ।'

३ वर्षअघि १ सय ४५ जनाको जीवनलीला समाप्त भएको ठाउँ। जुरे, ड्यामसाइटको उजाड बगरमा यतिबेला सयौं मानिस जीविकोपार्जनको आधार खोजीरहेका छन्। २०७१ साउन १७ को रात इटीनीको पहाडै खस्दा बस्ती नै पुरिए। पहिरोमा दर्जनौं मानिस पुरिए, पहिरोमा पुरिएका उनीहरूको लाससम्म पनि भेटिएन तिनताका। लाससम्म नभेटिएको त्यही बगरमा यतिबेला मजदूरहरूको गाँस भेटिन्छ, आस भेटिन्छ। दर्जनौं मानिसको चिहान बनेको त्यही ठाउँमा मानिसहरू साँझबिहान मजदूरी गरिरहेका छन्। १ सय ४५ जनाको जीवन नै समाप्त भएको त्यही मसानघाटमा मजदूरहरू आफ्नो जीवन खोजीरहेका छन्। न डर, न त त्रास नै छ। मसानघाटका मजदूरहरूमा आर्थिक उपार्जनको आश मात्रै छ।

बगरभरि मानिसहरू छन्, ठाउँ-ठाउँमा पाल र टेन्ट राखिएका छन्। जुरे आसपासका स्थानीय मजदूर बिहान झिसमिसेमै बगर झर्छन्, साँझ अबेर घर फर्कन्छन् बास बस्न। तर बाहिरी जिल्लाका मजदूरहरूका लागि मसानघाटको बगर नै घर भइदिएको छ। बगरमै खान्छन्, बगरमै रात कटाउँछन् अनि बगरमै साँझ बिहान पसिना बगाउँछन् उनीहरू। सुनकोसीको चिसो सिरेटोमा उनीहरू जिन्दगीमा सुखको 'तातो' खोजीरहेका छन्। बगरमा बालुवा मात्र चालेका छैनन् उनीहरूले, आफ्नै जीवन नै चालीरहेका छन्। अभाव र दुःखको गेगर फाल्दै सुखका बालुवा थुपारीरहेका छन् उनीहरू। मसानमा जीवन खोजीरहेका उनीहरू पानी न अडिने बालुवामा जिन्दगानी अड्याउँदैछन्झैं लाग्छ। अभाव र दुःखलाई सुनकोसीमै बगाएर पसिनाको कमाइ लिई फर्कने अभिलाशा छ उनीहरूसँग।

# जाडो बढेपछि तातोपानीमा नुहाउनेको भीड

वीरबहादुर बम, मुगु



पृथ्वीको गर्भबाट निस्किएको तातोपानीमा नुहाएर अनि पिएर पेट र छालाको रोग सञ्चो हुन्छ भन्ने मान्यताले मुगु, हुम्ला, बाजुरा र कालिकोटका सर्वसाधारणको तातोपानीमा हिउँद सिजनमा ठूलो भीड लाग्ने गर्दछ। तातोपानीमा ५ हजारसम्म मान्छेसमेत अटाउने गुफा रहेको अर्को पनि एउटा सानो गुफा रहेको जुन गुफा हेरेर र चिसोबाट बच्नसमेत गुफाभित्र सर्वसाधारण बास बस्ने गरेका छन्।

तातोपानी आसपासका गुफाभित्र नुनजस्तै पदार्थ रहेकाले पशुवस्तुलाई खुवाउन सोको प्रयोग कालै, जिमा, रारा आसपासका सर्वसाधारणले गर्ने गरेका छन्। तातोपानी आसपासमा होटल र धर्मसालासमेत नहुँदा गुफाभित्र बास बस्ने गरेको रारा-५ सुकवीर रावल बताउँछन्।

छायाँनाथ रारा नगरपालिकाको तातोपानीको वडा नं. २ भौसेकुना र सोरु गाउँपालिकाको वडा नं. ७ को कुलाहाँमा तातोपानीका मुहान रहेका छन्। हिउँद सिजनमा तातोपानीमा नुहाउन जानेको भीड बाक्लो देखिन्छ। हिउँद सिजनमा घरको चिसोपानीमा नुहाउन नसकिने र छाला, ग्यास्टिक, लुतोलगायतका रोग तातेपानीमा नुहाएपछि सञ्चो हुन्छ भन्ने मान्यताले तातोपानीका मुहानमा नुहाउनको लागि बाटोमा खाने नास्ता खानासमेत बोकेर आउने गरेका छन्। तातोपानीमा बालकदेखि वृद्धासम्मका महिला पुरुषको घुइँचो देख्न सकिन्छ।

२/३ दिन पैदल लगाएर पुगिने तातोपानीमा नुहाउनाले छाला रोग, मुटु दुख्ने रोगसमेत निको हुने मान्यताले मुगुका २४ वटै गाविस र बाहिरी जिल्लाबाट पनि हजारौंको संख्यामा मानिस आउने र आफूहरू जन्मेदेखि वर्षेनी तातोपानीमा शरीरको उपचारका लागि आउने गरेको कुरा रारा-२ की माघी सार्की बताउँछिन्।

तातोपानी पिएमा ग्यास्टिकसमेत निको हुने भन्दै सर्वसाधारणले तातोपानी पिउने गर्दछन्। तातोपानीमा दिउँसो नपाइने हुँदा रातभर नुहाउन बास बसेर नुहाउने गर्दछन्। रातभरको जाडोबाट बच्न तातोपानीको गुफामा बास बस्ने र रातभर आगो ताप्ने गर्दछन्।

मुगुका यी २ स्थानमा तातोपानीका मुहान रहेको, हिउँद सिजनमा नुहाउन एक दिन पनि खाली नहुने र मुख्य गरी भइले पुनि, माघे संक्रान्ति, माघ पुनि र हिउँदे चाड पर्वमा औषधि उपचार राम्रो हुन्छ भन्ने मान्यताले तातोपानीमा नुहाउनेको भीडभाडले झगडासमेत हुने गरेको कुरा तातोपानीमा नुहाउन आएका स्थानीय महिला बताउँछन्। हिउँद सिजनमा तातोपानीमा नुहाउन आउनेको व्यापक उपस्थिति र स्थानीय देउडालगायतका स्थानीय संस्कृतिले तातोपानी आसपासमा रमाइलो हुने गरेको छ। तातोपानीमा नुहाउनकै लागि छिमेकी जिल्ला हुम्ला र बाजुराबाट समेत ४-५ दिनको पैदल हिँडेर आई तातोपानीमा २-३ दिन बासबसेर फर्किने गर्दछन्।

कर्णाली नदी किनारमा रहेका ती तातोपानी मुहान र संरक्षणमा पर्यटन विकास केन्द्रले कहीं पूर्वाधार निमार्णको व्यवस्था गरे पनि उपभोक्ता समितिले सम्झौताअनुसारको काम नभई अनियमितताले विकासका पूर्वाधार भने पूर्ण हुन सकेका छैनन्। तातोपानीसम्म पुग्न बाटो साँघुरो भएकाले नदी किनारमा दोहोरो आवतजावतमा समस्या हुने गरेको छ।

कालान्तरबाट तातोपानी रहँदै आएको तातोपानीमा नुहाउँदा र पिउँदा शरीरको धेरै रोग निको हुने मान्यताले हुम्ला, बाजुरा र कालिकोट जिल्लाबाट समेत आउँदा तातोपानी कुलाहाँमा धेरैदिन कुनुपर्ने थियो । हाल केही धारा बनाएपछि सहजता आएको कुरा स्थानीय वृद्ध महिला बताउँछन्।

कुलाहाँको तातोपानी आसपासमा २ वटा ठूला गुफा भेटिएका, चुनढुंगा भटिए पनि त्यसको अनुसन्धान र संरक्षण एवं संवर्द्धनको लागि कसैको ध्यान जान सकेको छैन। तातोपानीमा नुहाउनको लागिसमेत धारा व्यवस्थित नहुँदा लामो पालो पर्खिनुपर्ने बाँध्यता रहँदै आएको छ। कतिपय बालबालिका र वृद्धवृद्धा पालो नपाएर रित्तै घर फर्किने गरेका छन्। पर्यटन प्रवर्द्धनमा तातोपानी आसपासका स्थान कर्णाली नदी, कुलाहाँ जिउँला, पेर गाउँलाई व्यवस्थित गर्न सके पर्यटन आगमन र आम्दानीमा वृद्धि गर्न सकिने सोरुका स्थानीयको भनाइ छ।

## मोटरसाइकल चोरी गर्ने आठ पक्राउ



भद्रपुर, (नेस)

मोटरसाइकल चोरीमा संलग्न भएको आरोपमा झापामा ८ जनालाई पक्राउ गरेको छ। प्रहरीले अभियुक्तको साथबाट ६ वटा मोटरसाइकलसमेत बरामद गरेको इलाका प्रहरी कार्यालय बिर्तामोडले जनाएको छ।

लामो समयदेखि झापाको बिर्तामोडमा मोटरसाइकल हराउने क्रम बढेसँगै प्रहरीले थालेको नियन्त्रण अभियानअन्तर्गत ८ मानिससहित ६ वटा मोटरसाइकल नियन्त्रणमा लिएको छ। यातायात व्यवस्था कार्यालय मेचीमा हेर्दा पक्राउ परेका सवारीसाधन दर्ता नभएको पाइएको प्रहरीले जनाएको छ।

प्रहरीले झापाको बिर्तामोड नगरपालिका वडा नं. ६ का सुदीप रिजाल, १० का वीरेन्द्र लिम्बु, २ का हरि न्यौपाने, कचनकवल गाउँपालिका-२ का संजोग लिम्बु, कन्काई नगरपालिका-२ का विशाल पुरी, अभिषेक मगर, अर्जुनधारा नगरपालिका-२ का ओमप्रकाश सेन्चुरी (विश्वकर्मा) र भद्रपुर नगरपालिका-२ का युवराज राई रहेका छन्।

अभियुक्तका साथबाट प्रहरीले २ वटा रोयल इन्फिल्ड (बुलेट) र ४ वटा बजाज कम्पनीको पल्सर मोटरसाइकल बरामद गरेको बताएको छ। बिर्तामोड प्रहरीका डीएसपी कृष्णप्रसाद कोइरालाले पक्राउ परेका मोटरसाइकल मेची भन्सार कार्यालय काँकडभिट्टा पठाएको बताए। पक्राउ परेकामाथि अदालतबाट म्याद थप गरी अनुसन्धान शुरू गरिएको जानकारी उनले दिए।

हार्दिक समवेदना



जन्म मिति :
वि.स. १९८० फागुन चर्तुथी

स्वर्गारोहण मिति :
वि.स. २०७४ पौष २०

स्व. रामदेवी जोशीको

नेपाली कांग्रेस का.म.न.पा वडा नं. २ का क्रियाशिल सदस्य श्री कनक बिक्रम ध्वज जोशीका ममतामयी माता **रामदेवी जोशीको** असामयीक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथीमा सम्पूर्ण शोक सन्तप्त परिवार प्रति धैर्य धारण गर्न सक्ने शक्ति भगवान पशुपतिनाथले प्रदान गरुन भनि समवेदना व्यक्त गर्दछौं ।

**नेपाली कांग्रेस का.म.न.पा वडा नं. २ परिवार**

हार्दिक श्रद्धाञ्जली



जन्म :
१९८०/फाल्गुण/
चतुर्दशी तिथि

स्व.रामदेवी जोशी

स्वर्गारोहण :
२०७४ पौष २०
तुतिया तिथि

यस जोशी समाज काठमाण्डौंका निवर्तमान अध्यक्ष श्री कनक विक्रम ध्वज जोशी तथा केन्द्रिय प्रतिनिधि शम्भु बिक्रम ध्वज जोशीका ममतामयी आमा **रामदेवी जोशीको** असामयिक भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुः खद घडीमा रहनु भएका शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

अध्यक्ष श्री कमल बहादुर जोशी
उपाध्यक्ष श्री विजय ध्वज जोशी
सचिव श्री विन्द प्रकाश जोशी
कोषाध्यक्ष श्री विष्णु मान जोशी
सहसचिव श्री ध्रुव राज जोशी
सहकोषाध्यक्ष श्री ज्ञानेन्द्र कुमार जोशी
सदस्य श्री नविन कुमार जोशी
सदस्य श्री कृष्ण मान जाशी
सदस्य श्री राजेन्द्र मान जोशी
सदस्य श्री अर्जुन राज जोशी
सल्लाहकार श्री ध्रुव मान जोशी

**तथा जोशी समाज काठमाण्डौं जिल्ला परिवार**

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# विश्व

**भिडन्त**

रसियाको पर्मको एक विद्यालयमा भएको छुरा हानाहानमा बाह्र जना घाइते भएका छन्।



**दुर्घटना**

तुर्केली विमानस्थलमा एउटा यात्रुवाहक विमान चिप्लिएर छेउको भिरमा खसेको छ। तर सम्पूर्ण यात्रुलाई सकुशल उद्धार गरिएको छ।



2018, JAN
Tuesday
16

विश्व २ मिनेट

## रसिया

### विद्यालयमा भिडन्त

मस्को, (एजेन्सी)

रसियाको राजधानी मस्कोदेखि १ हजार किमि पूर्वमा पर्ने पर्म शहरस्थित एउटा विद्यालयमा सोमबार छुरा हानाहान हुँदा एघार जना बालबालिकालगायत एक शिक्षक घाइते भएको सुरक्षा सूत्रले जनाएको छ। दुई जना छुरा बोकेका किशोरहरुको झगडा छुट्याउने क्रममा तिनीहरु घाइते हुन पुगेको अनुसन्धानकर्ताले बताएका छन्। ती दुवै किशोरलाई प्रहरीले गिरफ्तार गरी हत्या प्रयासको अभियोगमा अनुसन्धान गरिरहेको छ। सामाजिक सञ्जालमा पोस्ट गरिएको सामग्रीलाई लिएर तिनीहरूबीच विवाद भएको थियो। घाँटीमा चोट लागेका शिक्षक र एक छात्रको अवस्था चिन्ताजनक रहेको छ।

## सिरिया

### योजना आलोचित

दमास्कस, (एजेन्सी)

सिरियाको गृहयुद्धमा संलग्न शक्तिशाली समूहहरूले सोमबार सीमा सुरक्षा फौजका रूपमा परिचालित संयुक्त कुर्दिस नेतृत्वको ३० हजार शक्तिशाली छापामारलाई सहयोग गर्ने अमेरिकी योजनाको कडा शब्दमा आलोचना गरेका छन्। टर्कीका राष्ट्रपतिले ती सिरियन डेमोक्रेटिक फोर्स (एसडीएफ)लाई अमेरिकाले दिइने तालिमको विरोध गर्दै तिनीहरुलाई 'आतंक फौज'को संज्ञा दिएका छन्। अमेरिका नेतृत्वमा रहेको गठबन्धन फौजको हवाई हमलाको आडमा एसडीएफले इस्लामिक स्टेट (आईएस) लडाकूको हातबाट थुप्रै भू-भाग फिर्ता लिइसकेको छ।

## अमेरिका

### नयाँ ग्रह प्राप्त

नासा, (एजेन्सी)

विश्वभरि फैलिएका वैज्ञानिकको सहयोगबाट गत अप्रिलमा एउटा तारालाई परिक्रमा गरिरहेको चारवटा ग्रहसहितको परिवार पत्ता लागेको थियो। उक्त बाह्य सौर्य प्रणालीको पाँचौं ग्रह पनि भएकोलगायत केही अनौठो विशेषता रहेको अनुसन्धानकर्ताले एक अखबारमा प्रकाशित लेखमा खुलासा गरेका छन्। के २-१३८ नामक उक्त ग्रहीय प्रणाली वरुणभन्दा साना कम्तीमा ५ ग्रह र तिनीहरुको आकार पृथ्वी र वरुणबीचको भएको नयाँ अनुसन्धानले देखाएको छ। ती ग्रहको कक्ष उनीहरुको मादा ताराको अत्यन्तनजिक, सूर्यबाट बुध ग्रहको भन्दा कम दूरीमा रहेको जनाइएको छ।

## भारत

### काश्मिरमा गोलाबारी

नयाँदिल्ली, (एजेन्सी)

विभाजित काश्मिरको हिमाली क्षेत्रमा भारतीय तथा पाकिस्तानी सैनिकबीचको गोलाबारीमा ४ पाकिस्तानी सैनिकको मृत्यु भएको जनाइएको छ। उक्त घटनाका लागि एकले अर्कालाई युद्ध विरामको उल्लंघन गरेको आरोप लगाएका छन्। सोमबार भारतीय सैनिकसँग भएको अर्को एक गोली प्रहारको घटनामा पाँच संदिग्ध लडाकू मारिएको अधिकारीहरुले जानकारी दिए। काश्मिरको पाकिस्तानी हिस्सामा रहेको इलाकाबाट भारत अधीनस्थ क्षेत्रमा गोली प्रहार भएको उनीहरुले बताए। पाकिस्तानी सेनाले सञ्चार लाइन मर्मत गरिरहेका सैनिकमाथि सीमापारिबाट गोलाबारी गरेको आरोप लगाएको छ।

# भारत र इजराइलबीचको सम्बन्ध नयाँ उचाइमा



नयाँदिल्ली, (एजेन्सी)

रक्षा, कृषि र उड्डयनजस्ता महत्त्वपूर्ण क्षेत्रका सम्झौतामा हस्ताक्षर गरेपछि भारत र इजरायलले सोमबार आपसी सम्बन्धले नयाँ युगको शुरुआत गरेको भन्दै स्वागत र प्रशंसा गरेका छन्।

भारतको राजधानी नयाँदिल्लीमा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहु र उनका भारतीय समकक्षी नरेन्द्र मोदीबीच भएको भेटवार्ताको दौरान ती सम्झौतामा सहमति भएको सरकारी सञ्चारमाध्यमले जनाएको छ। मोदीले इजरायली प्रतिरक्षा कम्पनीहरूले भारतमा लगानी गरोस् भन्ने चाहेको बताएका छन्।

इजरायल पुग्ने पहिलो भारतीय प्रधानमन्त्रीको हैसियतले मोदी गत वर्ष इजरायल पुगेपछि नेतान्याहुले भारत भ्रमण गरेका हुन्। १ सय ३० सदस्यीय वरिष्ठ प्रतिनिधिमण्डलको नेतृत्व गर्दै उनी ६ दिने औपचारिक भ्रमणका क्रममा आइतबार नयाँदिल्ली आइपुगेका थिए। भारत र इजरायलबीच साइबर प्रतिरक्षा, सुरक्षा, विज्ञानजस्ता क्षेत्रमा आवश्यक सहयोग गर्नेबारे पनि ऐतिहासिक सहमति भएको सरकारी सूत्रले जनाएको छ। मोदीले दुई देशबीचको साझेदारी बढ्दै जाने कुरामा विश्वास व्यक्त गरेका छन्। यसैबीच नेतान्याहुले पनि सन् २००८ मा मुम्बईमा भएको आतंककारी हमलाको स्मरण गर्दै दुवैले आफ्ना जनताको हितमा मिलेर काम गर्न सक्ने सम्भावना रहेको बताएका छन्।

# व्यस्त चोकमा दोहोरो आत्मघाती विस्फोट

बग्दाद, (एजेन्सी)

इराकको राजधानी बग्दादमा सोमबार भएको दोहोरो आत्मघाती बम विस्फोटमा कम्तीमा ३५ जनाको ज्यान गएको अस्पताल सूत्रले जनाएको छ। तीन दिनभित्र यो दोस्रो आक्रमण भएको सेनाले जनाएको छ। राजधानीको मध्यभागमा अवस्थित तायारान चोकमा भएको यस आक्रमणमा ९० भन्दा बढी व्यक्ति घाइते भएको बताइएको छ।

सन् २०१४ मा इराकको ठूलो भू-भागमा इस्लामिक स्टेट (आईएस)ले कब्जा गरेयता बग्दादमा बारम्बार आत्मघाती बम आक्रमण हुँदै आएको छ। तर गत महिना इराकी सरकारले आईएसबाट आफूले सम्पूर्ण भू-भाग फिर्ता लिइसकेको घोषणा गरेपछि भने यस्ता आक्रमणमा केही कमी आएको थियो।

गृह मन्त्रालयले विस्फोटक पदार्थले भरिएको ज्याकेट लगाएका दुई अज्ञात पुरुषले सो विस्फोट गराएको पुष्टि गरेको छ। विस्फोट गराइएको चोकमा हरेक बिहान कामको खोजीमा ठूलो संख्यामा निर्माणसम्बन्धी मजदुरहरुको घुइँचो लाग्ने गर्दछ। यस ठाउँमा लडाकूहरुले विगतमा पनि आक्रमण गरिसकेका छन्।

सोमबार अपराह्न इराकको उत्तर-पूर्वी जिल्ला जामिलामा भएको अर्को बम विस्फोटनमा दुई जना सर्वसाधारणको ज्यान जानुका साथै अन्य ६ जना घाइते भएको पनि सुरक्षाकर्मीले जनाएको छ।

बीबीसी अरब मामिलाका सम्पादक सेवासियन उसरले तायारान चोकको आक्रमणको उद्देश्य ठूलो परिमाणमा जनधनलाई क्षति पुर्‍याउनुरहेको बताएका छन्। केही समयको अन्तरालमा दुईवटा विस्फोट गराइएको थियो। केही समयअघि इराकी फौज बग्दादको पश्चिम भागमा रहेका आईएसको बम बनाउने कारखानाहरु ध्वस्त पार्न सफल भएको थियो।



# दूषित फ्रेन्च दूध फिर्ता

पेरिस, (एजेन्सी)

फ्रान्सको दुग्ध उत्पादन कम्पनी ल्याक्टलिसले आइतबार साल्मोनेल्ला काण्डको कारण विश्वका ८३ वटा देशबाट १ करोड २० लाख बाकसभन्दा बढी धूलो बेबी मिल्क फिर्ता ल्याउन आह्वान गरेको छ। उक्त डायरी फर्मका प्रमुख कार्यकारिणी अधिकारी इमान्ययल बेस्नियरले उक्त दूध दूषित भएको सञ्चारमाध्यमसमक्ष पुष्टि गरेका छन्।

दूध कारखानामा साल्मोनेल्ला ब्याक्टेरिया भेटिएपछि गत डिसेम्बरदेखि दुग्ध उत्पादन बजारबाट फिर्ता लिने निर्णय गरिएको हो। थुप्रै अभिभावकले




यो दूध खाएर आफ्ना बच्चाहरु बिरामी भएको भन्दै अदालतमा मुद्दा दायर गरेका छन्। कम्पनीका एक प्रवक्ताले उक्त दूध निर्यात गरिएका युरोप, एसिया, ल्याटिन अमेरिका र अफ्रिकाका मुलुकहरुलाई दूषित दूधका बारेमा सूचना पठाइसकेको बीबीसीलाई बताएका छन्।

तर, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका र अस्ट्रेलियामा पठाइएको दूध भने ठीक भएको पनि उनले बताएका छन्। ल्याक्टालिस विश्वकै सबैभन्दा ठूलो दुग्ध उत्पादन कम्पनीमध्ये एक हो। यसले वर्षको २१ अर्ब अमेरिकी डलरको करोबार गर्दछ।

विश्वका ४७ वटा मुलुकमा २ सय ४६ वटा उत्पादन केन्द्र रहेको यस कम्पनीको फ्रान्समा मात्र १५ हजार कर्मचारी रहेका छन्। साल्मोनेल्ला ब्याक्टेरियाका कारण झाडा पखाला, पेट बाउँडिने, वान्ता र अति जलविनियोजन हुन सक्छ। स-साना बालाबालिकाको त यसले ज्यानसमेत लिन सक्छ। अहिलेसम्म फ्रन्समा ३५ र स्पेनमा एक जनामा समस्या देखिएको छ।

# यूएईले मलाई हिरासतमा राखेको छ : *शेख अब्दुल्ला*

अबुधावी, (एजेन्सी)

कतारका शासक परिवारका शेख अब्दुल्ला बिन अली अल थानीलाई संयुक्त अरब इमिरेट्समा उनको इच्छा विपरीत हिरासतमा राखिएको जनाइएको छ।

गत वर्ष शेख अब्दुल्ला बिन अली अल थानीले कतार संकटको समयमा साउदी अरेबियासँगको वार्तामा प्रमुख भूमिका निभाएका थिए। आइतबार शेख अब्दुल्ला बिन अली अल थानीले युट्युबमा एक भिडियो सन्देश जारी गरेका थिए। त्यसमा उनले संयुक्त अरब इमिरेट्समा उनलाई आफ्नो इच्छा विपरीत राखिएको बताएका छन्।

उनले आफूलाई अबु धावीका युवराजले नै कैदमा राखेको दाबी गरेका छन्। यदि आफूलाई केही भएमा त्यसका लागि युवराज जिम्मेवार हुने बताएका छन्। संयुक्त अरब इमिरेट्सका एक अधिकारीले ती आरोपलाई अस्वीकार गरेका छन्। भिडियो सन्देशमा कतारमा रहेका अमिरका नातेदार शेख अब्दुल्ला एउटा कुर्सीमा बसेको क्यामरा देखिएको उनले बताए। शेख अब्दुल्लाले भिडियो सन्देशमा भने- 'म अहिले अबुधावीमा छु। शेख मोहम्मदले मेरो आतिथ्य गरिरहेका छन्। तर म कुनै अतिथि होइन, एउटा बन्दी हुँ। उनले मलाई कहीं आउन जान रोकेका छन्। म तपाईंहरुलाई बताउन चाहन्छु कि, यदि मलाई केही भयो भने कतार यसका जिम्मेवार हुनेछैन।



उनको आरोपको जवाफ दिँदै अबुधावीका शिक्षा विभाग तथा कट्टरपन्थी केन्द्रका प्रमुख अली रासिद अल नआइमीले शैख अब्दुल्ला जहिले जान चाहन्छन्, त्यसका लागि उनी स्वतन्त्र रहेको बताएका छन्।

शेख अब्दुलाको प्रयासपछि साउदी अरेबियाले कतारका तीर्थयात्रीलाई हज गर्न अनुमति दिएको थियो। सन् २०१७ जुनमा खाडी तथा अरब देशले कतारसँगको राजनीतिक सम्बन्ध तोडेका थिए।

कतार संकटको समयमा शेख अब्दुल्ला बिन अली अल थानी चर्चामा देखिएका थिए। अहिले परिस्थिति बदलिएको छ। शेख अब्दुल्लाले साउदी अरेबिया र संयुक्त अरब इमिरेट्सका शासकहरुका लागि काम गरिरहेका थिए। त्यतिबेला उनलाई नै कतारका विद्यमान अमिरको विकल्पका रूपमा हेरिएको हल्ला फैलिएको थियो।

उनका हजुरबुबा कतारमा शासन गर्ने तेस्रो अमिर शेख अब्दुल्ला बिन जासिम अल थानी थिए। उनका पिता शेख अली बिन अब्दुल्ला अल थानी चौथो अमिर बने र दाजु शेख अहमद बिन अली अल थानी कतारका पाँचौं अमिर थिए।

साउदी अरेबियाका सञ्चारमाध्यमहरुमा कतार संकट सल्टाउन शेख अब्दुल्लाले अहम् भूमिका खेलिरहेको चर्चा भएको थियो। गत सेप्टेम्बर १८ मा साउदी अखबार अल हयातमा शेख अब्दुल्लाका विषयमा लामो लेख छापिएको थियो। लेखमा उनको भनाइ र अल थानी खानदानको यस मुद्दामा वार्ताको अपिललाई विशेष जोड दिइएको थियो।

शेख अब्दुल्लाका पिता शेख अली बिन अब्दुल्ला अल थानीको शासनकालमा कतार र दुबईले साझा मुद्रा घोषणा गरेका थिए र पछि दुबई संयुक्त अरब इमिरेट्सको हिस्सा बन्यो। सोही क्रममा १९७१ मा कतारले बेलायतबाट स्वतन्त्रता हासिल गरेको थियो।

उनका दाजुको शासनकालमा कतार आर्थिक प्रगतिको साक्षी बन्यो र खाडीमा पहिलो सागर तटीय इलाकामा तेल खानी पत्ता लाग्यो। उनले हालुल द्विपमा एक तेल उत्खनन प्लान्ट बनाएका थिए र शेख खलिफाको शासनमा १९७७ मा अबु हनिनमा तेल उत्पादन शुरू गरेका थिए।

गत वर्ष सेप्टेम्बरमा शेख अब्दुल्ला विवादको समयमा चुप बस्नु आफ्नो जिम्मेवारी भएको बयान दिएर चर्चामा आएका थिए। त्यतिबेला कतार संकटमा वार्ताका लागि शेख अब्दुल्लाले अल थानी खानदानको बैठक बोलाउन भनेका थिए।

उनको उक्त अपिलको उद्देश्य अरब देशबाट बहिष्कारका कारण उत्पन्न संकटबाट कतारलाई माथि उकास्न खानदानका पुरुषहरूबीच बृहत् छलफल गराउनु थियो। उनले ट्विटमा भनेका थिए- 'स्थिति खराब भइरहेको छ भन्ने मलाई लागेको छ। हामी त्यस्तो स्थानमा पुग्न सक्छौं, जहाँ हामी पुग्न चाहँदैनौं।'

# फ्रान्सेली राष्ट्रपति कामुक उपन्यासका लेखक

पेरिस, (एजेन्सी)

फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रोंले कुनै बेला एक कामुक उपन्यास लेखेको खुलासा भएको छ। इम्यानुयलकी पत्नी ब्रिगिट म्याक्रोंको आत्मकथामा उक्त प्रसंग उल्लेख गरेकी छिन्। बिग्रिटको आत्मकथामा म्याक्रोंले आफ्नो युवावस्थामा ब्रिगिटसँगको रोमान्सलाई कामुक उपन्यासको रूप दिएको उल्लेख गरिएको छ।

४० वर्षका इम्यानुयलले आफूभन्दा २४ वर्षले जेठी आफनी ड्रामा शिक्षक ब्रिगिटसँग विवाह गरेका थिए।

राष्ट्रपति इम्यानुयल म्याक्रोंले स्कुलको एक नाटक कार्यक्रमका क्रममा ती नाट्य शिक्षकसँग प्रेम गर्न थाले। आफ्नो घरका सदस्यहरुको विरोधका बाबजुद इम्यानुयलले २४ वर्ष जेठी ती शिक्षिकासँग आफ्नो सम्बन्ध कायम राखे। ब्रिगिटको आत्मकथा 'ब्रिगिट म्याक्रों, दि लिबरेटेड वुमन' अर्को हप्ता प्रकाशित हुनेछ। म्याक्रोंका एक नातेदार छिमेकीले ३ सय पृष्ठको उक्त कामुक उपन्यास टाइप गरेका थिए।




म्याक्रोंका छिमेकीले क्लोजर म्यागेजिनलाई बताए- 'त्यो एउटा साहसी उपन्यास थियो, कामुक पनि। उपन्यासका पात्रहरुको नाम वास्तविक नभए पनि त्यसमा म्याक्रों त्यतिबेला गरेका अनुभव र महसुसका बारेमा लेखिएको हो भन्ने मलाई लाग्छ।'

म्याक्रोंको कार्यालयले उक्त समाचारलाई लिएर कुनै टिप्पणी गर्न अस्वीकार गरेको छ। म्याक्रोंको साहित्यप्रति रुचिसँग जोडिएको यो नयाँ कुरा होइन। उनले कम्तीमा २ वटा उपन्यास लेखेका छन्, जुन प्रकाशित हुन पाएको छैन। आफ्नो चुनाव प्रसारका क्रममा म्याक्रोंले 'रेभोलुसन' किताब लेखेका थिए।

तुवाँलोले छपक्कै छोपेपछि मुगुका नागरिकमा श्वासप्रश्वासमा कठिनाइ हुने, आँखा हेर्दा पोल्नेजस्ता समस्यासमेत हुने गरेको र दीर्घ रोगीहरूलाई तुवाँलाले झनै असर गरेको स्थानीयले बताएका छन्।

# सम्यक दान पर्व सम्पन्न

**नेपाल समाचारपत्र**

भक्तपुर

नेपाल संवत् ७८७ सालमा यहाँ शुरू भएको बौद्ध धर्मावलम्बीहरूको सम्यक दान पर्व सम्पन्न भएको छ। यो पर्व पाँच दीपंकरसहित अन्य स्वर्ण दीपंकरका मूर्तिहरूलाई स्थानीय थथुवहिमा विराजमान गराई नियमित र ऐच्छिक सम्यक भोजनसहित सम्पन्न गरिन्छ।

चतुब्रम्ह महाविहारका वज्राचार्य जयरत्नले स्थापना गर्नुभएको यो पर्व हरेक वर्ष माघ १ गते मकर संक्रान्तिका दिन मनाइन्छ। सो अवसरमा परम्परागतरूपमा स्थापना भएका बौद्ध विहारहरूमा दीक्षित भई गृहस्थ बौद्ध भिक्षुहरू शाक्य र वज्राचार्य बन्दहरूलाई भोजन खुवाई अन्न र दक्षिणा दिइएको भक्तपुर बौद्ध सम्पदा संघका अध्यक्ष महेन्द्र शाक्यले बताउनुभयो।

उहाँका अनुसार वर्षको दुईपटक भक्तपुरमा रहेको प्रमुख पाँच दीपंकर बुद्धका प्रतिमूर्तिहरूलाई सम्बन्धित विहारबाट बाहिर ल्याई जात्रा गर्ने प्रचलनअन्तर्गत पाँच दीपंकर बुद्धका प्रतिमूर्तिहरू विराजमान गराइएको हो।

काठमाडौंमा १२ वर्षमा एकपटक स्वयम्भूको भुईंखेल, ललितपुरमा ५ वर्षमा एकपटक नागवहाल र भक्तपुरमा प्रत्येक वर्ष नियमितरूपमा यो पर्व मनाईँदै आएको छ। भक्तपुरमा न:पुखु (गुह्यपोखरी) को पश्चिम थथुवहि परिसरमा रहेको भुईंखेल क्षेत्रमा सम्यक भोजन दान गर्ने चलन छ।

यो पर्वलाई बाजागाजाका साथ निम्तो गरिन्छ। सम्यक महादान व्यवस्थापन सहयोग समितिका अध्यक्ष गणेश वज्राचार्यले भक्तपुर तथा उपत्यकाका विभिन्न स्थानबाट आएका बौद्ध धर्मावलम्बीले जमिनमा उम्रिएका विभिन्न अन्न, दक्षिणालगायत सामग्री दान गर्ने परम्परा रहेको जानकारी दिनुभयो।

भगवान गौतम बुद्धको पालादेखि नै यो पर्व मनाउन थालिएको बौद्ध धर्मालम्बीहरूको विश्वास रहे पनि खास गरी लिच्छवीकालीन धार्मिक राजा वृषदेवको पालादेखि मनाउने गरिएको ऐतिहासिक प्रमाण रहेको बताइन्छ।

भक्तपुर बौद्ध सम्पदा संघका उपाध्यक्ष रविकिरण वज्राचार्यले नेसं. ७८७ सालमा भक्तपुर चतुब्रह्म महाविहारका वज्राचार्य जयरत्नले भक्तपुर नगरपालिका वडा नं.१७ इताछेँस्थित थथुवहि (जयकीर्ति महाविहार)बाट शुरू गरेको जानकारी दिनुभयो। उहाँका अनुसार जयरत्नपछि उहाँका छोराहरू जयमुनि, जयधर्म, जयचन्द्र र नाति पूर्णराजद्वारा यो पर्व आयोजना गरी सुवर्ण दीपंकर स्थापना गरिएको थियो।

नेसं. १०४४ सालमा भक्तपुर क्वाठण्डौ विश्वकर्माछेँ टोलका शाक्य भिक्षु जुजुरत्नले भुईंखेल क्षेत्रमा ऐच्छिक सम्यक दान आयोजना गर्दा भक्तपुरका प्रमुख पाँच दीपंकरहरू, सुवर्ण देवतासहित लोकेश्वर देवता, स्वयम्भू तथागत, साँखुको बज्रजोगिनी, नमोबुद्ध, जनवहाद्यलाई उपस्थित गराइएको थियो। यस्तै बनेपा, पनौती, श्रीखण्डपुर, नाला, साँगा, थिमि आदि ठाउँका दीपंकरलाई समेत उपस्थित गराई दीपंकर र अन्य देवताको क्रमबद्ध लाइन राखी पूजा एवं दान दिइने गरिएको थियो। तर अहिले भक्तपुरका पाँच दीपंकरलाई मात्र राख्ने गरिएको छ। यस दानमा काठमाडौं, ललितपुर, बनेपा, साँखु, थिमिका बासिन्दा सहभागी भएका थिए भने गुँलाबाजं, दाफा भजन, ज्ञानमाला भजन, धाबाजं बजाइएको थियो।

# बेनीमा योग दिवस मनाइयो

प्रताप बानियाँ, म्याग्दी




म्याग्दीको सदरमुकाम बेनीमा सोमबार राष्ट्रिय योग दिवस मनाइएको छ। योग दिवस कार्यक्रममा बोल्दै सांसद भूपेन्द्रबहादुर थापाले स्वस्थ्य खानपान र अनुशासित जीवनशैलीसँगै योगलाई जीवनको एउटा हिस्सा बनाउनुपर्ने बताएका छन्। बदलिँदो जीवनशैली, गलत खानपानले मानिसहरू विभिन्न रोगबाट ग्रसित हुने गरेको बताउँदै उनले योग साधनालाई हरेक दिन प्रयोग गर्नुपर्नेमा जोड दिए।

तेस्रो राष्ट्रिय योग दिवसका अवसरमा बेनी नगरपालिका, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र नवीन आनन्द योग केन्द्रद्वारा बेनीमा आयोजित कार्यक्रममा बोल्ने वक्ताहरूले योगले परिवार, समाज र राष्ट्रलाई प्रत्यक्ष, अप्रत्यक्ष फाइदा हुने भएकाले पनि योगको महत्त्वका बारेमा शहरदेखि गाउँसम्म पुऱ्याउनुपर्नेमा जोड दिएका थिए।

योगी सुवसाहेव, पत्रकार महासंघ म्याग्दीका सभापति तारानाथ शर्मा, जिल्ला वन अधिकृत चन्द्रमणि सापकोटाले शारीरिकरूपमा स्वस्थ्य, मानसिकरूपमा शान्त र आध्यात्मिकरूपमा उच्च चेतनायुक्त भएर जिउने कला नै योग भएको बताउँदै दैनिक दुई घण्टाको योगले सक्षम मान्छे बनाउने बताएका थिए।

योग ८ आसनको हुने बताउँदै याम, नियम, आसन, प्राणायम, धारणा, समाधि र त्यागमध्ये योगा त्यसमध्यको एउटा आसन भएको योगीको भनाइ थियो। दिवसका अवसरमा बेनीबजारमा प्रभातफेरीको आयोजना गरिएको थियो। राष्ट्रिय योग दिवस मूल समारोह समितिको तर्फबाट बेनी नगरपालिकाका प्रमुख हरिकुमार श्रेष्ठको अध्यक्षता, योग ओमकुमारी थापाको स्वागत र गैरसरकारी संस्था महासंघका अध्यक्ष हरिप्रसाद पौडेलको सञ्चालनमा समापन भएको थियो।

२/३ वर्ष अगाडिसम्म जिल्लामा योगप्रतिको आर्कषण निकै न्यून रहे पनि पछिल्लो समय योगको महत्त्वका बारेमा जानकारी हुन थालेपछि दैनिक योग केन्द्रमा जानेको सङ्ख्या समेत बढ्न थालेको छ। नवीन योग आनन्द केन्द्रले जिल्लाका सबै स्थानीय तहको केन्द्रका साथै वडास्तरमा समेत योग केन्द्र विस्तारको योजना बनाएको केन्द्रका अध्यक्ष योगी नवीन जुग्जालीले बताए। म्याग्दीमा करिब २५ सय जनो योगमा संलग्न रहेको केन्द्रले जनाएको छ।

# स्वर्गीय आमाहरूको नाममा साहित्यिक पुरस्कार



दोलखा, (नेस)

विष्णुलक्ष्मी साहित्यिक पुरस्कार समितिले स्थापना गरेको विष्णुलक्ष्मी साहित्यिक सम्मान २०७४ बाट पत्रकार एवं साहित्यकार भोजराज न्यौपाने सम्मानित भएका छन् भने तुलसीमाया रेडियो साहित्य पुरस्कार २०७४ बाट दोलखाबाट प्रशारण हुने हाम्रो रेडियोको प्रस्तोता लक्ष्मी बस्नेत सम्मानित भएकी छन्।

विष्णुलक्ष्मी साहित्यिक पुरस्कार समितिका संस्थापक चिरञ्जीवी मास्केले आफ्नो कर्मदिने आमा विष्णुलक्ष्मी श्रेष्ठको नाममा विष्णुलक्ष्मी साहित्यिक सम्मान र आफूलाई जन्म दिने आमा तुलसीमाया मास्केको नाममा तुलसीमाया रेडियो साहित्य पुरस्कार स्थापना गरी २०६९ सालदेखि हरेक वर्ष साहित्यिक क्षेत्रमा योगदान पुऱ्याउने साहित्यकार तथा पत्रकारलाई पुरस्कृत गर्दै आएका छन्।

सोमबार आयोजना भएको पुरस्कार वितरण कार्यक्रममा पूर्वपर्यटनमन्त्री आनन्दप्रसाद पोखरेलले सम्मानित साहित्यकार तथा पत्रकारलाई नगद पुरस्कारसहित प्रमाणपत्र प्रदान गर्नुभएको थियो। सो अवसरमा पूर्वपर्यटनमन्त्री पोखरेलले हरेक मानिसले आफ्नो अभिभावक र जेष्ठ नागरिकको सम्मान गर्नुपर्ने बताउनुभयो।

समितिका अध्यक्ष विष्णु सुवेदीको सभापतित्वमा सम्पन्न कार्यक्रममा भीमेश्वर नगरपालिकाकी उपप्रमुख कमला बस्नेत, कालिञ्चोक गाउँपालिकाकी उपप्रमुख कालिका पाठक, सहायक प्रमुख जिल्ला अधिकारी बालकृष्ण कटुवाल, पुरस्कार समितिका संरक्षक चिरञ्जीवी मास्के, पुरस्कृत साहित्यकार भोजराज न्यौपाने, साहित्यकारहरू शंकरलाल श्रेष्ठ, बिर्ख क्षेत्री, प्रेस चौतारीका केन्द्रीय सदस्य सरद सापकोटा, प्रेस युनियनका बागमती क्षेत्र विशेष संयोजक रमेश खतिवडा, प्रेस युनियन दोलखाका अध्यक्ष दीपशंकर चौलागाईं, समितिका उपाध्यक्ष मुरारी दुलाल र सदस्य विनिता शिवाकोटीले मन्तव्य राखेका थिए।

# आफ्नो ज्यान आफैं गुमाउँदै युवा

हेटौंडा, (नेस)

जानीजानी वा आफूखुसी अर्थात् कसैको दबाबमा नपरी आफ्नो जीवन आफैं अन्त्य गर्नुलाई 'आत्महत्या' भनिन्छ। स्वयंले गरेको शरीर हत्यालाई 'आत्महत्या' भन्ने गरिन्छ।

सबै मानिस बाँच्न चाहन्छन्, सुख चाहन्छन्, घुमफिर गर्न चाहन्छन्, प्रेम गर्न चाहन्छन्, पैसा कमाउन चाहन्छन् आदि। मानवीय इच्छा र आकांक्षा अनगिन्ती हुन्छन्। जसलाई मानिस पूरा गर्न चाहन्छ। भनौं, मानिस बाँच्न चाहन्छन्। तर पनि मानिसहरू किन आत्महत्या गर्छन् ?

आधुनिकतातर्फ बढ्दै गएको नेपाली समाजमा आवश्यकता पनि उस्तै क्रमले बढ्न थालेको छ। त्यही आवश्यकता पूरा गर्न कोही संघर्ष गर्न थाल्दछन्, कोही नराम्रा काम गर्न अघि सर्छन् भने कोही संघर्ष गर्न डराएर आत्महत्या गर्न पुग्दछन्।

मकवानपुरमा पनि आफ्नो जीवनलाई सुखमय बनाउने सपना बोकेर हिँड्ने मानिसको संख्या प्रतिदिन बढ्दो छ। कतिले देखेका सपना पूरा हुन्छन् भने कतिका सपना त्यत्तिकै तुहिन्छन्। सपना तुहिनेहरू आत्मबल अभावमा आत्महत्याको बाटो अँगाल्न पुग्छन्।

जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांकअनुसार आत्महत्या गर्नेको संख्या क्रमश: बढ्दै छ। आर्थिक वर्ष २०७२/०७३ मा आत्महत्या गर्नेको संख्या ९३ रहेकोमा महिला ५२ थिए। आव २०७३/०७४ मा यो संख्या बढेर ९५ पुगेको थियो, जसमा ५१ पुरुष र महिला ४४ रहेको कार्यालयको तथ्यांकमा उल्लेख छ। आव २०७४/०७५ को हालसम्म आत्महत्या गर्नेको संख्या ४२ पुगिसकेको छ। जसमा २१ पुरुष र २० महिला र बालकले आत्महत्या गरेको कार्यालयले जनाएको छ।

आत्महत्याका लागि झुण्डिएर, विषसेवन गरेर, आगो लगाएर, हाम फालेर र औजार प्रयोग गर्ने गरेको पाइएको छ। यसमध्ये झुण्डिएर आत्महत्या गर्नेको संख्या ६० प्रतिशत बढी रहेको प्रहरी निरीक्षक प्रकाश श्रीपालले बताउनुभयो।

## नयाँ...

पार्टी एकीकरणको प्रक्रियामा रहेकाले एमाले र माओवादीले कुन-कुन पद पाउने भन्ने टुंगो लागिसकेको छैन। तर एमालेले राष्ट्रपति पाउनेमा आशंका भने छैन। उपराष्ट्रपति र सभामुखमा मात्र पद बाँडफाँडमा बढी बहस हुने देखिएको छ।

नेकपा एमालेका युवा नेता ठाकुर गैरेले परिवर्तित सन्दर्भमा राष्ट्रिय आवश्यकताको बोध गर्न सक्ने व्यक्तिलाई नै राष्ट्रपति बनाउनुपर्ने बताउनुभयो। उहाँले नयाँ जनमतअनुसार नयाँ व्यक्तिलाई नै राष्ट्रपति बनाउँदा परिवर्तनको सन्देश जाने बताउँदै पार्टीले नेताहरूको मूल्यांकन र आवश्यकता तय गरेर मापदण्ड बनाएर नै राष्ट्रपतिको उम्मेदवार छनोट गर्नुपर्नेमा जोड दिनुभयो।

नेता गैरेले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'पूर्वप्रधानमन्त्री, पार्टीको पूर्वअध्यक्ष, पार्टीको वरिष्ठ नेताको हैसियतले राष्ट्रपति बन्न झलनाथ खनाल ओजनदार व्यक्तित्व हो।' माओवादी केन्द्रभित्र पनि पुन: एउटै दोस्रो कार्यकाल दिन नहुने भन्दै अध्यक्ष प्रचण्डलाई नेताहरूले दबाब दिएका छन्। 'निर्वाचनपछि स्वाभाविकरूपमा नागरिकहरूले नयाँ अनुहार खोज्ने गर्छन्, माओवादी केन्द्रका नेता एक नेताले भने- 'एउटै व्यक्तिलाई पुन: दोहोऱ्याउने कदम गलत छ।'

## संसदीय...

विधानत संसदीय समितिमा सभापति, महामन्त्री, उपसभापति, कोषाध्यक्ष र सह-महामन्त्रीबाहेक ८ जना सदस्य रहने भए पनि आन्तरिक भागबन्डा मिलाउन सभापति देउवाले विधानले तोकेकोभन्दा बढी सदस्य रहेको संसदीय समिति बनाउनुभएको थियो। विधानमा केन्द्रीय सभापति र महामन्त्री संसदीय समितिको पदेन सभापति र महामन्त्री हुने व्यवस्था छ भने उपसभापति, कोषाध्यक्ष र सहमहामन्त्री सदस्य रहने व्यवस्था छ। साथै, यो समितिमा केन्द्रीय सदस्यमध्ये बढीमा ८ जना सदस्य रहने व्यवस्था छ। संसदीय समितिमा संसदीय दलका नेता सदस्य रहने भनिएको छ। विधानअनुसार संसदीय समितिमा बढीमा १४ जना सदस्य रहने भए पनि अहिले ३ पदाधिकारी मनोनित नभएको कारण बढीमा ११ सदस्यीय समिति बन्नुपर्नेमा भागबन्डा मिलाउनकै लागि सभापति देउवाले २२ सदस्यीय संसदीय समिति बनाउनुभएको थियो।

## कानुन...

मन्त्रालय गम्भीर नभएकाले केही वर्षयतादेखि कोषमा सो रकम राख्न छाडेको व्यवसायीहरू बताउँछन्। यसबारे जिज्ञासा राख्दा वन तथा भू-संरक्षण मन्त्रालयका अधिकारीहरू पनि कोष सञ्चालन ऐन-कानुनकै खाँचो औंल्याउँछन्। तर व्यवसायीहरूले भने नियम नहुँदानहुँदै विगतमा किन रकम उठाइयो भनी सम्बद्ध अधिकारीहरूसमक्ष बारम्बार प्रश्न दोहोऱ्याउँदै आएका छन्।

नेपाल वन पैदावर उद्योग व्यवसायी महासंघ (फेनफिट) का अध्यक्ष श्यामसुन्दर ढकाल भन्नुहुन्छ- 'कोष कार्यान्वयनमा लैजाने जिम्मेवारी सरकारको भएकाले यसमा पहल अघि बढाउन मन्त्रालयले ढिलो गर्नै हुँदैन।' फेनफिटकै पूर्वअध्यक्षसमेत रहनुभएका काठ व्यवसायी कपिल अधिकारी भने मन्त्रालयले कति रकम जम्मा भएको छ भन्ने वास्तविक जानकारीसमेत नदिएको बताउनुहुन्छ।

कोष सञ्चालनको पृष्ठभूमिबारेका जानकार एवं वन विभागका महानिर्देशक कृष्णप्रसाद आचार्यका अनुसार सर्वोच्च अदालतले कोष सञ्चालनका लागि छुट्टै ऐनको आवश्यकता औंल्याएपछि कोषमा रकम जम्मा हुन छोडेको हो। 'सर्वोच्चले शुल्क उठाउन ऐनको आवश्यकता औंल्याएसँगै अर्थ मन्त्रालयले समेत कानुनी अड्चन देखाई कोष सञ्चालनका लागि सहमति नदिएपछि रकम उठाउन रोकिएको हो' -उहाँ दाबी गर्नुहुन्छ। फेनफिटका पूर्वअध्यक्ष अधिकारीले कोषमा ४० करोड रुपियाँभन्दा बढी रकम जम्मा भएको दाबी गरे पनि १९ करोड रुपियाँ मात्र जम्मा भएको महानिर्देशक आचार्यको जीकिर छ।

मुलुकभरबाट करिब ६ हजार ५ सय व्यवसायी फेनफिटमा आबद्ध भएको सो संस्थाले जनाएको छ। सरकारले कोषसहित वन उद्यमका कार्यक्रम र स्पष्ट नीति अघि सार्न नसक्दा प्रचूर सम्भावना बोकेको वन क्षेत्रबाट मुलुकले आर्थिक समृद्धि हासिल गर्न नसकेको वन विज्ञहरू बताउँछन्। उनीहरू भन्छन्- 'वन क्षेत्रअन्तर्गत काठ, फर्निचर, जडिबुटी, पशुपालन, पर्यटन, कार्बन आदिजस्ता विषयमा देशभर १० हजारभन्दा बढी उद्योग सञ्चालन गर्न सकिन्छ। यी उद्योगबाट लाखौं व्यक्तिले रोजगार पाउन सक्छन्।'

# म्याग्दीका मगर समुदायले माघी पर्व मनाए

**नेपाल समाचारपत्र**

म्याग्दी



म्याग्दीका मगर समुदायले सोमबार माघेसङ्क्रान्ति पर्व हर्षोल्लासपूर्वक मनाएका छन्। आफ्नो जातीय भेषभूषामा सजिएका युवायुवती सोरठी, पुख्यौंली, सालैजो, यानीमाया, ख्याली भाकाका साथै विभिन्न लोकगीत र नृत्यहरूमा छमछमी नाच्दै माघेसङ्क्रान्ति पर्व मनाएका हुन्।

माघेसङ्क्रान्ति पर्वको अवसर पारेर मगर संघ म्याग्दीले सदरमुकाम बेनीमा प्रभातफेरी ऱ्यालीको आयोजना गरेको थियो। माघेसङ्क्रान्ति पर्वलाई मगर समुदायले ठूलो चाडका रूपमा लिने गर्दछन् भने सोहीअनुसार उनीहरूले मनाउँदै आएका छन्। जनजातिहरूको बाहुल्यता भएको जिल्ला म्याग्दीमा मगर समुदायले माघेसङ्क्रान्ति पर्वलाई शुभकामना आदानप्रदानसहित बृहत् सांस्कृतिक कार्यक्रमको आयोजना गरी भव्यरूपमा मनाएका छन्। मगर भेषभूषामा सजिएका युवायुवती र बुढापाकाहरूसहितको ऱ्यालीमा सालैजो भाकासँगै युवायुवती र बुढापाकाहरू छमछमी नाचेका थिए।

माघेसङ्क्रान्तिका अवसरमा बेनीमा मगर जातिको पहिचान झल्कने भेषभूषा, खानपान तथा सांस्कृतिक झाँकीसहित कार्यक्रमहरू गरिएको छ। मकर सङ्क्रान्तिका रूपमा चिनिँदै आएको माघी पर्वको अवसरमा मगर समुदायले जातिय भेषभूषमा सजिएको सांस्कृतिक ऱ्यालीमा सदरमुकाम बेनीबजार परिक्रमा गरेका थिए। उनीहरूले मगर समुदायमा लोपोन्मुख सोरठी, पुख्यौंली र मारुनी नृत्यसमेत देखाएका थिए। मगर समुदायले परापूर्वकालदेखि नै प्रकृतिको पूजाआजा गरी हर्षोल्लासपूर्वक माघेसंक्रान्ति पर्व मनाउँदै आएका छन्। माघेसङ्क्रान्तिलाई प्राकृतिकरूपमा वर्षे सिजन शुरु भएको पर्वका रूपमा मनाउने गरिएको मगर संघ म्याग्दीले जनाएको छ।

माघ महिनादेखि वर्षात्को समय शुरु भएको संकेका रूपमा लिने गरिएको छ। मगर समुदायले यस पर्वमा आफन्तजन एकापसमा भेला भई शुभकामना साटासाट र विविध सांस्कृतिक कार्यक्रम गरेर मनाउने प्रचलन रहेको मगर संघ म्याग्दीका अध्यक्ष मनप्रसाद थजालीले बताए। प्रकृतिमा विश्वास गर्ने भएकाले आफूहरूले परम्परादेखि नै उभौली पर्वका रूपमा माघेसङ्क्रान्तिलाई मनाउने गरिएको उनले जानकारी दिए। खेतीबाली र पशुपालन राम्रो होस्, रोगव्याधी नलागोस्, दु:खद घटना नघटून् भन्ने कामनासहित माघेसङ्क्रान्तिमा पूजा गर्ने र देवतालाई खुसी बनाउने चलन रहेको अध्यक्ष थजालीको भनाइ छ।

मगर समुदायले मात्र मनाउँदै आएको परम्परागत माघेसंक्रान्ति पर्वलाई पछिल्लो समय अन्य जातजातिका समुदायले पनि मनाउन थालेका छन्। २०६८ सालको जनगणनाअनुसार १ लाख १३ हजार ६ सय ४१ जनसङ्ख्या रहेको म्याग्दीमा झण्डै ४१ प्रतिशत मगर समुदायको बसोबास रहेको छ। उनीहरूले माघेसङ्क्रान्ति पर्वलाई विशेष महत्त्वका साथ प्रमुख चाडका रूपमा मनाउने गर्दछन्। आजदेखि सूर्य धनु राशीबाट मकर राशीमा प्रवेश गर्ने भएकाले यस पर्वलाई मकरसङ्क्रान्ति पनि भन्ने गरिन्छ।

कार्यक्रमको उद्घाटन गर्दै पूर्वराज्यमन्त्री तथा सांसद नरदेवी पुनले संविधानमार्फत् सबै जातजातिहरूको हक अधिकार सुनिश्चित गरिएको बताउनुभयो। उहाँले संविधानमा समावेशीकरणको व्यवस्था गरिए पनि त्यस ठाउँमा योग्य व्यक्ति पुग्न नसकेको भन्दै व्यक्तिको क्षमताको विकास गर्नुपर्ने हुँदा त्यसका लागि शिक्षालाई जोड दिनुपर्ने बताउनुभएको थियो।

कार्यक्रममा राष्ट्रिय कलाकार लाली बुढाथोकी तथा मगर कलाकारहरूले थालीनाच, सोरठी र पुख्यौंली नृत्यलगायत गीतसगीत प्रस्तुत गरेका थिए।

# तुवाँलोले जनजीवन प्रभावित

**नेपाल समाचारपत्र**

मुगु

मुगुमा केही दिनदेखि लागेको बाक्लो तुवाँलोले गर्दा मुगुको जनजीवन प्रभावित भएको छ।

तुवाँललोले पूरै डाँडाकाँडा नै ढाकेपछि मुगुको जनजीवन प्रभाभित भएको हो। तुवाँलोले छपकै छोपेपछि मुगुका नागरिकमा श्वासप्रश्वासमा कठिनाइ हुने, आँखा हेर्दा पोल्नेजस्ता समस्यासमेत हुने गरेको र दीर्घ रोगीहरूलाई तुवाँलाले झनै असर गरेको स्थानीयले बताएका छन्।

तुवाँलो पहिलका वर्षमा लागेको भए पनि यो वर्षजस्तो स्वास्थ्यलाई असर पर्ने गरी कहिल्यै तुवाँलो लागेको थाहा नपाएको र यो पटक त तुवाँलोले आँखा पोल्ने पीरो महसुस हुने गरेको स्थानीयको भनाइ रहेको छ।

तुवाँलोले सदरमुकाम गमगढी आसपास क्षेत्रका साथै हिमाली भेगमा पनि असर पारेको छ। मुगुमा तुवाँलो बढ्दै गहेको र तुवाँलालेले मुगुका नागरिकलाई प्रत्यक्ष असर पार्न थालेकाले मुगुका नागरिकलाई सचेत रहन जिल्ला स्वास्थ्य कार्यलय मुगले सबैमा आग्रह गरेको छ।

आजभोलि चिसोसँगै तुवाँलोले जिल्ला स्वास्थ्य कार्यलयलगायत स्वास्थ्य संस्थाहरूमा दैनिक ३/४ जना जति आँखाको समस्या लिएर बिरामीहरू पुग्ने गरेकाले सबैमा सचेत रहन अन'रोध गरीएको जिल्ला स्वास्थ्य कार्यालय मुगुका सूचना अधिकारी बलीराज बूढाले बताउनुभयो।

त्यसैले यस्तो बेला दीर्घ रोगीहरू दम, पिनास आँखाका बिरामीहरूलाई धेरै बाहिर नहिँड्न, बालबालिकालाई सकेसम्म घरमै राख्न तथा अरू सचेतताका उपाय अपनाउन र समस्या भए तुरुन्तै नजिकै रहेका स्वास्थ्य संस्थालगायत जिल्ला स्वास्थ्य कार्यलयमा आई उपचार गराउनसमेत आग्रह गरिएको सूचना अधिकारी बूढाको भनाइ छ।

यसैबीच मुगुमा जनचेतनाको अभावले वनजंगलमा जथाभाबी आगो लगाउनाले पनि यस्तो समस्या भएको छायाँनाथ रारा नगरपालिका वडा नं ४ भामबाडा गाउँका मक्कर भामले बताउनुभयो। उहाँका अनुसार जंगलमा आगो लगाए नयाँ घाँस पलाउने भन्दै स्थानीयले जंगलमा यो समयमा आगो लगाउने गर्नाले पनि तुवाँलो झनै बढ्दै गएको र तुवाँलोले नागरिकलाई प्रत्यक्ष असर पारेको भामको भनाइ रहेको छ।

वनजंगलमा आगो लगाउन हुँदैन ।जबसम्म वन रहन्छ, तबसम्म जीवन रहन्छ भन्ने कुरा स्थानीयलाई थाहा हुँदा पनि स्थानीलले जंगलमा आगो लगाउन भने छोडेका छैनन्,। बुझेर पनि बुझ पचाउने समाज र सम्बन्धित निकायले कडा कारबाही गर्न नस्कदा पनि दिन प्रतिदिन जथाभाबी जंगलमा आगो लगाउने घटना बढ्दै गहेका छन्।



# अर्थ

चिलिमे जलविद्युत् कम्पनीका सहायक कम्पनीको रूपमा रहेको मध्यभोटेकोशी जलविद्युत् कम्पनीले २ अर्ब ९४ करोड रुपियाँ बराबरको साधारण शेयर जारी गर्ने तयारी गरेको छ।

2018, JAN
Tuesday
16


## हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७९.८५ | ७८.८५ | ८१.३५ | ८०.३५ | ७७.३५ | ७९.८५ | ७९.६५ | ८९.२२ |
| बीरगंज | ७७.९५ | ७६.९५ | ७९.४४ | ७८.४५ | ७५.४५ | ७७.९४ | ७७.७५ | ८७.४२ |
| विराटनगर | ७८.४५ | ७७.४५ | ७९.९४ | ७८.९५ | ७५.९५ | ७८.४४ | ७८.२५ | ८८.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ८३ | ८० | ८३ | ८३ |
| सिमरा, बिरगंज, कलैया | ८१।४० | ७८।४० | ८१।४० | ८१।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८२।४० | ७९।४० | ८२।४० | ८२।४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ८३।९५ | ८०।९५ | ८३।९५ | ८३।९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ८२।१० | ७९।१० | ८२।१० | ८२।१० |
| पोखरा, स्याङ्जा | ८२।६० | ७९।६० | ८२।६० | ८२।६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ माघ २, जनवरी १६, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०१।२८ | १०१।८८ |
| युरो १ को रू. | १२४।२१ | १२४।९५ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १३९।४९ | १४०।३१ |
| स्विस फ्रन्क १ को रू. | १०५।३० | १०५।९२ |
| अस्ट्रलियन डलर १ को रू. | ८०।४९ | ८०।९६ |
| क्यानाडियन डलर १ को रू. | ८१।४५ | ८१।९३ |
| सिङ्गापुर डलर १ को रू. | ७६।६० | ७७।०५ |
| जापानी यन १० को रू. | ९।१६ | ९।२१ |
| चिनियाँ युआन १ को रू. | १५।७४ | १५।८३ |
| साउदी अरब रियाल १ को रू. | २७।०१ | २७।१७ |
| कतारी रियाल १ को रू. | २७।८२ | २७।९८ |
| थाई भाट १ को रू. | ३।१७ | ३।१९ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।५७ | २७।७४ |
| मलसियन रिङ्गिट १ को रू. | २५।६० | २५।७५ |
| दक्षिण कारियन वन १०० को रू. | ९।५३ | ९।५८ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।६४ |
| डेनिस क्रानर १ का रू. | १६।६७ |
| हङकङ डलर १ का रू. | १२।९५ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।



माघेसंक्रान्तिको व्यापार : राजधानीमा सोमबार माघेसंत्र ान्तिको बेला तरुल, सखरखण्डलगायतका कन्दमुल खरिद गर्दै एक महिला।

तस्वीर : नेपाल समाचारपत्र

# हङकङको अवधारणामा मिटमार्ट

काठमाडौं, (नेस)

काठमाडौंका उपभोक्तालाई स्वस्थकर मासु उपलब्ध गराउने उद्देश्यका साथ अत्याधुनिक प्रविधिसहितको मिट मार्ट फोर सिजन मिट मार्ट सञ्चालनमा आएको छ। विगत १८ वर्षदेखि हङकङमा सञ्चालित फोर सिजन स्टोरको अनुभव तथा अवधारणा अनुसार नेपालमा पनि सेवा बिस्तार भएको हो।

काठमाडौंको चपलीमा विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसारको अत्याधुनिक मिट मार्ट सञ्चालनमा आएको हो। नयाँ मार्टको उद्घाटन बुढानिलकण्ठ नगरपालिका प्रमुख उद्धव खरेलले गर्नुभयो।

नेपालमै पहिलो पटक डब्लूएचओ र यूएनएफएकोको मापदण्डअनुसार फ्रिजमा कुखुरा, खसी, हाँस, टर्की, अस्ट्रिजका मासुका साथै राँगा तथा बंगुरका छुट्टाछुट्टै प्याकिङ सिस्टममा मासु तथा माछा राखेर बिक्री गरिने कम्पनीका सञ्चालक आविस्कार लाल श्रेष्ठले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'हामीले उपभोक्तालाई स्वस्थ र गुणस्तरीय किसिमले विभिन्न मासु तथा माछा उपलब्ध गराउन अत्याधुनिक प्रविधियुक्त मिटमार्ट सञ्चालनमा ल्याएका हौं।'

यस मिटमार्टमा दक्ष प्राविधिकले आधुनिक मेसिनको प्रयोग गरेर मात्रमासु काट्ने गर्दछन्, जसले गर्दा गुणस्तरीय र स्वस्थकर मासु मात्र उपलब्ध हुने मार्टको दावी छ। मिटमार्टले ग्राहकको मागअनुसार मासुका लागि आवश्यक मरमसला, मिट ससेज, सि-फुडका साथै पकाउन मिल्ने गरि तयारी मासुका सामग्री समेत बिक्री गर्ने योजना बनाएको छ।

# हाइड्रोपावर कम्पनीहरूको शेयर आउँदै

नेपाल समाचारपत्र

काठमाडौं

जलविद्युत् कम्पनीहरूले धमाधम बोनस, हकप्रद तथा आईपीओ जारी गर्न लागेका छन्। यसै क्रममा केही कम्पनीले वार्षिक साधारणसभा गरी प्रस्तावसमेत पारित गरेको अवस्था छ।

पछिल्लोपटक अपि पावर कम्पनीले आर्थिक वर्ष २०७३/७४ को खुद मुनाफाबाट ८ प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गरेको हो।

कम्पनीको १४ औं वार्षिक साधारणसभाले ८ प्रतिशत बोनस शेयर जारी गर्न लागेको छ। कम्पनीले विद्यमान १ शेयर बराबर २ शेयरका दरले हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव पनि पारित गरेको छ । हकप्रद शेयरबाट २ अर्ब २६ करोड ८० लाख प्राप्त हुनेछ । शेयर जारीपश्चात् कम्पनीको शेयर संख्या ११ करोड ३४ लाख कित्ता कायम हुनेछ । सो रकममध्ये १ अर्ब रुपियाँ सिद्धकाली पावरले निर्माण गर्ने त्रिशूली-गल्छी जलविद्युत् आयोजनामा लगानी गर्ने तयारी गरिएको छ। यस्तै बाँकी रहने १ अर्ब २६ करोड ८० लाख रुपियाँ अपि पावरले निर्माण गर्नेसौर्य ऊर्जा प्रणालीमा लगानी गर्ने तयारी गरेको हो।

यस्तै अपि पावरले माथिल्लो चमेलिया जलविद्युत् आयोजना निर्माणको प्रक्रियासमेत शुरू गरेको छ । दार्चुलामा आयोजनास्थल रहेको माथिल्लो चमेलिया ४० मेगावाट क्षमताको रहेको छ । सो आयोजनाको लागत ७ अर्ब २० करोड रहेको छ ।

उता लिवर्टी इनर्जी कम्पनीको पनि साधारणसभा सम्पन्न गरेको छ । कम्पनीले आम सर्वसाधरणमा शेयर जारी गर्ने प्रस्ताव पारित गरेको छ । कम्पनीले ३ वटा जलविद्युत् आयोजना निर्माण अगाडि बढाएको छ । लमजुङमा निर्माणाधीन २५ मेगावाट क्षमताको दोर्दी 'ए' जलविद्युत् आयोजना आगामी असोजमा सम्पन्न गर्ने तयारी गरिएको छ । आयोजनाको शुक्रबार मात्रै मुख्य सुरुङ निर्माण सम्पन्न भएको थियो । त्यस्तै कम्पनीले प्रर्वद्धन गरेको बागलुङमा आयोजनास्थल रहेको बडीगाड खोलामा २१ मेगावाट जलविद्युत् आयोजना निर्माण शुरू गर्ने तयारी गरेको हो। यसैगरी सानिमा माई हाइड्रोपावर लिमिटेडको पनि साधारणसभा सम्पन्न भएको छ। कम्पनीले १ सय १५ मेगावाट क्षमताका तीन जलविद्युत् आयोजना निर्माण गर्ने घोषणा गरेको छ । त्यसका लागि १ अर्ब ८ करोड रकम लगानी गर्ने प्रस्ताव पारित गरेको छ ।

यस्तै चिलिमे जलविद्युत् कम्पनीका सहायक कम्पनीको रूपमा रहेको मध्यभोटेकोशी जलविद्युत् कम्पनीले २ अर्ब ९४ करोड रुपियाँ बराबरको साधारण शेयर जारी गर्ने तयारी गरेको छ। कम्पनीले पनि आगामी दुई महिनाभित्र सीमित साधारण शेयर जारी गर्ने तयारी गरेको हो।

यस्तै इलाममा रहेको अपरमाई जलविद्युत् आयोजनाले ११ लाख कित्ता साधारण शेयर बिक्री गर्ने भएको छ। युनिभर्सल पावर कम्पनीले पनि साधारण शेयर निष्कासन गर्ने भएको छ। कम्पनीले ९६ करोड ६१ लाख रुपियाँ बराबरको ९६ लाख ६१ हजार कित्ता शेयर निष्कासन गर्न लागेको हो। साधारण सभाका लागि कम्पनीले पुस २७ गते बिहीबारदेखि शेयरधनी किताब बन्द गरेको छ।

यसैबीच आज मंगलबारदेखि दुई महत्वपूर्ण कम्पनीको म्युचुअल फन्डको बिक्री शुरू हुँदै छ। पुँजी बजारमा अवसर तथा लगानीका स्रोतको खुल्दै गरेको सन्दर्भमा ती कम्पनीको २ अर्ब रुपियाँ बराबरको म्युचुअल फन्डको बिक्री शुरू हुने लागेको हो।

अहिले नेपाल स्टक एक्सचेन्जमा कूल ११ कम्पनीका त्यस्ता फन्डको कारोबार भइरहेको छ। पछिल्लोपटक सिटिजन्स बैंकको सहायक कम्पनी सीबीआइएल क्यापिटल र एनआईसी एसिया क्यापिटलले १/१ अर्ब रुपियाँ बराबरका फन्ड बिक्री गर्न लागेका हुन्। सीबीआइएल क्यापिटलले १ अर्ब रुपियाँ बराबरको सामूहिक लगानी कोषको इकाई बिक्री गर्ने लोको हो भने एनआईसी एसिया क्यापिटलले व्यवस्थापन गरेको एनआईसी एसिया ग्रोथ फन्डको बिक्री गर्न लागेको हो।

सीबीआईएल क्यापिटलले १० रुपियाँ प्रतिइकाईका दरले १० करोड इकाई म्युचुअल फन्ड बिक्री गर्न लागेको हो। जसमध्ये १५ प्रतिशत अर्थात् एक करोड ५० लाख इकाई कोष प्रवर्द्धक सिटिजन्स बैंक इन्टरनेसनल र बाँकी ८ करोड ५० लाख इकाई सर्वसाधारणका लागि निष्कासन खुल्ला गरेको हो।

एनआईसी एसिया क्यापिटल म्युचुअल फन्डको १ अर्ब रुपियाँमध्ये १५ प्रतिशत कोष प्रवर्द्धक एनआईसी एसिया बैंकलाई सुरक्षित गरेको छ। बाँकी रहेको ८ करोड ५० लाख इकाई विभिन्न संघसंस्था तथा व्यक्तिका लागि बिक्री गरिने भएको हो।




# ८० वर्षदेखि लोभ्याउने जेरी

रोविन पौडेल, पोखरा

सेलरोटी पकाउने जसरी नै गिल्याइएको चनाको बेसन वा मैदालाई तेलमा पकाएर झिकिने, अनि चिनीको पाकमा डुबाएपछि बनाइनेमध्येको एउटा परिकार नचिन्ने सायदै होलान्। कतै जेरी, कतै जुलेबी भनिने यो परिकार पोखराको एक मिठाइ पसलमा तराईका पोख्त कारिगरले बनाएभन्दा फरक आकार तथा रङको भेटिन्छ।

पोखरा लेखनाथ महानगरपालिकाको भीमसेनटोलका चुल्याजु परिवारको मिठाइ पसलमा अतिरिक्त रङको मिश्रण नभएको जेरी पाइन्छ। तराईमा बनाइने राता-राता र पातला नभएर त्यहाँको जेरी फूल आकारको अनौठो खालको छ।

सो मिठाइ पसल पोखरामा १ सय वर्षअघि 'भुत्ते साहु' भनेर चिनिने सिद्धिलाल चुल्याजुले वि.सं. १९९० मा नालाको मुखमा शुरू गर्नुभएको हो। चुल्याजूले शुरू गर्नुभएको जेरीलगायतका मिठाइको व्यापारलाई उहाँको परिवारले हालसम्म पनि निरन्तरता दिइरहेका छन्।

पसल यतिबेला पाँच भाइ चुल्याजुमध्येका कान्छा ५० वर्षीय राजकुमार र उहाँकी श्रीमती दयालक्ष्मीले सम्हाल्दै आउनुभएको छ। मुख्य बजार क्षेत्रबाट विन्ध्यवासिनी मन्दिर जाने बाटोमा पर्ने पसलमा कुनै अत्याधुनिक सजावट भने छैन। पसलमा ३ वटा ग्यास चुला, तिनमा खानेकुरा पकाउँदा निस्कने वाफ बाहिरिने ठाउँमा आधुनिक पाराको टिनको चिम्नी मात्र छन्। हेर्दा सामान्य देखिएपनि महानगरभरि चुल्याजुका मिठाइको ख्याति निकै छ।

भक्तपुरबाट पोखरा आएमध्येको चुल्याजु परिवारका सिद्धिलाल चुल्याजु भारतीय र ब्रिटिस सेनामा भर्ती चाहेपनि सफल नभएपछि ५ वर्ष बर्मामा मिठाइ बनाउने इलम सिके। भुत्ते भनिने सिद्धिलालले वि.सं. १९९० मा नालामुखचोकमा पसल खोले। उनको पसललाई सबैले 'भुत्तेको मिठाइ पसल' भनेर चिन्थे।

चुल्याजूको पसलको अर्को कथा पनि छ। २०१५ सालमा राजा महेन्द्र पोखरा आउँदा राजाको स्वागतमा नगरमा २ सय वटा स्वागतद्वारमध्ये एउटाले निकै चर्चा



पाएको थियो। त्यो बनाउने सिद्धिलाल थिए। राजा महेन्द्रले सिद्धिलाललाई भेटी उनको हातबाट बनेका परिकार चाख्नुभएको थियो। सिद्धिलालले सेलरोटी र जेरीको स्वागतद्वार बनाउनुभएको थियो। जो त्यसताका सबैका लागि अनौठो थियो। जेरीका कारण प्रभावित हुनुभएका राजाले उक्त समयमा पोखरामा केही जग्गा बक्सिसस्वरूप दिनुभएको थियो।

सिद्धिलालले तीनपटक विवाह गर्नुभएको थियो। सिद्धिलालका जेठी श्रीमतीबाट दुई छोरी, माइलीबाट एक छोरा र कान्छीबाट चार छोरा जन्मिएका थिए।

वि.सं. २०२७ सालमा उहाँको मृत्यु भएपछि ५ वटा छोरामध्ये केहीले अल्पकालका लागि पसल हेरे। पछि कान्छा छोरा राजकुमारले पसलको सम्पुर्ण जिम्मेवारी लिनुभयो। राजकुमारको भागमा जिम्मेवारी आएपछि भुत्तेको त्यो पुरानो पसल नालामुखबाट आफ्नै जमिनमा केही पर भीमसेनटोलमा सरेको हो। अहिले पनि सो पसल भिमसेनटोलको एक सय वर्ष पुरानो घरमा रहेको छ। सिद्धिलालको समयमा तराईबाट मैदा, चिनी र बागलुङ-पर्वतबाट घ्यु झिकाउने गर्दथे।

यतिबेला राजकुमार र दयालक्ष्मी दिनहुँ पसलमा मिठाइ बनाइरहेका भेटिन्छन्। पसलमा भेटिनुभएकी चुल्याजूकी कान्छी बुहारी दयालक्ष्मी सो पसल भएको घर त्यस क्षेत्रकै सबैभन्दा पुरानो घर भएको दावी गर्नुहुन्छ। उहाँले भन्नुभयो- 'परम्परा धान्न हामीले यो पेसा अँगालेका हौं। चुल्याजूको जेरी खान मानिस काठमाडौंदेखि विदेशीसम्म आइपुग्छन्।'

बिहानै उठेदेखि साँझसम्म मिठाइ बनाउन भ्याइनभ्याइ हुने उहाँ बताउनुहुन्छ। उहाँले अहिले आफू धेरै अर्डरको काम गर्ने तथा पुरानो पसल भएकाले ग्राहक पनि पुरानै भएको दाबी गर्नुहुन्छ। समान्यतया दिनको औसत ६ हजार रुपियाँको मिठाइ बनाइने र अर्डर भएका बेलामा २० हजार रुपियाँसम्मको मिठाइ तयार पार्ने बताउनुहुन्छ।

बुवाको ख्यातिले नै पसल अहिलेसम्म चलेको दयालक्ष्मीको दाबी छ। चुल्याजूको मिठाइ पसलबाट धेरै बिक्री हुने जेरी हो। यसबाहेक अन्त सजिलै नभेटिने गजा-खस्टा र ऐंठे लगायत प्रसिद्ध छन्। कतिले त विदेश पठाउने कोशेली पनि चुल्याजूकै पसलबाट किन्ने गर्दछन्। अहिले राजकुमार र दयालक्ष्मीका छोराछोरी पनि फुर्सद मिलाएर पसलमा सघाउने गदछन्।

जमानामा पुरी, तरकारी र चिया पनि बेच्ने भुत्तेको मिठाइ पसलले अहिले जेरी, गजा-खस्टा, लालमोहन र ऐंठे मात्रै बनाउँछ। 'हामी रङ हाल्दैनौ, एक किलो मैदाको मुस्किलले ३० वटा जेरी बन्छ। तर पनि जेरीकै माग बढी छ।'उहाँले थप्नुभयो- '८० वर्ष पुरानो व्यवसायलाई हालसम्म पनि निरन्तरता दिएको सुन्दा यो जो कोहीका लागि प्रेरणाको स्रोत बन्न सक्छ नि हैन र ?'

२०७४, माघ मंगलबार २

‘संघीय विभाज्य कोष’को स्थापना आर्थिक प्रशासन कार्यान्वयनका लागि अर्को चुनौतीका रूपमा रहेको छ। सरकारले खडा गर्ने संघीय विभाज्य कोष जम्मा हुने राजस्व रकम ३ तहमा विभाजन हुने अन्तर सरकारी वित्त व्यवस्थापनसम्बन्धी विधेयकमा उल्लेख छ।

अर्थ

**PRESS RELEASE**

## महिन्द्रा फ्रि मेगा सर्भिस क्याम्प सम्पन्न

काठमाडौं, (नेस)



नेपालको लागि महिन्द्रा गाडीको आधिकारिक बिक्रेता अग्नि ग्रुपअन्तर्गत बालाजु अटोवर्कसले महिन्द्रा फोर ह्वील गाडीको लागि नेपालभर रहेका कम्पनीका आधिकारिक वर्कसपबाट एकैसाथ फ्रि सर्भिसिङ गराएको छ। पुस २४ गतेबाट शुरू गरेको मेला सम्पन्न भएको कम्पनीले जनाएको छ।

यस योजनामा नि:शुल्क सर्भिसिङका साथै कम्पनीले स्पेयर पार्टस् खरिदमा १२ प्रतिशत, लुब्रिकेन्टस्मा १५ प्रतिशत तथा एक्सेसरिजको खरिदमा विशेष छुटको व्यवस्था मिलाएको थियो। साथै यस सर्भिस क्याम्पमा ग्राहकलाई नि:शुल्क स्वास्थ्य सेवा पनि प्रदान गरिएको थियो। जसमा आँखा, ब्लड प्रेसर, सुगर तथा अन्य साधारण उपचारका सेवा प्रदान गरिएको कम्पनीले जनाएको छ। मेगा सर्भिस क्याम्पमा महिन्द्रा गाडीलाई दक्ष प्राविधिकले गाडीका विभिन्न ७५ जाँच गरेका थिए। सयौंको संख्यामा सहभागिता रहेको यस योजनको सफलताले गर्दा कम्पनीलाई अझ बढी हौसला तुल्याएको प्रेस विज्ञप्तिमा उल्लेख छ।

## सुजुकी सेलेरियोको टेस्ट राइड अभियान

काठमाडौं, (नेस)

सुजुकीका चार पाङ्ग्रे सवारी साधनको नेपालका लागि आधिकारिक बिक्रेता तथा सिजी होल्डिङको अटोमोटिभ डिभिजन सीजी मोटोकर्पले पुस महिनादेखि राष्ट्रव्यापी सञ्चालन गरेको सुजुकी सेलेरियो टेस्ट राइड क्याम्पेनलाई निरन्तरता दिँदै आएको छ। उपभोक्तालाई खरिद निर्णय लिनुपूर्व पहिलो अनुभव तथा सन्तुष्टि प्रदान गर्ने सोचका साथ कम्पनीले आयोजना गरेको यस कार्यक्रम सुजुकीका आठवटा आधिकारिक शोरुम थापाथली, पुल्चोक, नयाँबजार, बालकुमारी, महाराजगन्ज, कंलकी, बौद्ध र नक्सालमा गत पुस २०७४ मा सञ्चालन भई सफल भएको थियो। कम्पनीका अनुसार ५८२ जना ग्राहकले टेस्ट राइड गरी कार्यक्रममा सहभागी भएका थिए। सहभागी भएका ग्राहकले सकारात्मक धारणा व्यक्त गर्दै किन्नु अगाडि टेस्ट राइड गर्न सुविधा पाएकोमा सन्तुष्टि जनाएको छ।

सेल्स, मार्केटिङ एन्ड स्ट्र्याटिजी डिजीएम श्रृजन पन्तका अनुसार ‘ग्राहकहरूको उल्लाहसपूर्ण सहभागिताले हाम्रो यो सुरुवातलाई आशापूर्ण प्रतिक्रिया दिएको छ, भावी सञ्चालन हुने टेस्ट राइड कार्यक्रममा पनि ग्राहकवर्गको सोही उल्लाहसपूर्ण सहभागिता प्राप्त हुनेमा आशावादी छौं।’ सेलेरिया ‘द परफेक्ट फेमिली कार’ नेपाली बजारमा गत पुस महिनामा टेस्ट राइड अभियानमार्फत् बजारमा ल्याएको थियो। हरेक टेस्ट राइडमा उपभोक्ताले आकर्षक उपहारका साथै १ जना उपभोक्ताले बम्पर १ लाख क्यास ब्याक जित्ने अवसर पनि प्रदान गरिने कम्पनीले जानकारी दिएको छ।

## कार्ल्सवर्गको ‘द रेड हप’ बोतल सार्वजनिक

काठमाडौं, (नेस)

गोर्खा ब्रुअरीले कार्ल्सवर्गको ‘द रेड हप् लिमिटेड एडिसन’ बोतल सार्वजनिक गरेको छ। लिभरपुल एफसीसँगको २५औं वार्षिकोत्सव मनाउन कार्ल्सवर्गले लिमिटेड एडिसनको बियर उत्पादन गरेको हो। लिभरपुल एफसीसँगको २५औं वार्षिकोत्सवको मनाउन उत्पादन गरिएको ‘द रेड हप’ बियरलाई कार्ल्सवर्गको कोपनहेगनमा अवस्थित अनुसन्धान प्रयोगशालाका वैज्ञानिकले विशेष रेड हब बिरुवाको उत्पादन गरेर त्यसलाई लिभरपुल एफसीको २५ वर्षको फुटेज अवलोकन गरी तयार गरिएको थियो।




गोर्खा ब्रुअरीका उपप्रबन्ध निर्देशक सुरेन्द्र सिल्वालले लिमिटेड एडिसन बारे भन्नुभयो-‘लिभरपुलको भाग भएको २५ वर्ष भएको उपलक्ष्यमा क्लबसँगको सम्बन्धलाई अझ गहिरो बनाउन अक्टोबरमा लन्च गरिएको विशेष बियरमा कार्ल्सवर्गको अनुसन्धान प्रयोगशालाका वैज्ञानिकले लिभरपुलको फुटेज् प्रयोग गरी विशेषरूपमा उत्पादन गरेका हब प्रयोग गरी बनाइएको हो। २५ वर्षको म्याचको दृश्य र ध्वनीबाट प्रभावित भएर यसको उत्पादन गरिएको हो।’ गोर्खा ब्रुअरीका बजार निर्देशक वैभव शर्माका अनुसार कार्ल्सवर्ग र लिभरपुल फुटबल क्लबको सम्बन्ध खेलकुद जगतको साझेदारी मध्येकै सबैभन्दा लामो साझेदारी रहेको कम्पनीको दाबी छ।

# सरकार गठन प्रक्रियासँगै रुमलियो आर्थिक प्रशासन

हेमन्त जोशी, काठमाडौं

नयाँ सरकार गठनमा देखिएको ढिलासुस्तीका कारण आर्थिक प्रशासनलाई कार्यान्वयन गर्न समस्या देखिएको छ। अधिकार सम्पन्न स्थानीय तहले राजस्व संकलन तथा स्रोत परिचालन र व्यवस्थापनलगायत आर्थिक प्रशासन लागू गर्न अझै कुनुपर्ने अवस्था देखिएको हो।

संवैधानिक व्यवस्थाअनुसार तहगत रूपमा स्पष्ठ काम, कर्तव्य र अधिकारहरू तोकिएको भए पनि आर्थिक प्रशासन कार्यान्वयनमा भने अझै केही समय कुनुपर्ने देखिएको हो। आर्थिक प्रशासन कार्यान्वयनका लागि सबैभन्दा महत्त्वपूर्ण आधार मानिएको प्राकृतिक स्रोत तथा वित्त आयोग गठन प्रक्रिया सरकार गठनसँगै रुमलिएको छ।

प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिणाम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने प्रावधानका कारण आर्थिक प्रशासनमा ढिलाइ हुनसक्ने बताउनुहुन्छ राजस्व सचिव शिशिरकुमार ढुंगाना। ‘आयोग स्थापनापछि मात्र मुलुक पूर्ण रूपमा आर्थिक संघीयतामा जान्छ र सोही अनुरूप नीति नियम कार्यान्वयनमा आउँछन’ -नेपाल समाचारपत्रसँग कुरा गर्नुहुँदै ढुंगानाले भन्नुभयो।

संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्र आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने अधिकार पाएको छ। संघ प्रदेश र स्थानीय तहले आ-आफ्नो तहको बजेट बनाउने तथा निर्दिष्ट आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतको राजस्व उठाउन सक्नेछन। तर, निर्वाचित जनप्रतिनिधिलाई आर्थिक प्रशासनको विषयलाई कार्यान्वयनमा ल्याउन थप समय कुर्नुपर्ने देखिएको छ।

वित्त आगोग गठन, संघीय विभाज्य कोष स्थापना, दोहोरो कर प्रशासन प्रणालीमा देखिएको अस्पष्टता, सबै तहमा आर्थिक प्रशासन कार्यालय स्थापनालगायतका विषय टुंग्याउन सहज नहुने राजस्व सचिव ढुंगानाको भनाइ छ।

वित्त आगोग गठन, संघीय विभाज्य कोष स्थापना, दोहोरो कर प्रशासन प्रणालीमा देखिएको अस्पष्टता, सबै तहमा आर्थिक प्रशासन कार्यालय स्थापनालगायतका विषय टुंग्याउन सहज नहुने राजस्व सचिव ढुंगानाको भनाइ छ।

चालू आर्थिक वर्षमा समानीकरण अनुदानमार्फत राजस्व बाँडफाँड भएको थियो। तर, केही अगाडिमात्र सरकारले ल्याएको अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धी विधेयकले पहिलोपटक स्थानीय तहलाई समेत राजस्व अधिकार दिएको छ। विधेयकअनुसार मूल्य अभिवृद्धि कर (भ्याट) र आन्तरिक उत्पादनबाट उठेको अन्त:शुल्कबाट उठ्ने राजस्वको ७० प्रतिशत केन्द्रमै रहने भने १५ प्रतिशत स्थानीय तह र १५ प्रतिशत प्रदेशले पाउने व्यवस्था छ।

सरकारले खडा गर्ने संघीय विभाज्य कोषमा जम्मा हुने राजस्व रकम संघीय संरचना अनुसार ३ वटै तहमा विभाजन हुने भएको छ। यस्तो खालको आर्थिक प्रणाली मुलुकमा पहिलोपटक कार्यान्वयन हुन लागेकाले पनि थप चुनौती देखिने अर्थविद्हरू बताउँछन्।

स्थानीय तहले पहिलोपटक भ्याट र अन्त:शुल्क कर मार्फत उठेको राजस्व रकमको हिस्सा पाउन लागेका हुन्। चालू आर्थिक वर्षको बजेट सम्बन्धी नीति तथा कार्यक्रममा राजस्व बाँडफाँड एवम् अनुदानको सिफारिस गर्ने प्राकृतिक स्रोत तथा वित्त आयोग गठन नभइसकेकाले निश्चित मापदण्डको आधारमा समानुपातिक रूपमा उपलब्ध हुने गरी समानीकरण अनुदानको माध्यमबाट स्थानीय तहलाई हस्तान्तरण हुने कुरा उल्लेख गरिएको थियो। यसरी राजस्व हस्तान्तरण तथा बाँटफाँडको विषय जनसंख्या, विकासको अवस्था, र लागत समायोजित क्षेत्रफललाई आधार मानेर अनुदान हस्तान्तरण हुने आर्थिक नीतिमा उल्लेख छ।

‘संघीय विभाज्य कोष’को स्थापना आर्थिक प्रशासन कार्यान्वयनका लागि अर्को चुनौतीका रूपमा रहेको छ। सरकारले खडा गर्ने संघीय विभाज्य कोष जम्मा हुने राजस्व रकम ३ तहमा विभाजन हुने अन्तर सरकारी वित्त व्यवस्थापनसम्बन्धी विधेयकमा उल्लेख छ। विभाज्य कोष स्थापनाका लागि प्रक्रियागतरूपमा देखिने झन्झट अर्को चुनौती हुनसक्छ। कोषमा जम्मा भएको रकमबाट केन्द्र सरकारले पाउने रकम संघीय सञ्चित कोषमा जम्मा गरिनेछ भने स्थानीय तह र प्रदेशले भने आ-आफ्ना विभाज्य कोषमार्फत् रकम जम्मा गरी मासिक रूपले पाउने गरी उपयोग गर्न सक्ने कुरा विधेयकमा उल्लेख गरिएको छ।

संविधान बमोजिम तीनवटै तहको राजस्व अधिकार र राजस्व बाँडफाँड व्यवस्थित गर्न प्रदेश र स्थानीय तहलाई आवश्यकताअनुसार वित्तीय स्रोतको निश्चित हिस्सामा आत्मनिर्भर ढंगले जुटाउन सक्ने गरी राजस्वको दायरा विकास गर्ने र राजस्वका दर स्वयम् निर्धारण गर्न सक्ने गरी सक्षम तुल्याउनु पनि आर्थिक प्रशासनको मुख्य खुड्किलो ठानिएको छ।

यसअघि आर्थिक वर्षको नीति तथा कार्यक्रममा संघीय राजस्व नीति तर्जुमा गर्ने र राजस्व प्रशासनका संगठनात्मक संरचना संघीयता अनुकुल बनाइने कुरा उल्लेख गरिएको थियो। तर, यस विषयलाई पनि तार्किक निष्कर्षमा अझै पुऱ्याउन सकिएको छैन।

केन्द्र सरकारले ७० प्रतिशत, स्थानीयले १५ प्रतिशत र प्रदेश सरकारले १५ प्रतिशत पाउने राजस्व बाँडफाँडको आधार पनि स्पष्ट भएको देखिँदैन। तर, राजस्व सचिव ढुंगाना भने संविधानको अनुसूची ६, ७ र ८ को गरेको व्यवस्था बमोजिम तथा संघीय सरकार सम्बन्धी कार्यविधिलाई आधार मान्नुपर्ने बताउनुहुन्छ। ‘अहिले घर बहाल कर बाहेक अन्य कुनै पनि क्षेत्रमा राजस्व संकलनको तहगत अधिकारको बाँडफाँडका लागि विवाद छ जस्तो मलाई लाग्दैन ,’उहाँले भन्नुभयो।

### क्लिंकर आयातको समस्या जस्ताको त्यस्तै

# सरकारले बेवास्ता गरेको गुनासो

कृष्णउदास खनाल, वीरगन्ज

भारतीय रेल निगमले रक्सौल यार्डमा क्लिंकर लोड र अनलोड गर्न नदिएका कारण अझै पनि भारतबाट क्लिंकर नेपाल आयात हुन नसक्दा नेपाली उद्योगी मारमा परेका छन्।

रक्सौल रेल्वे यार्ड हुँदै क्लिंकर ल्याएर बारा-पर्सा क्षेत्रका १३ वटा सिमेन्ट उद्योग सञ्चालन हुँदै आएका छन्। डिसेम्बर २२ तारिख अघि बुकिङ भई बाटोमा अलपत्र परेका क्लिंकरका ऱ्याक आए पनि त्यसपछि वीरगन्ज नाका हुँदै क्लिंकर आउन अझै नसकेको स्थानीय व्यापारीले जनाएका छन्।

रक्सौलका बासिन्दाले क्लिंकरलगायत सिमेन्ट उद्योगका कच्चा पदार्थका कारण प्रदूषण बढेको भन्दै विरोध जनाएपछि समस्या समाधानका लागि भारतले एकपक्षीय रूपमा रक्सौल ऱ्याडमा क्लिंकरलगायतका औद्योगिक कच्चा पदार्थ आयातमा रोक लगाएको हो।

चालू आर्थिक वर्षको पाँच महिनामा वीरगन्ज भन्सार नाका हुँदै ४ लाख ४ हजार १ सय ४ मेट्रिक टन क्लिंकर आयात भएको वीरगन्ज भन्सार कार्यालयका प्रमुख सेवन्तक पोखरेलले जानकारी दिनुभयो।

सिमामा रहेको अवरोधका बाबजुद पनि क्लिंकर आयात भने बढेको तथ्यांकले देखाउँछ। यसको अर्थ विवाद शुरू हुनुभन्दा पहिले नै गत वर्षको तुलनामा बढी सिमेन्ट आयात भएको हो। वीरगन्ज भन्सार कार्यालयका अनुसार अघिल्लो वर्षको पहिलो ५ महिनामा ३ लाख ९७ हजार ९५ मेट्रिक टन क्लिंकर आयात भएको थियो।

क्लिंकर आयात क्रमश: बढ्दै गएको देखिएकाले त्यसको व्यवस्थापनका लागि नेपालमा निजी क्षेत्रकै बन्दरगाह भए उत्तम हुने भने प्रमुख पोखरेलको भनाइ छ। उहाँले भन्नुभयो- ‘बन्दरगाहको नेतृत्व निजी क्षेत्रले लिन सक्नुपर्छ, माथिल्लो निकायमा हामी पनि पहल गर्छौं।’

भारतीय रेल्वे निगमले भारतीय कन्टेनर निगम लिमिटेड (कन्कोर) सँग परामर्श गरी गत डिसेम्बर २२ तारिखमा क्लिंकरको कार्गो सिधैं वीरगन्जस्थित सुक्खा बन्दरगाहमा अनलोड हुने बताएको थियो। त्यसका लागि आवश्यक संरचना १५ दिनमा कन्कोरले सुख्खा बन्दरगाहमा आवश्यक प्रबन्ध मिलाउने बताएको थियो। तर, त्यस्तो केही हुन नसक्दा सिमेन्टको कच्चा पदार्थ आयात हुन नसकेको हो ।

वीरगन्ज उद्योग वणिज्य संघका अध्यक्ष ओम प्रकाश शर्माले अचानक भारतीय पक्षले क्लिंकर आयात रोकेका कारण नेपाली व्यवसायीलाई करोडौंको नोक्सानी भइरहेको नेपाल समाचारपत्रलाई बताउनुभयो। नेपाली पक्ष गम्भीर नभएकै कारण व्यवसायीको अर्बौंको लगानी, हजारौंको रोजगारी तथा करोडौंको राजस्व पनि गुमेको उहाँको दाबी छ। क्लिंकरको समस्याले १०औं हजार मजदूरको रोजगारी गुम्ने खतरा बढेको उहाँको भनाइ छ।

# अल्लोबाट आत्मनिर्भर

सलिम अन्सारी, प्युठान

केही वर्ष अघिसम्म अल्लोका कपडा पाहुनालाई कोसेली दिने वस्तुमात्र थिए। सरकारी तथा गैरसरकारी क्षेत्रका कर्मचारीको स्वागत र बिदाइमा अल्लोका सामग्री उपहार दिइन्थ्यो। तर, पछिल्ला केही वर्ष यता प्युठानमा व्यावसायिक रूपमै अल्लोको धागो र हस्तकला उत्पादन गर्न थालिएको छ। अल्लो उद्योग सदरमुकाममा भन्दा गाउँमा फस्टाउँदो छ।

आवश्यक कच्चा पदार्थ गाउँमै उत्पादन हुने हुँदा यस्ता उद्योग बजारमा भन्दा गाउँमा बढी फस्टाएका हुन्। नौबहिनी गाउँपालिकाको बहाने बजारमा कोठी हिमाल अल्लो उद्योग सञ्चालन गर्दै आएकी चित्रकला बुढाले उद्योगलाई चाहिने कच्चा पदार्थ आफैं उत्पादन गर्ने बताउनु हुन्छ।

एक दशक अघि १० हजारको लगानीबाट अल्लो व्यवसाय शुरू गरेकी बुढाले वार्षिक कम्तिमा ३० लाख रुपियाँको कारोबार गर्नुहुन्छ। परिवारका सदस्यसहित स्थानीय १९ जनालाई उहाँले अल्लो उत्पादनमा प्रत्यक्ष रोजगारी दिनु भएको छ। व्यवसायले आम्दानी मात्र नभई पहिचान र आत्मविश्वास बढाएको छ। उहाँ भन्नुहुन्छ-‘अल्लोले चिनायो र आत्मनिर्भर बनायो। अल्लो उत्पादन संघकी केन्द्रीय अध्यक्षसमेत रहेकी उद्यमी बुढाले गत वर्ष ४० लाख रुपियाँ आम्दानी गर्न सफल भएको जानकारी दिनुभयो।

अल्लोबाट निर्मित टोपी, झोला, स्वीटर, पर्स, स्टकोट विभिन्न शहरसहित विदेश निर्यात गरिन्छ। उत्तरी प्युठानका स्याउलीबाङ, अर्खा, रजवारा, खवागा, डाम्री, ओखरकोटलगायतका गाउँमा अल्लो उत्पादन हुन्छ। वर्षेनी महिला उद्यमीको संख्या बढदै गएको लघु उद्यमी संघ प्युठानकी अध्यक्ष तिलकुमारी खड्काले बताउनुभयो। उद्यमीले संकलन गरेको अल्लोको प्रशोधित धागो अन्तर्राष्ट्रिय बजारसम्म पुगेको छ। प्रशोधित धागोको प्रतिकिलो ७ सय रुपियाँमा कारोबार हुन्छ। स्थानीयस्तरमा उत्पादित अल्लोको कपडाको प्रतिमिटर मूल्य ६ सयदेखि १२ सय रुपियाँसम्म पर्छ।

# ऊनीका कपडा बेचेर मनग्गे आम्दानी

राम धामी, डडेल्धुरा

चिसो बढेसँगै डडेल्धुरामा ऊनीका न्यानो कपडा बुनेर स्थानीय महिलाले मनग्गे आम्दानी गरिरहेका छन्। डडेल्धुरा जिल्लामा ऊनीका कपडा बुनेर बिक्री गर्दै आम्दानी लिने महिलाको संख्या बढदै गएको छ। युवापुस्ताले ऊनीबाट बुनेर बनाइएका न्यानो कपडामा रुची राख्न थालेपछि सदरमुकाम क्षेत्रका महिला ऊनीका कपडा बुन्न क्रियाशील हुन थालेका छन्।

जाडोयाममा हातले बुनेर बनाइएका न्यानो लुगा निकै लोकप्रिय हुन थालेपछि ऊनीका कपडा तयार गर्ने क्रेज स्थानीय महिलामा बढन थालेको हो। डडेल्धुरा सदरमुकाम अमरगढी नगरपालिका-५ विद्युतरोडमा बस्दै आएकी लक्ष्मी साउद ऊनीका स्वीटर, गलबन्दी, मोजा, टोपी र स्काप बुन्न थालेपछि स्वरोजगार बन्न थालेको बताउनुभयो।

विगतका वर्षदेखि स्वीटर बुन्दै आएकी साउदले स्वीटर र अन्य न्यानो कपडा बुनाईबाट मनग्गे आम्दानी हुन थालेको जानकारी दिनुभयो। शुरूमा हेर्दा बुन्ने काम गाह्रो लागे पनि हात बस्दै जाँदा सहज हुने उहाँले बताउनुभयो।

ऊनीको धागोबाट बुनेर एउटा स्वीटर तयार पार्न ६ दिन लाग्ने र महिनाभरिमा ५ स्वीटर बुन्न सकिने



उहाँले जानकारी दिनुभयो। ऊनीका कपडा बुन्न थालेपछि आफ्नो पकेट खर्चसँगै घर खर्च चलाउन सहज भएको ऊनीका कपडा बुन्ने कार्यमा संलग्न स्थानीय महिला बताउँछन्।

डडेल्धुरा सदरमुकाममा बस्दै आएका महिला ऊनीका न्यानो लुगा बुन्नमा व्यस्त देखिन्छन्। उनीहरूले काटीको साहरामा धागोबाट चौबन्दी चोलो, टोपी, स्वीटर, मोजालगायतका कपडा तयार गर्ने गर्दछन्।

ऊनीबाट बुनेर तयार गरिएका कपडा जिल्लाका ग्रामीण क्षेत्रसम्म बिक्री हुने गरेको उनीहरू बताउँछन्। हातले ऊनीका कपडा बुन्दा बढी समय लाग्ने भएकाले चर्खा र आवश्यक तालिमको व्यवस्था गर्न सकिएमा ऊनीका कपडा बुन्ने व्यवसाय फस्टाउँदै जाने ऊनीका कपडा तयार गर्ने कार्यमा संलग्न स्थानीय महिलाको धारणा छ।

# भातृत्वले १५ प्रतिशत लाभांश दिने

काठमाडौं, (नेस)

भातृत्व विकास बचत तथा ऋण सहकारी संस्थाले १५ प्रतिशत लाभांश वितरण गर्ने भएको छ। सहकारीको साधारणसभाले सहकारीका शेयर सदस्यलाई १५ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको हो।

सहकारीका संस्थाको अनुसार हाल संस्थाको शेयर पुँजी ६० लाख ५३ हजार रुपियाँ रहेको छ भने बचत संकलन ७ करोड ७ लाख रुपियाँभन्दा बढी रहेको छ। गत आवमा संस्थाको खुद मुनाफा १८ लाख ५८ हजार ८६ रुपियाँ रहेको थियो।

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Thinking forward Moving forward

Head Office, Classic Complex
Tindhara Road, Kamladi,
Kathmandu-31, G.P.O No.:9799
Tel No: 4169030/4169033/4169040
Fax.: 4169038, SWIFT Code-CIVLNPKA
E-mail : info@civilbank.com.np, www.civilbank.com.np

**SCHEDULE OF INTEREST RATE**

Effective Date: 2nd Magh, 2074 (16th January, 2018)

INTEREST RATES ON DEPOSITS

| | Fixed Deposit Type | Interest Rate(% Per Annum) |
|---|---|---|
| FIXED | **Institutional Fixed Deposit** | |
| | Upto 3 months | 9.00% |
| | Above 3 months – 6 months | 9.50% |
| | Above 6 months and below one year | 10.00% |
| | 1 Year | 11.00% |

# आर्मीले जित्यो खप्तड गोल्डकप




नेपाल समाचारपत्र

काठमाडौं,

नेपाल एपीएफ क्लबलाई पराजित गर्दै त्रिभुवन आर्मी क्लबले दोस्रो संस्करणको 'नेपाल आइस सुदूरपश्चिम खप्तड गोल्डकप फुटबल' प्रतियोगिताको उपाधि जितेको छ।

प्रतियोगिताअन्तर्गत सोमबार भएको फाइनल खेलमा एपीएफलाई पेनाल्टी सुटआउटमा ५-४ ले पराजित गर्दै आर्मीले उपाधि जितेको हो। गत संस्करणमा पहिलो चरणबाटै बाहिरिएको आर्मीले यसपटक ११ लाख ११ हजार १ सय ११ नगद जित्दै आफूलाई भाग्यशाली बनायो। एपीएफले ५ लाख ५५ हजार ५ सय ५५ रुपियाँमा चित्त बुझाएको थियो।

### मोटरसाइकल प्राप्त

**सर्वोत्कृष्ट नवयुग श्रेष्ठ आर्मी**

### १५ हजार प्राप्त गर्ने

**फरवार्ड अञ्जन विष्ट एपीएफ**
**डिफेन्डर टोप विष्ट एपीएफ**
**मिडफिल्डर सन्तोष तामाङ आर्मी**
**गोलकिपर विकेश कुथु आर्मी**
**उदीयमान अमानत सिंह सुदूरपश्चिम**

आर्मीले पाँचौं पेनाल्टीलाई गोलमा परिणत गर्दा एपीएफका सुदीप शिखाकारले गोल गर्न सकेनन्। उनको प्रहार पोलमा लागेर फर्किएको थियो। आर्मीका नवयुग श्रेष्ठ, सन्तोष तामाङ, दीप लामा, दीपक गुरुङ र विवेक बस्नेतले गोल गरे। एपीएफका अञ्जन विष्ट, नवीन लामा, पासाङ लामा र रञ्जन विष्टले गोल गर्न सके। यो आर्मीको यस सिजनको चौथो उपाधि पनि हो। गत महिना झापामा सताक्षी गोल्डकप र मेची नेत्रालयल काकरभित्ता गोल्डकपको उपाधि जितेको आर्मीले वैशाखमा वीरगन्जमा भएको विशाल मेमोरियलको उपाधि पनि जितेको थियो।

### अर्को वर्ष २१ लाख

आयोजक सुदूरपश्चिम स्पोर्टस् क्लबले पुरस्कार राशिमा झन्डै दोब्बरले वृद्धि गर्ने घोषणा गरेको छ। सोमबार फाइनल दौरान सुदूरपश्चिमले पुरस्कार राशीमा वृद्धि गरिने क्लबका अध्यक्ष सुदेश हमालले जानकारी दिए। यससँगै खप्तड गोल्डकपको तेस्रो संस्करणको विजेताले २१ लाख रुपियाँ प्राप्त गर्नेछ। उपविजेताले १० लाख ५० हजार रुपियाँ पाउने आयोजकले जनाएको छ। स्थानीय व्यक्तिहरूको हौसला र विश्वासका कारण पुरस्कार राशीमा वृद्धि गर्न सफल भएको हमालले बताएका छन्।

# नाडालको सहज जित

मेलवर्न, (एजेन्सी)

विश्व नम्बर एक राफाल नाडाललाई अस्ट्रेलियन ओपनमा पहिलो चरण पार गर्न कुनै कठिनाइ भएन। स्पेनी खेलाडीले सोमबार भएको खेलमा डोमिनीकन रिपब्लिकका भिक्टोर एस्ट्रेला बर्गोसलाई हराएका हुन्। उनले सो खेलको तीनै सेटमा ६-१ को स्कोर गरे। उनी घुँडाको चोटले गर्दा गत नोभेम्बरदेखि खेलेका थिएनन्। सो खेलपछि नाडालले बताए- 'म फर्कन पाएकोमा ज्यादै खुसी छु।'

यसैगरी तेस्रो वरीयताका ग्रिगोर डिमिट्रोभ र फर्ममा रहेका अस्ट्रेलियन निक किर्गियोस पनि दोस्रो चरणमा पुगेका छन्। पहिलो दिनमै पुरुष र महिला गरी १० अमेरिकी खेलाडी हारेका छन्। जसमा पुरुषतर्फ ज्याक सक विश्व नम्बर ४१ युइची सुगितासँग चार सेटमा हारेका थिए। यस्तै १६औं वरीयताका जोन इस्नर अस्ट्रेलियाका म्याथ्यु एडबेनसँग चारै सेटमा पराजित भए। महिलातर्फ पाँचौं वरीयताकी भेनस विलियम्स, १०औं वरीयताकी कोको भान्डेवेगे र यूएस च्याम्पियन स्लोन स्टेफेन्स बाहिरिए।

१७औं ग्रान्डस्लाम र अस्ट्रेलियामा दोस्रो उपाधि जित्ने लक्ष्यमा रहेका नाडालले सानदार शुरूआत लिएका थिए। गत वर्ष रोजर फेडेररसँग फाइनलमा हारेका उनले विपक्षीमाथि जित हात पार्न मात्र ९४ मिनेटको समय लागेको थियो। उनले अर्को खेलमा अर्जेन्टिनाका लियोनार्दो मायरसँग खेल्नेछन्।

यसैगरी बुल्गेरियाका डिमिट्रोभले अस्ट्रियन डेनिस नोभाकमाथि जित हासिल गर्न १ घण्टा ३८ मिनेटको समय लिएका थिए। घरेलु खेलाडी किर्गियोसले भने ब्राजिलका रोजेरियो डट्रा सिल्भालाई सीधा सेटमा हराएका थिए। क्रोएसियाका छैटौं वरीयता प्राप्त मारिन चिलिचले क्यानाडियन क्वालिफायर भासेक पोस्पीसीललाई हराउन चार सेटमा संघर्ष गरे। महिलातर्फ कारोलिन वजनियाकीले उनको १०१औं ग्रान्डस्लाम जित हात पारिन्। डेनिस खेलाडीले रोमानियाकी मिहेला बुजार्नेस्कुलाई सीधा सेटमा पन्छाएकी थिइन्।

# इनोभेटिभ बास्केटबल हुने

काठमाडौं, (नेस)

इनोभेटिभ इंग्लिस स्कुलको आयोजनामा सातौं इनोभेटिभ कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिता माघ २६ गतेदेखि हुने भएको छ। प्रतियोगितामा सिनियर ब्वाइज र गर्ल्स तथा जुनियर ब्वाइजमा प्रतिस्पर्धा हुने इनोभेटिभका प्रबन्ध निर्देशक अनन्त कुँवरले जनाएका छन्। सिनियर ब्वाइजमा १६, सिनियर गर्ल्समा १२ र जुनियर ब्वाइजमा ८ टिमको सहभागिता रहनेछ। सिनियर ब्वाइज र गर्ल्सलाई ४ समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइनेछ।

# पूर्वाञ्चललाई सेनाको ८ गोल

हेटौंडा, (नेस)

राखेप च्याम्पियनसिपअन्तर्गत १७औं पुरुष तथा दोस्रो महिला हक्की प्रतियोगिताको पहिलो दिनको खेलमा मध्यमाञ्चल, नेपाली सेना र सुदूरपश्चिम विजयी भएका छन्। लिगकम नकआउटका आधारमा खेलाइएको पुरुषतर्फ सेनाले पूर्वाञ्चललाई ८-० गोल अन्तरले पराजित गऱ्यो। टोलीका देवानसिंह धामीले ४ गोल गरे। अर्को खेलमा सुदूरपश्चिमाञ्चलले मध्यमाञ्चललाई १-० गोलले हराएको थियो। राउन्ड रोबिनका आधारमा खेलाइएको महिलातर्फ सेनाले सुदूरपश्चिमाञ्चललाई १-० गोलले पराजित गऱ्यो। त्यस्तै मध्यमाञ्चलले सीमा खड्काको निर्णायक गोलमा पूर्वाञ्चललाई १-० गोल अन्तरले नै हरायो।

# बार्सिलोनाको अपराजित यात्रा कायमै

लन्डन, (एजेन्सी)




बार्सिलोनाले जारी सिजनको स्पेनिस ला लिगामा आफ्नो अपराजित यात्रालाई कायमै राखेको छ। पहिलो हाफसम्म रियल सोसिडाडसँग २-१ ले पछि परेको स्थितिलाई उल्ट्याउँदै बार्सिलोनाले खेलको नतिजा ४-२ ले आफ्नो पक्षमा पारेको हो। योसँगै जारी सिजनको ला लिगामा १९औं चरणसम्म पनि बार्सिलोनाले हारको मुख देख्नुपरेको छैन। बार्सिलोनाले १९ खेलबाट ५१ अंकका साथ शीर्ष स्थानमा रहँदै दोस्रो स्थानको एथ्लेटिकोमाथि ९ अंकको अग्रतासमेत बनाएको छ।

सोसिडाडले घरेलु मैदानमा ११औं मिनेटमा विलियन जोसको गोलमार्फत अग्रता बनाएको थियो। यस्तै सोसिडाडका तर्फबाट ३४औं मिनेटमा जुवानमीले गोल गर्दै अग्रता दोब्बर पारेका थिए। यता दुई गोलले पछि परेको अवस्थालाई चिर्ने क्रममा खेलको ३९औं मिनेटमा पाउलिन्होले बार्सिलोनाका लागि पहिलो गोल फर्काए।

पहिलो हाफमा एक गोलले पछि परे पनि बार्सिलोनाले दोस्रो हाफमा तीन गोल फर्कायो। बार्सिलोनाको जितमा नायक बनेका लुइस सुवारेजले खेलको ५०औं मिनेटमा गोल गर्दै खेल २-२ को बराबरीमा ल्याएका थिए। यस्तै खेलको ७१औं मिनेटमा सुवारेजले नै व्यक्तिगत दोस्रो गोल गरेपछि बार्सिलोनाले खेलमा ३-२ को अग्रता बनायो। यसैगरी खेलको ८५औं मिनेटमा लियोनल मेसीले फ्रिकिकमार्फत गोल गरेपछि बार्सिलोनाले ४-२ को जित सुनिश्चित पाऱ्यो।

मेसी बार्सिलोनाका तर्फबाट ला लिगामा सर्वाधिक गोलकर्ता बनेका छन्। सोसिडाडलाई हराउने क्रममा एक गोल गरेका मेसीले युरोपको उत्कृष्ट पाँच लिगमध्ये एउटै क्लबका लागि लिगमा सर्वाधिक गोल गर्ने कीर्तिमान बनाएका हुन्। उक्त खेलमा फ्रिकिकमार्फत शानदार गोल गरेका मेसीले बार्सिलोनाका लागि लिगमा आफ्नो गोलसंख्या ३ सय ६६ पुऱ्याएका छन्। योसँगै उनले बायर्न म्युनिखबाट खेल्दै ३ सय ६५ गोल गरेका जर्मनीका गर्ड मुलरका कीर्तिमानलाई पछि पारे। मुलरले ३९ वर्षअघि राखेको कीर्तिमानलाई मेसीले तोडेका हुन्। सबैखाले प्रतियोगिता गरी मेसीले अहिलेसम्म बार्सिलोनाका लागि ६ सय ११ खेलमा ५ सय ३० गोल गरिसकेका छन्।

# कार्ल्सवर्गद्वारा विकासलाई सम्मान




काठमाडौं, (नेस)

लिभरपुल एफसीसँगको आफ्नो २५औं वार्षिकोत्सव मनाउन कार्ल्सवर्गले निकै नै अद्भुत द रेड हप् बियरको उत्पादनसँगै लिभरपुलका समर्पित प्रशंसक स्वर्गीय विकास न्यौपानेलाई सम्मान गरेको छ।




सन् २०१६ को डिसेम्बरमा क्रोनिक डिजिजका कारण बित्नुभएका स्वर्गीय विकास न्यौपाने इंग्लिस क्लब लिभरपुलका समर्पित प्रशंसक थिए। गोर्खा ब्रुअरीको उत्पादन कार्ल्सवर्गले सो इभेन्टमा उहाँलाई सम्मान गरेको हो। गोर्खा ब्रुअरीका उपप्रबन्ध निर्देशक सुरेन्द्र सिलवालले सबै खेलाडीले हस्ताक्षर गरेको जर्सी प्रदान गर्नुभएको थियो। जुन उहाँलाई यूकेको लिभरपुल फुटबल क्लबले पठाएको थियो।

विकासका पिता टेकबहादुर न्यौपाने र उनकी बहिनी सुलोचना न्यौपानेले उक्त फ्रेम गरिएको जर्सी स्वीकार गर्नुभयो। जर्सी स्वीकार गर्दै टेकबहादुर न्यौपानेले कार्ल्सवर्ग र लिभरपुललाई उहाँको स्वर्गीय छोरालाई सम्मान गरेकामा कृतज्ञता व्यक्त गर्नुभएको थियो। उहाँ दृष्टिविहीन हुनुहुन्छ।

इभेन्टमा विकासको जीवन र लिभरपुलप्रति उहाँको मायालाई दर्साउने छोटो भिडियो देखाइएको थियो, जसले सबै लिभरपुल प्रशंसकहरूलाई धेरै नै भावुक बनाएको थियो। स्वर्गीय विकासको सम्झनामा केही बेर मौन धारण पनि गरिएको थियो। त्यसपछि इभेन्टमा लिभरपुलविरुद्ध म्यान सिटीको १४ जनवरी २०१८ को म्याच पनि देखाइएको थियो। उपस्थित आगन्तुकहरू, लिभरपुलका समर्पित प्रशंसकहरूले एक-एकवटा लिमिटेड एडिशन रेड हप् कार्ल्सवर्ग बोटल प्राप्त गरेका थिए।

## धरहरा

### गजक्क माननीय



सांसद, मन्त्री वा सोभन्दा माथिल्लो पद र जिम्मेवारीमा रहेका व्यक्तिहरूलाई सम्बोधन गर्दा माननीय र सम्माननीय शब्दले खुब पुकारिन्छ। सार्वजनिक कार्यक्रममा त झनै धेरै पटक यस्ता शब्द दोहोऱ्याइन्छ। लाग्छ कि उनीहरु छुट्टै ग्रहका हुन्, त्यसरी सम्बोधन गर्नेहरुचाहिं यही पृथ्वीका।

धरहराले पनि सांसद, मन्त्री वा अन्य विशिष्ट व्यक्तिहरूलाई माननीय र सम्माननीय शब्दले सम्बोधन गरेको धेरै पटक देख्दै सुन्दै आएको हो। पूर्वमन्त्री वा पूर्वसांसदहरु पनि यस्तै शब्दले आफूलाई सम्बोधन गरियोस् भन्ने चाहन्छन्, त्यस्तो शब्दले सम्बोधन गरियो भने खुब गजक्क पर्छन्।

तर अब सम्माननीयको सूचीमा केवल राजनीतिक पृष्ठभूमिका व्यक्तिहरु मात्रै रहेनछन् भन्ने कुरा सोमबार धरहराले देख्न पायो। काठमाडौंको न्युरोडस्थित एक मोबाइल पसलको सेवा शुभारम्भका क्रममा उद्घोषिकाले निकै जोड दिंदै भनिन्- 'सम्माननीय व्यवसायीहरूलाई आसन ग्रहण गर्न आग्रह गर्छु।'

निकै चिरिच्याँट्ट परेकी, लेखपढ राम्रै भएकी जस्तै देखिने उद्घोषिका झुक्किइन् कि भनेर धेरैले त्यस्तो शब्दबारे चासो लिए तर उनले फेरि उस्तै शब्द दोहोऱ्याइन्। व्यवसायी पनि के कम गजक्क परे, अनि गरे आसन ग्रहण। त्यसैले पाठकवृन्द, अब कहींकतै व्यवसायी आमने सामने परे भने उनीहरूलाई सम्बोधन गर्ने शब्दचाहिं झुक्किनुभएन है! शब्द दुरुपयोग भयो भनेर नेता र मन्त्रीहरूले चाहिं दुखेसो पो पोख्ने हुन् कि?

ARISTON
Made in Italy
Breathing new life into the conventional water heater.



HOME FURNISHERS PVT. LTD.
होम फर्निशर्स प्रा. लि.
Tripureshwor, (Way to Thapathali)
Kathmandu, Nepal.
Ph.: 977-1-4254601, 977-1-4262240
E-mail: bath@wlink.com.np




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ